
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क ३ | २०७५, जेठ १-१५ | पूर्णाङ्क ६२१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १२ | इजलास नं. १० | ३ |
| इजलास नं. १ | ४ | इजलास नं. ११ | २ |
| इजलास नं. २ | ७ | इजलास नं. १२ | ४ |
| इजलास नं. ३ | ४ | इजलास नं. १३ | ४ |
| इजलास नं. ४ | ७ | इजलास नं. १४ | २ |
| इजलास नं. ५ | १ | इजलास नं. १५ | २ |
| इजलास नं. ६ | ४ | इजलास नं. १६ | ४ |
| इजलास नं. ७ | ३ | इजलास नं. १९ | १ |
| इजलास नं. ८ | ९ | पूर्ण इजलासमा पेस हुने | १ |
| इजलास नं. ९ | ५ | एकल इजलास | १ |
| जम्मा | ५६ | जम्मा | २४ |

**कूल जम्मा ५६ + २४ = ८०**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, जेठ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ८** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लिला भण्डारी | |
| २. | कर्तव्य ज्यान | उर्मिला कार्की (डाँगी) वि. नेपाल सरकार | |
| ३. | लागु औषध ब्राउन सुगर / बुप्रिनर्फिन | नेपाल सरकार वि. कुलबहादुर वि.क. | |
| ४. | मानव बेचबिखन तथा ओसारपसार | दिलमान प्रधान वि. नेपाल सरकार | |
| ५. | उत्प्रेषण | टेकनाथ अचार्यसमेत वि. नेपाल सरकारसमेत | |
| ६. | उत्प्रेषण / परमादेश | तारादेवी गिरी वि. पुनरावेदन अदालत तुल्सीपुर, दाङ्समेत | |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जंगवीर बुढा | |
| ८. | उत्प्रेषण / परमादेश | जयकृष्ण शर्मा वि. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | अमरनारायण माली वि. नेपाल सरकारसमेत | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मीनबहादुर वि.क. | |
| **इजलास नं. १** | | | **८ - १०** |
| ११. | सरकारी छाप दस्तखत किर्ते गरी ठगी गरेको | नेपाल सरकार वि. बलराम रिजालसमेत | |
| १२. | अवैध भारतीय नोटहरूको कारोबार गरेको | नेपाल सरकार वि. किसन सिंह धामी | |
| १३. | निषेधाज्ञा | पार्वती भण्डारी वि. वर्ल्ड मर्चेन्ट बैंकिङ्ग फाईनान्स लिमिटेड, पुतलीसडक | |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. साबित्रा माया बोहरा | |
| **इजलास नं. २** | | | **११ - १६** |
| १५. | लागु औषध (गाँजा) | देउनाथ महतो वि. नेपाल सरकार | |
| १६. | उत्प्रेषण / परमादेश | प्रतिभा श्रेष्ठ वि. डिलबहादुर धितालसमेत | |
| १७. | उत्प्रेषण | श्रीप्रसाद पण्डित वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | |
| १८. | कर्तव्य ज्यान र विस्फोटक पदार्थ | नेपाल सरकार वि. सुरेश राय यादव | |

| | | |
|---|---|---|
| १९. | चोरी (मोटरसाइकल) | नेपाल सरकार वि. विकासकुमार साहसमेत |
| २०. | करारको यथावत् परिपालना गरिपाउँ | प्रेमशोभा तुलाधर वि. महेश महर्जन |
| २१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. टेकबहादुर गुरूङसमेत |
| **इजलास नं. ३** | | **१६ - १८** |
| २२. | उत्प्रेषण | समिरकुमार अधिकारी वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत |
| २३. | अंश दिलाई पाऊँ | कमलप्रसाद पौडेलसमेत वि. शारदादेवी पौडेल |
| **इजलास नं. ४** | | **१८ - २३** |
| २४. | मानव बेचबिखन र ओसारपसार | अच्छेलाला गोसाई वि. नेपाल सरकार |
| २५. | झुठ्ठा विवरण पेस गरी विदेशीले नेपाली नागरिकता लिएको भन्ने | नवराज सेन वि. नेपाल सरकार |
| २६. | उत्प्रेषण / परमादेश | रोहितराज साह वि. त्रिभुवन विश्वविद्यालय, किर्तिपुर काठमाडौंसमेत |

| | | |
|---|---|---|
| २७. | उत्प्रेषण | बाबुसिंह सरदार वि. निजामती किताबखाना, हरिहरभवन ललितपुरसमेत |
| २८. | उत्प्रेषण | शशिकान्त अग्रवाल वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत |
| २९. | उत्प्रेषण | मानकुमारी सुनारसमेत वि. पुनरावेदन अदालत, महेन्द्रनगरसमेत |
| ३०. | उत्प्रेषण | जगन राउत वि. जगदेव राउत अहिरसमेत |
| **इजलास नं. ५** | | **२३** |
| ३१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. टेकबहादुर फगामी पुन |
| **इजलास नं. ६** | | **२३ - २७** |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामु राना |
| ३३. | जबरजस्ती चोरी | नेपाल सरकार वि. रामबाबु खनखवास |
| ३४. | कर्तव्य ज्यान | मिश्रीलाल राउत यादव वि. नेपाल सरकार |
| ३५. | कर्तव्य ज्यान | साइला गोलेसमेत वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **२७ - २८** |
| ३६. | कर्तव्य ज्यान | ज्ञानबहादुर पाइजा वि. नेपाल सरकार |
| ३७. | लिखत दर्ता बदर | पार्वती खरेलसमेत वि. मदन कार्की |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ८** | | | **२८ - ३५** |
| ३८. | उत्प्रेषण | मदनराज पाण्डे वि. मोतिप्रसाद घिमिरेसमेत | |
| ३९. | उत्प्रेषण | मञ्जुकुमारी कुर्मी वि. अख्तियार दुरूपयोग अनुसन्धान अयोगसमेत | |
| ४०. | उत्प्रेषण | विश्वास शर्मा वि. कृषि तथा वन विज्ञान विश्वविद्यालयसमेत | |
| ४१. | उत्प्रेषण | सर्जने कामी वि. शिक्षा मन्त्रालयसमेत | |
| ४२. | उत्प्रेषण | पूर्णलाल ताजपुरिया वि. शिक्षक सेवा आयोग सानोठिमीसमेत | |
| ४३. | उत्प्रेषण | बसन्त लम्साल वि. त्रिभुवन विश्वविद्यालय किर्तिपुरसमेत | |
| ४४. | अपहरण तथा शरीर बन्धक, कर्तव्य ज्यान र रहजनी चोरी | रूप नारायण ठाकुर वि. नेपाल सरकार | |
| ४५. | गैंडा मारी खाग बिक्री व्यवसाय गरेको | प्रेमलाल महतो वि. नेपाल सरकार | |
| **इजलास नं. ९** | | | **३५ - ३९** |
| ४६. | परमादेश | मायाराम कुर्मी वि. जिल्ला शिक्षा कार्यालय, बाँकेसमेत | |
| ४७. | कर्तव्य ज्यान | ज्याङ्ग भोटे वि. नेपाल सरकार | |
| ४८. | भ्रष्टाचार | शान्ता चन्द वि. नेपाल सरकार | |
| ४९. | उत्प्रेषण / परमादेश | डा. पुरूषोत्तमराज सेढाई वि. लोक सेवा आयोग के.का. अनामनगरसमेत | |
| ५०. | अंश | सुदामादेवी तेलिनसमेत वि. भालसैरदेवी साहसमेत | |
| **इजलास नं. १०** | | | **३९ - ४०** |
| ५१. | अदालतको अवहेलना | प्रभाकर अधिकारीसमेत वि. त्रि.वि. सेवा आयोगका अध्यक्ष प्रा.डा. इश्वरचन्द्र दत्त | |
| ५२. | लेनदेन | सत्यनारायण कुशवाहा वि. महेन्द्र मण्डल धानुक | |
| ५३. | अदालतको अवहेलना | डा. विजय सिंह सिजापतीसमेत वि. प्रा.डा. हिराबहादुर महर्जनसमेत | |
| **इजलास नं. ११** | | | **४० - ४२** |
| ५४. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. राजकुमार राई | |
| ५५. | कर्तव्य ज्यान | प्रभुलाल बुढामगर वि. नेपाल सरकार | |
| **इजलास नं. १२** | | | **४२ - ४४** |
| ५६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. स्वामिनाथ यादवसमेत | |
| ५७. | हक कायम जग्गा दर्ता नामसारी | बद्रीमान मास्के वि. रामकुमारी प्रधान | |

| | | |
|---|---|---|
| ५८. | जग्गा दर्ता गरी प्रमाण पुर्जा पाऊँ | कान्छी तामाङ्नी वि. वीरबहादुर तामाङ |
| ५९. | खोटा चलन | ज्योतिप्रसाद पुन वि. नेपाल सरकार |
| **इजलास नं. १३** | | **४४ - ४७** |
| ६०. | कर्तव्य ज्यान तथा रहजनी चोरी | रामप्रसाद बन्जाडे वि. नेपाल सरकार |
| ६१. | डाँका | नेपाल सरकार वि. डिककुमार बोहरा |
| ६२. | अपहरण तथा शरीर बन्धक उद्योग | दानु गिरी वि. नेपाल सरकार |
| ६३. | जबरजस्ती करणी र कर्तव्य ज्यान | नेपाल सरकार वि. विजय कार्कीसमेत |
| **इजलास नं. १४** | | **४७ - ४८** |
| ६४. | परमादेश | किरण किशोर घिमिरेसमेत वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत |
| ६५. | उत्प्रेषण / परमादेश | बाबुराम सिग्द्याल वि. लोक सेवा आयोग के.का. अनामनगरसमेत |
| **इजलास नं. १५** | | **४८ - ५०** |
| ६६. | कर्तव्य ज्यान | विमलराज थापा मगर वि. नेपाल सरकार |
| ६७. | कर्तव्य ज्यान | मनिष महरा वि. नेपाल सरकार |
| **इजलास नं. १६** | | **५० - ५२** |
| ६८. | उत्प्रेषण / परमादेश | डोमी चौधरी वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत |
| ६९. | कर्तव्य ज्यान | राजेन्द्रबहादुर शाह वि. नेपाल सरकार |
| **इजलास नं. १९** | | **५२ - ५४** |
| ७०. | उत्प्रेषण | मुनेश्वर यादव वि. भुवनेश्वर यादवसमेत |
| **पूर्ण इजलासमा पेस हुने** | | **५४ - ६०** |
| ७१. | भ्रष्टाचार गरेको | नेपाल सरकार वि. हरिभक्त श्रेष्ठसमेत |
| **एकल इजलास** | | **६०** |
| ७२. | उत्प्रेषण / परमादेश | श्यामवती यादवसमेत वि. राधादेवी यादवसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-०१५७, ०७२-CR-१३९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लिला भण्डारी, लिला भण्डारी वि. नेपाल सरकार*

किटानी जाहेरी दरखास्त, घटनास्थल तथा लास प्रकृति मुचुल्का, Autopsy Report, बरामदी मुचुल्का र प्रतिवादीको अदालतमा भएको साबिती बयानसमेतका प्रमाणबाट प्रतिवादीको कर्तव्यबाट नै मृतकको मृत्यु भएको तथ्य पुष्टि भइरहेको परिस्थितिजन्य प्रमाणलाई प्रतिवादीले अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा मृतकले घाँटीमा लगाएको माला प्रतिवादीले समातेको र तत्काल प्रतिरक्षा गर्ने प्रयास गर्दाको कारणबाट मृत्यु हुन गएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तर्कसङ्गत देखिन आएन । प्रतिवादी र मृतकबीच पहिलेदेखि नै वादविवाद भइरहने गरेको कुरा स्वयम् प्रतिवादीको साबिती बयान एवम् जाहेरवालीको मौकाको कागज एवम् बकपत्रबाट समेत पुष्टि भइरहेको, वारदात समय र स्थलमा यी प्रतिवादी र मृतकबीच झैझगडासमेत हुनुले वारदातको तथ्य थप पुष्टि हुन आएको र शव परीक्षण गर्ने चिकित्सकको शव परीक्षण प्रतिवेदन र बकपत्रसमेतबाट मृतकको मृत्यु बलपूर्वक श्वास थुनिँदा भएको भनी प्रमाणित भएकोले प्रतिवादीको कर्तव्यबाट नै मृतकको मृत्यु भएको भन्ने देखिन आउने ।

मृतक श्रीमान् र यी प्रतिवादी श्रीमतीबीच भनाभन र हात हालहालको स्थितिमा मृतक पतिको नाम्लोको डोरीले घाँटीमा थिचिन पुगी मृत्यु भएको देखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सजाय गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादीमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी नभएको, मारौं भन्ने मनसाय नदेखिएको, मार्ने कुनै योजना, तयारीसमेत नभएको र वारदात घट्दाको अवस्थासमेतलाई विचार गर्दा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भई निज प्रतिवादीलाई १०(दश) वर्ष कैद गर्दा उचित हुने देखिई सुरू प्युठान जिल्ला अदालतबाट १० (दश) वर्ष कैदको सजाय हुन अ.बं. १८८ नं. बमोजिम लगाएको रायलाई पुनरावेदन अदालत, तुलसीपुरले पनि सदर गरेको रायलाई अन्यथा गरिरहन नपर्ने ।

अतः माथि विवेचित तथ्य र प्रमाणका आधारमा पुनरावेदक प्रतिवादी लिला भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने रायसहितको प्युठान जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, तुलसीपुर दाङबाट मिति २०७१।७।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-११२०, कर्तव्य ज्यान, *उर्मिला कार्की (डाँगी) वि. नेपाल सरकार*

मानसिक रोगको प्रकृति के कस्तो हो र सोको गाम्भीर्यतासमेतको विषयमा मेडिकल बोर्डबाट राय माग गरिएकोमा "निज उर्मिला कार्की डाँगी बिगत ५ महिना यता Dissociative Disorder (सामान्य भाषामा Hysteria भनेर बुझिने एक प्रकारको समस्या) भन्ने रोगबाट ग्रसित भएको देखिएको र बिगत ५ वर्षअघि पनि यसै प्रकारको रोग लागी अन्यत्र उपचार गरेको देखिएको बेहोरा जानकारी गराउँछौँ। यस्तो अवस्थामा कडा मानसिक रोग (साइकोसिस वा बहुलाएको

अवस्था) अनुसार नभएको देखिएकोले वारदात हुँदाको बखत निज बिरामीले आफूले गरेको कामको प्रकृति थाहा नपाउने गरी बहुलाएको वा मगज बिग्रिएको हो होइन यकिन साथ भन्न नसकिने बेहोरासमेत जानकारी गराउँछौं" भन्नेसमेत बेहोराको मानसिक अस्पताल लगनखेलका विशेषज्ञहरूको बोर्डको रायप्रतिवेदन मिति २०७१।६।८ को पत्रसाथ प्राप्त भएको र निज प्रतिवादी ५ वर्षअघि पनि वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा मानसिक रोगको उपचार गराएको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिने।

प्रतिवादी वारदात हुँदाका अवस्थामा मानसिक अवस्था पूर्णरूपले बेठिक भएको भए वारदातपछि आफ्नो कपडासमेत लिई घरबाट भागी माइतमा गई बस्न सक्ने अवस्था नहुने हुने थियो । आफूलाई सासू हजुरआमाले गालीगलौज गरेको कारण सुतेको ठाउँबाट उठाई कौसीबाट धकेली दिएको भन्ने प्रतिवादीको बयान बेहोरा भएबाट भनाइ र गराइमा एकरूपता नदेखिए तापनि प्रतिवादीको स्वास्थ्य जाँच प्रतिवेदनबाट यी प्रतिवादी Dissociative Disorder बाट ग्रसित भएको भन्ने विशेषज्ञ बोर्डको प्रतिवेदन मिसिल संलग्न रहेको र आफूले गरेको कामको प्रकृति र परिणाम पटक्कै थाहा जानकारी हुनसक्ने हो वा होइन ? भन्ने यकिन भन्न नसकिने उल्लेख गरिएको अवस्थामा सुरू जिल्ला अदालतले यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुर कायम गरी ऐ. १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरी मृतकलाई पुनरावेदक प्रतिवादीले मार्नु पर्नेसम्मको पूर्वरिसइवी नभएको, मारौं भन्ने मनसाय नदेखिएको, मार्ने योजना तयारीसमेत नभएको, प्रतिवादी मानसिक रोगी हुन् भन्ने देखिएको, निजको आचरण र व्यवहार र वारदातको प्रकृति र अवस्थालाई मध्यनजर गर्दा सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादी उर्मिला कार्कीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ५ वर्ष कैद सजायको राय प्रस्ताव गरी संखुवासभा जिल्ला अदालतले मिति २०७१।१०।२१ मा गरको इन्साफलाई पुनरावेदन अदालत, धनकुटाले पनि सदर गरेको रायलाई यस अदालतबाट अन्यथा गरिरहन नपर्ने।

अतः माथि विवेचित तथ्य र प्रमाणका आधारमा पुनरावेदक प्रतिवादी उर्मिला कार्की (डाँगी) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी अ.बं. १८८ नं. अनुसार ५ वर्ष कैद सजाय गर्ने गरी संखुवासभा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७२।४।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-११८४, लागु औषध ब्राउन सुगर / बुप्रिनर्फिन, *नेपाल सरकार वि. कुलबहादुर वि.क.*

प्रतिवादी कुलबहादुर वि.क. सुरूमा पक्राउमा नपरी मिति २०६८।९।२२ मा अदालतबाट जारी भएको वारेण्ट म्यादमा हाजिर भई गरेको बयान बेहोरा हेर्दा मैले ६/७ वर्षअघि लागु औषध ब्राउन सुगर टि.डि. जेसिकसमेतका लागु औषध सेवन गर्दथें। त्यसपछि २०६२ सालबाट मलाई एड्स रोगले समातेको हुँदा त्यस रोगको पोखरा मालेपाटनको नौलो घुम्तीमा बसेर उपचार गराएको छु। हाल लागु औषधको सेवन बिक्री वितरण केही गर्दिन। मैले राजेश ठाकुरसमेतलाई चिन्दिन । मैले निजसँग लागु औषध मगाएको पनि होइन। किन मेरो नाम लिए थाहा छैन। मैले अभियोग

दाबीबाट सफाई पाउनु पर्दछ भनी बयान गरेको देखिन्छ । प्रतिवादी कुलबहादुरलाई अनुसन्धानका क्रममा प्रकाउ गरी तत्कालै ती तथ्यको खोजी गरिएको अवस्था पनि देखिँदैन । प्रतिवादीमध्येकी फात्मा खातुनको बयान बेहोराबाट पनि कुलबहादुर वि.क. लागु औषधको कारोबारमा संलग्न भएको भन्ने नदेखिने।

प्रतिवादी राजेश ठाकुरको बयानमा लागु औषध ल्याइदिनु भनेकोबाहेक अरू कुनै प्रमाणबाट यी कुलबहादुर वि.क. पनि उक्त लागु औषधको खरिद बिक्री ओसारपसार कार्यमा संलग्न रहेको भन्ने देखिँदैन । अदालतको म्यादमा हाजिर भई बयान गर्दा प्रतिवादी कुलबहादुरले आफू सेवनकर्ता मात्र हुँ भनी स्वीकार गरेका छन्। लागु पदार्थको दुर्व्यसनीका कारण एड्स रोग लागी हाल उपचारमा रहेको छु भनी गरेको बयान बेहोरालाई अन्यथा भन्नुपर्ने अवस्था पनि देखिँदैन। निज कुलबहादुर वि.क.ले सेवनकर्ता हुँ भनी स्वीकार गरेको भनाईलाई नै आधार विश्वास मानी लागु औषध सेवनको कसुरतर्फ मात्र सजाय भएको अवस्था छ। निजको हकमा लागु औषधको कारोबारमा संगठित तवरबाट संलग्न भएको भन्ने तथ्यलाई वस्तुनिष्ठ ढंगले अनुसन्धान कार्य गरी तथ्य पुष्टि गर्न सक्नुपर्नेमा सो गर्नसकेको समेत नदेखिने।

अतः माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीद्वय राजेश ठाकुर र महुन खातुनलाई लागु औषध नियन्त्रण ऐन,२०३३ को दफा १४छ(२) बमोजिम जनही १० वर्ष कैद र एक लाख जरिवाना गरेको फैसला र अर्का प्रतिवादी कुलबहादुर वि.क.सँग कुनै लागु औषध बरामद नभएको, निज प्रतिवादीको अनुसन्धानको पोलबाहेक अन्य प्रमाणबाट लागु औषध कारोबारमा संलग्न रहेको, कसुर गरेको पुष्टि हुन नसकी अदालतमा लागु औषध सेवनकर्ता हुँ भनी स्वीकार गरेको अवस्थामा सेवनको कसुर ठहर गरी ऐ.ऐनको दफा १४(१)(ङ) बमोजिम सजाय गरेको सुरू कास्की जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०७०।५।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असार ७ गते रोज १ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०२९०, मानव बेचबिखन तथा ओसारपसार, *दिलमान प्रधान वि. नेपाल सरकार*

प्रतिवादी दिलमान प्रधान अदालतसमक्षको बयानमा आरोपित कसुरमा ईन्कार रही बयान गरेको देखिए पनि भान्जी कामको खोजीमा हिँडेको र मलाई सहयोग गर्नुहोस् भनेकोले मैले हुन्छ भनी कहाँ जाने भन्दा इलाम जाने भनी हामी बिव्ल्याँटे आई सो रात त्यहीँ बसी भोलिपल्ट मिति २०६६।३।१६ गते निजको साथ लागी माइमझुवा हुँदै भारतको रिम्बीक भन्ने ठाउँमा पुगी त्यहाँबाट सिक्किमको बोजेक पुगी आर.टि.ओ. भन्ने कार्कीको घरमा बसेको कुरालाई पूर्णतया स्वीकारै गरेको देखिन आएकोले निजको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान र जाहेरी दरखास्तसमेत समर्थित भएको देखिन्छ। प्रतिवादीले बेच्ने नियतले लगी बेचेको होइन, काममा लगाई दिएको मात्रै हो भनी अदालतमा भएको बयानमा उल्लेख गरे तापनि सोको पुष्ट्याईको लागि वस्तुनिष्ठ प्रमाण गुजार्नसकेको नदेखिने।

प्रतिवादी दिलमान प्रधानले सपनालाई भारतको सिक्किम लगी भा.रू. ४०,०००।– मा बिक्री गरी भा.रू. २,०००।– बैना लिई नेपाल आएको समयमा पक्राउ परेको हो। निजबाट भा.रू. २,०००।– समेत बरामद भएको छ। निजलाई हदैसम्मको सजाय गरी उचित क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्नेसमेत बेहोराको नरकुमार श्रेष्ठ, युवराज श्रेष्ठ, प्रकाश श्रेष्ठसमेतको एकै मिलानको बकपत्र गरेको देखिन्छ

भने भान्जीलाई सिक्किममा भा.रू. ४०,०००।– मा बेची भा.रू. २,०००।– बैना लिई गएको बेला नेपालमा पक्राउ परेछ । निजलाई कानूनबमोजिम हदैसम्मको सजाय होस् भन्नेसमेत बेहोराको चम्फा प्रधानसमेतले गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ले प्रमाणमा लिन मिल्ने नै देखिन्छ । त्यसैगरी प्रतिवादी दिलमान प्रधानले आफूउपरको अभियोग खण्डित हुने किसिमबाट कुनै साक्षी प्रमाणसमेत पेस गर्नसकेको अवस्थासमेत नदेखिँदा निज प्रतिवादी दिलमान प्रधानले आरोपित कसुर गरेकै देखिन आउने ।

प्रतिवादी दिलमान प्रधानलाई लागेको जबरजस्ती करणीको अभियोगका सम्बन्धमा विचार गर्दा निज प्रतिवादीले मिति २०६६।३।१५ गते फोन गरी मेरो सर्टिफिकेट र नानीको कपडा लिनको लागि भनी माईखोलास्थित राजदुवालीमा बोलाई पीडित त्यहाँ पुग्नासाथ पीडितको मोबाइल खोसी सुफोक्स नाम विषादी देखाई म जहाँ जान्छु तँ त्यहीँ जानुपर्छ नत्र तँलाई यही विषादी ख्वाएर मारिदिन्छु भनी डर देखाई जबरजस्ती सिन्दुरपोते लगाई दिई कसैले सोधेमा हामी श्रीमान् श्रीमती भन्नु नभने चुप्पीले घोची मारी दिन्छु भनी सो दिन बिर्ल्याटे बजारमा राखी भोलिपल्ट ऐ. १६ गते पशुपतिनगर लगी २ दिन त्यही राखी भारतको मिरिकको दुधे भन्ने ठाउँमा लगी १ दिन त्यहीँ राखी ऐ. १९ गते रिमिक भन्ने ठाउँमा २ दिन राखेको र डर धम्की देखाई यौन शोषणसमेत गरी देवी उठाएर लगाई दिन्छु भनी धम्की दिनेजस्ता कार्य गरेको चरम यातना दिने तथा योनिमा समेत चुरोटले पोलिदिने गरेको तथा दाजु र नेपाल प्रहरीसमेतको सहयोगमा घर आउन सफल भन्ने पीडितको जाहेरी बेहोरा देखिन्छ भने निज पीडितको अदालतसमक्ष भएको पीडितको प्रमाणित बयान बेहोराबाट समेत उक्त कुरा समर्थित भएको देखिइरहेको अवस्थामा प्रतिवादीको अदालतसमक्ष भएको इन्कारी बयान मात्रै निजले सफाई पाउने आधार बन्न सक्दैन । पीडितलाई साथमै लगेको कुरालाई अन्यथा भन्न सकेका छैनन् । आफ्नो साथमा विभिन्न डर धाकधम्की दिई बिक्री गर्ने नै उद्देश्य राखी विवाहको नाटक रची बिक्रीसमेत गर्ने उद्देश्य राखेर डर धाक र धम्की दिई करणी गरेको रहेनछ भनी मान्न सकिने पर्याप्त आधार नदेखिने ।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट यी प्रतिवादी दिलमान प्रधानलाई अभियोग दाबीअनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३, मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. तथा हाडनाता करणीको महलको २(२) बमोजिमको कसुर गरेको ठहर्‍याई १५(१)(क) बमोजिम २० वर्ष कैद र २ लाख जरिवाना र सो जरिवानाको सोही ऐनको दफा १५(४) बमोजिम थप १० प्रतिशत सजाय हुने र प्रतिवादीबाट पीडितलाई सोही ऐनको दफा १७ बमोजिम रू. १,२०,०००।– क्षतिपूर्तिसमेत भराइ दिने ठहर्‍याई मुलुकी ऐन, दण्ड सजायको ४१ नं. समेतको कानूनी व्यवस्थाअनुसार हाडनातामा जबरजस्ती करणी गरेतर्फको सजाय सोही सजायमा गाभिने हुँदा सो सम्बन्धमा केही बोलिरहन नपर्ने ठहर्‍याएको सुरू इलाम जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६७।१२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७३ वैशाख २८ गते रोज ३ शुभम् ।

५

**स.का.मु प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०४४३, उत्प्रेषण, *टेकनाथ आचार्यसमेत वि. नेपाल सरकारसमेत*

नियुक्ति दिँदा पदावधि किटान गरी दिइएको अवस्थामा "नेपाल सरकारले चाहेमा कुनै

सञ्चालकलाई निजको कार्यावधि समाप्त नहुँदै पनि हटाउन सक्नेछ" भनी भएको व्यवस्थाले त्यसरी हटाउँदा हटाउनु पर्ने आरोप लगाई सफाई पेस गर्ने मौका दिनु नपर्ने भनी अर्थ गर्न मिल्दैन । तर नेपाल सरकारले चाहेमा सञ्चालकलाई निजको कार्यावधि समाप्त नहुँदै पनि हटाउन सक्नेछ भनी कानूनमा भएको व्यवस्थालाई सुनुवाइको मौका दिनु नपर्ने भनी गलत व्याख्या गरी प्रयोग गर्न नमिल्ने । मन्त्रीले गर्ने निर्णय कानून अनुकूल तर्कसङ्गत, जायज, मनासिब र कारणले समर्थित हुनुपर्छ । कुनै कारणले समर्थित नै नभएको, कुनै कारण नखुलाई आफ्नो भनाइ राख्ने मौकासमेत नदिई तोकिएको जिम्मेवारीबाट कसैलाई बेदखल गर्ने कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने ।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् सिद्धान्तसमेतको आधारमा प्रतिवादीहरूमध्ये टेकनाथ आचार्यलाई मिति २०६९।१०।१० को निर्णयले ४ वर्षका लागि नियुक्त गरिएको देखिई निजको हकमा मिति २०७३।१०।१० सम्म पदावधि बाँकी रहेको देखिँदा सुनुवाइको मौकासमेत नदिई निजलाई सञ्चालक पदबाट हटाउने गरी मिति २०७१।८।१९ मा भएको माननीय मन्त्रीस्तरीय निर्णय र सोका आधारमा भएका काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी दिइएको छ । निजलाई निर्वाध रूपमा ऐनले तोकेको पदावधिसम्म कामकाज गर्न दिनु दिलाउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ असार १६ गते रोज ५ शुभम् ।

- एकै प्रकृतिको ०७२-WO-०३२३, उत्प्रेषण / परमादेश, *टेकनाथ आचार्यसमेत वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-००६२, उत्प्रेषण / परमादेश, *तारादेवी गिरी वि. पुनरावेदन अदालत, तुल्सीपुर, दाङसमेत*

निवेदक तारादेवी र प्रत्यर्थीमध्येका जंगप्रसादबीच चलेको अंश दपोट मुद्दामा मिति २०३९।६।१८ मा अंश मिलापत्र हुँदा निवेदकका पति जयबहादुर गिरीले कित्ता नं. १५६६, ११४६, ११४७, ९२५ र ९२६ का जग्गा दपोट गरेको ठहर गरी सो जग्गाहरूमा मानबहादुर गिरी, तुल्सी गिरी र जंगप्रसाद गिरी जम्मा ३ अंशियार मात्र कायम गरी सो दपोटको जग्गामध्ये ३ भागको १ भाग विपक्षी जंगप्रसाद गिरीको हक कायम हुने ठहर गरी मिति २०५०।१।८ मा सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको देखिन्छ । सो फैसलाबमोजिम दपोटको जग्गाको ३ भागको १ भागमा मात्र विपक्षी जंगप्रसाद गिरीको हक कायम हुने र बाँकी २ भाग जग्गामा मानबहादुर गिरी र तुल्सी गिरीको हक कायम भएको देखियो । मिति २०४७।१।२५ मा निवेदक तारादेवी गिरी र निजका सासू ससुरा तुल्सी गिरी एवम् मानबहादुर गिरीले आफ्नो आफ्नो अंश मिलाई सगोली पत्रसमेत पारित गरी एकासगोलमा बसी आएको भन्ने देखिएको र सो कुरालाई विपक्षी जंगप्रसाद गिरीले अन्यथा भन्नसमेत सकेको नदेखिने ।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणसमेतबाट विवादित दपोटको जग्गामध्ये ३ भागको १ भागमा मात्र विपक्षी जंगप्रसाद गिरीको हक कायम हुने गरी सर्वोच्च अदालतबाट मिति २०५०।१।८ मा भएको फैसलाको विवेचना गरी निर्णय गर्नुपर्नेमा सो नगरी दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।१२।३ को आदेश बदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६९।२।२५ मा

भएको आदेश मिलेको नदेखिँदा सो आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने।

यस अदालतको मिति २०५०।१।८ को अन्तिम फैसलाअनुसार विवादित कि.नं. १५६६, ११४६, ११४७, ९२५ र ९२६ को दपोटको जग्गाबाट विपक्षी जंगप्रसाद गिरीले ३ भागको १ भाग पाउने देखिएको हुँदा अब उक्त दपोटको जग्गाबाट ३ भागको १ भाग विपक्षी जंगप्रसाद गिरीको नाममा हक कायम हुने र बाँकी २ भाग निवेदक तारादेवीका नाममा हक कायम हुने गरी निर्णय गर्नु भनी दाङ देउखुरी जिल्ला अदालतको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ असार १७ गते रोज ६ शुभम्।

- एकै प्रकृतिको ०६९-WO-००६३, उत्प्रेषण / परमादेश, *तारादेवी गिरी वि. पुनरावेदन अदालत, तुल्सीपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०१८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जंगवीर बुढा*

घटनाक्रमको क्रमबद्धतालाई जोडी हेर्दा प्रतिवादीमध्येका जंगबीर बुढा र निजकी आमाबीच २०६८।१२।१७ गते बिहान ७ बजेतिर मृतक आमा झुमा बुढाले गहना बहिनीलाई दिन्छिन् कि भन्ने आशङ्कामा घरायसी झगडा भई घरबाट निस्की हिँडेको कुरामा विवाद देखिँदैन । घरबाट झगडा भई घर छोडी हिँडेकी आमालाई खोजी गर्ने कार्यमा यी प्रतिवादीको कुनै तदारूकता देखिँदैन । प्रतिवादी कर्णबहादुर कार्कीलाई ८ हजार रूपैयाँ दिने सर्तमा लास दबाउन छिपाउन प्रयास गरेको देखिनुको साथै आमाले लगाएका तिलहरीलगायतका गहना यी प्रतिवादीले आफ्नो साथमा राखेको देखिन्छ । घरमा झगडा हुनुको मुख्य कारण बहिनीलाई आमाले गहना दिने हुन् कि भन्ने आशङ्कामा झगडा भएकोसमेतका घटनाक्रमहरूबाट यी प्रतिवादी जंगवीर बुढाले आफ्नी आमा झुमा बुढालाई कर्तव्य गरी मारी लास दबाउने छिपाउने कार्य गरेको पुष्टि हुन आउने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरू समेतबाट यी प्रतिवादी जंगबीर बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (३) को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको सुर्खेत जिल्ला अदालतको मिति २०७०।१०।७ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७२।४।२० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असार ७ गते रोज ३ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०६३३, उत्प्रेषण / परमादेश, *जयकृष्ण शर्मा वि. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत*

नियुक्ति दिँदाको समयमा प्रष्टरूपमा पदावधि किटान गरी नियुक्ति दिएको व्यक्तिलाई सो पदावधि व्यतित नहुँदै सो पदबाट हटाउनु पर्नेसम्मको कारण खुलाई सफाई पेस गर्ने मौकासम्म नदिई रिट निवेदकलाई समितिको निर्देशक पदबाट हटाइएको भन्ने देखिन आयो । नियुक्ति दिँदा पदावधि किटान गरी दिइएको अवस्थामा "नेपाल सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ" भनी भएको व्यवस्थाले त्यसरी हटाउँदा हटाउनु पर्ने आरोप लगाई सफाई पेस गर्ने मौका दिनु नपर्ने भनी गलत व्याख्या गरी प्रयोग गर्न नमिल्ने । मन्त्रीले गर्ने निर्णय कानूनअनुकूल तर्कसङ्गत, जायज, मनासिब र कारणले समर्थित हुनुपर्छ । कुनै आधार कारणले समर्थित नै नभएको,

कुनै कारण नखुलाई आफ्नो भनाइ राख्ने मौकासमेत नदिई तोकिएको जिम्मेवारीबाट कसैलाई बेदखल गर्ने कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन गई प्राकृतिक न्यायको सिद्धान्तविपरीतको कार्यले मान्यता पाउने देखिन नआउने।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् सिद्धान्तसमेतको आधारमा निवेदक जयकृष्ण शर्मालाई मिति २०६९।११।२८ को निर्णयले ४ वर्षको समयावधि किटान गरी देवघाट क्षेत्र विकास समितिको कार्यकारी निर्देशकमा नियुक्ति गरिएकोमा सो समयावधिअगावै सुनुवाइको मौकासमेत नदिई उक्त पदबाट हटाउने गरी भएको मिति २०७१।१०।६ को नेपाल सरकार (मा. मन्त्रीस्तर) को निर्णय कानूनसम्मत नदेखिँदा सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निजलाई देवघाट क्षेत्र विकास समितिको कार्यकारी निर्देशकमा ऐनले तोकेको पदावधिसम्म निर्वाध रूपमा कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ असार १६ गते रोज ५ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०५८५, उत्प्रेषण / परमादेश, *अमरनारायण माली वि. नेपाल सरकारसमेत*

निवेदक अमरनारायण मालीलाई नियुक्ति दिँदा नेपाल सरकारले जुनसुकैबखत हटाउन सक्ने भन्ने सर्त नराखी ४ वर्षको पदावधि किटान गरी नियुक्ति पत्र दिइएको भन्ने देखिँदा सो समयावधि नसकिँदै बीचैमा निजलाई सो पदबाट हटाउने गरी माननीय मन्त्री स्तरबाट मिति २०७१।८।१९ मा निर्णय भएको भन्नेमा विवाद देखिएन । नियुक्ति दिने अधिकारभित्र हटाउने अधिकार पनि निहित रहेको हुन्छ भन्ने अर्थ गरी प्रष्टरूपमा पदावधि किटान गरी नियुक्ति दिएको व्यक्तिलाई सो पदावधि व्यतित नहुँदै सो पदबाट हटाउनुपर्नेसम्मको कारण खुलाई सफाई पेस गर्ने मौकासम्म नदिई रिट निवेदकलाई सञ्चालक समितिको सदस्यबाट हटाइएको भन्ने देखिन आयो । नियुक्ति दिँदा पदावधि किटान गरी दिइएको अवस्थामा “नेपाल सरकारले चाहेमा कुनै सञ्चालकलाई निजको कार्यावधि समाप्त नहुँदै पनि हटाउन सक्नेछ” भनी व्यवस्था भएको र सो दफामा सुनुवाइको मौका दिनु नपर्ने भनी प्रष्ट उल्लेख नभएको हुँदा त्यसरी हटाउँदा हटाउनु पर्नाको कारण खुलाई आरोप लगाई सफाई पेस गर्ने मौका दिनु नपर्ने भनी गलत व्याख्या गरी प्रयोग गर्न मिल्दैन । मन्त्रीले गर्ने निर्णय कानूनअनुकूल तर्कसङ्गत, मनासिब र आधार कारणले समर्थित हुनपर्छ । कुनै आधार कारणले समर्थित नै नभएको, कुनै कारण नखुलाई आफ्नो भनाइ राख्ने मौकासमेत नदिई तोकिएको जिम्मेवारीबाट कसैलाई बेदखल गर्ने कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने।

यद्यपि निवेदक अमरनारायण मालीलाई मिति २०६८।४।९ को नेपाल सरकार मा. मन्त्रीस्तरीय निर्णयबाट ४ वर्षका लागि नेपाल वायु सेवा निगमको सञ्चालक समितिको सदस्यमा नियुक्ति गरिएकोमा नियुक्तिको मितिबाट निजको पदावधि २०७२।४।८ सम्म मात्र कायम रहनसक्ने देखिँदा समयावधि नै समाप्त भइसकेको अवस्थामा रिट जारी हुनुको औचित्य स्वतः समाप्त भएको।

अतः माथि विवेचित तथ्य एवम् कारणबाट निवेदक अमरनारायण मालीको पदावधि नै समाप्त भइसकेको अवस्था देखिँदा रिट जारी गरिरहन परेन। प्रस्तुत रिट खारेज हुने ठहर्छ। रिट खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७१।८।१८ र २०७१।११।३ मा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल असार १६ गते रोज ५ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०१६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मीनबहादुर वि.क.*

प्रतिवादीउपर परेको किटानी जाहेरी र प्रतिवादी मीनबहादुर वि.क.ले मेरो बुबालाई दाउराले कुटी हत्या गरेको भनी निजउपर किटानी जाहेरी दिएको हो भन्ने जाहेरवालाको बकपत्र, मृतकले मेरो कोठामा आई यो कोठा मेरो हो भनी मलाई धकेल्दै कोठाबाहिर पुऱ्याएको हुँदा रिस थाम्न नसकी दाउराको चिर्पटले टाउको समेतमा जथाभावी हान्दा सोही चोटको कारण निजको मृत्यु भएको हुनुपर्छ भन्ने प्रतिवादीको अधिकारप्राप्त अधिकारीमा तथा आफ्नो ज्यान जोगाउनका लागि दाउराको चिर्पटले निजको टाउकामा दुई पटक हानेकोमा सोही चोटबाट निजको मृत्यु भएको हुनुपर्छ भनी अदालतमा गरेको बयान, मृत्युको कारण Sever Head Injury भन्ने शव परीक्षण प्रतिवेदन, मृतकको शरीरका विभिन्न भागमा विभिन्न साइजका घाखतहरू रहेको भन्ने शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट प्रतिवादीले चिर्पट दाउराले धनबहादुर वि.क. को टाउकोलगायत शरीरको अन्य संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको र सोही चोटको कारण निजको मृत्यु भएको तथ्य पुष्टि हुन आएको देखिँदा धनबहादुरले मेरो कोठामा पसी मेरो अनुहारमा मुक्का हानि घाँटी थिची कोठाबाट बाहिर निस्कन नदिएको हुँदा आफ्नो ज्यान बचाउनका लागि निजलाई चिर्पट दाउराले टाउकामा २ पटक हानेको हुँ भनी प्रतिवादीले लिएको जिकिरसँग सहमत हुन नसकिने।

एउटा सामान्य समझ भएको व्यक्तिले टाउकोजस्तो संवेदनशील अङ्गमा चिर्पट दाउराले पटकपटक प्रहार गर्दा मानिसको मृत्यु हुन्छ भन्ने बुझ्नसक्ने नै हुन्छ। प्रतिवादीले मृतकको टाउकोलगायत शरीरका विभिन्न संवेदनशील अङ्गमा चिर्पट दाउराले हिर्काइ हत्या गरेको देखिन्छ। मृतकलाई प्रहार गर्दा प्रयोग भएको दाउरासमेत बरामद भएको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको फैसलालाई अन्यथा गरिरहन नपर्ने।

अतः माथि विवेचित तथ्य तथा आधार प्रमाणबाट प्रतिवादी मीनबहादुर वि.क. लाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी कास्की जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।१०।१४ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ जेठ ५ गते रोज ४ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-१२१८, सरकारी छाप दस्तखत किर्ते गरी ठगी गरेको, *नेपाल सरकार वि. बलराम रिजालसमेत*

जाहेरवालालगायत अनुसन्धानको क्रममा कागज गर्ने कुनै पनि व्यक्तिले यी प्रतिवादी कृष्णप्रसाद सुवेदीको कसुरमा मिलेमतो रहेको थियो भनी किटानीसाथ पोल गर्नसकेको अवस्थासमेत मिसिलबाट देखिँदैन । प्रतिवादीहरूले अदालतमा गरेको बयान, जाहेरवालाको बकपत्रसमेतबाट दर्ता स्रेस्ता, मोठ खुल्ला दराजमा असुरक्षितसाथ राखेको अवस्थामा रहेको भन्ने कुरा पुष्टि भएको देखिन्छ। यसरी प्रतिवादी कृष्णप्रसाद सुवेदीले ठगी गर्ने मानिससँग मिली कुनै रकम लिनुखानु गरी ठगी गरेको

र ठगी गर्नको लागि मोठ स्रेस्ताको फोटो उक्काई अर्कै व्यक्तिको फोटो निजले नै टाँसेको हो भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा प्रतिवादी कृष्णप्रसाद सुवेदीलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादीहरू बलराम रिजाल, उमाकान्त सापकोटा, गणेशप्रसाद नेपाल, ज्ञानबहादुर बम्जन, रामप्यारी बम्जन र ढुण्डिराज बम्जनले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा कसुर गरेकोमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । निजहरूको इन्कारी बयान निजहरूका साक्षीहरूको बकपत्रसमेतबाट समर्थित भएको देखिन्छ । अनुसन्धानका क्रममा कागज गर्ने व्यक्तिहरू र जाहेरवालाले समेत कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहेको भनी लेखाइदिएको मिसिलबाट देखिँदैन । स्कूलका सञ्चालक रहेका ज्ञानबहादुर बम्जनसमेतका व्यक्तिहरूले गोर्खा विकास बैंकबाट लिएको रू. १ करोड रूपैयाँ तिरी बुझाई निजका नामको जग्गासमेत फुकुवा भइसकेको भनी जाहेरवालाले अदालतमा बकपत्र गरेको देखिँदा यी प्रतिवादीहरूको सरकारी छाप दस्तखत किर्ते गरी ठगी गर्ने कार्यमा संलग्नता रहेको थियो भनी मान्न मिल्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनसकेको नदेखिने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादीहरूमध्ये कृष्णप्रसाद सुवेदीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरूको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई पाउने र अन्य प्रतिवादीहरू बलराम रिजाल, उमाकान्त सापकोटा, गणेशप्रसाद नेपाल, ज्ञानबहादुर बम्जन, रामप्यारी बम्जन र ढुण्डिराज बम्जनले अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेली

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल कात्तिक २९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-००८४, अवैध भारतीय नोटहरूको कारोबार गरेको, *नेपाल सरकार वि. किसन सिंह धामी*

प्रतिवादीबाट बरामद भएको भनिएको अवैध भारतीय रूपैयाँ यी प्रतिवादी स्वयम्ले विदेशबाट ल्याएको नभई पूर्णबहादुर सावद भन्ने व्यक्तिबाट बरामद भएको भन्ने कुरा उल्लेख गरेको तथा यी प्रतिवादी स्वयम्ले विदेशी विनिमय कारोबार गरेको भन्ने तथ्य कहीँकतै उल्लेख नगरी सो कुराको पुष्टि हुने प्रमाणसमेत वादी पक्षबाट पेस हुनसकेको देखिँदैन । साथै निजले आफ्नो कर्तव्य पूरा नगरेबापत निजलाई जिल्ला प्रहरी विशेष अदालत, बाँकेबाट ४ महिना बराबरको तलब रकम जरिवानासमेत भइसकेको देखिँदा एउटै कसुरमा यी प्रतिवादीलाई पुनः सजाय गर्नु न्यायोचित हुन नसक्ने।

अतः उल्लिखित तथ्य कानूनी व्यवस्था एवम् विवेचनासमेतका आधारमा प्रतिवादी किसन सिंह धामीले अभियोग दाबीबाट सफाई पाउने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।०६।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल कात्तिक २९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०१६०, निषेधाज्ञा, *पार्वती भण्डारी वि. वर्ल्ड मर्चेन्ट बैंकिङ्ग फाईनान्स*

*लिमिटेड, पुतलीसडक*

बैंकबाट लिएको ऋणको साँवा तथा ब्याज मिति २०६३।३।१५ गतेबाट बुझाउन नसकेको भन्ने कुरा यी निवेदिकाले सुरू निवेदनमा र पुनरावेदनपत्रमा समेत उल्लेख गरेबाट बैंक र निजका बीचमा भएको ऋण सम्झौतामा उल्लिखित सर्तबमोजिमको दायित्व निजले पूरा नगरेपश्चात् ऋणीबाट ऋण असुल गर्न ऋण प्रवाह गर्ने बैंकले सुरक्षणबापत धितो राखेको ऋणिको जायजेथा कानूनबमोजिम लिलाम गरी ऋण असुल गर्न पाउने नै देखियो। यसरी बैंकले कानूनबमोजिम लगानी गरेको ऋण असुल गर्नका लागि ऋणिको जेथा लिलाम गर्ने काम कारवाहीबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ बमोजिम प्रदत्त हक अधिकारमा आघात पुग्न जाने आशङ्काको विद्यमानता रहेको नदेखिँदा निवेदन खारेज गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट निवेदिकाले बैंकसँग लिएको कर्जाको सर्तअनुसारको साँवा ब्याज बुझाएको नदेखिँदा बैंकले कर्जा असुली सम्बन्धमा कानूनबमोजिम अगाडि बढाएको कारवाही रोक्न नमिल्ने। देखिँदा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल मङ्सिर ३ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RC-०१६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. साबित्रा माया बोहरा*

प्रतिवादीले मृतकलाई धारिलो हतियार हँसियाले शरीरका विभिन्न भागमा प्रहार गरी मृतकलाई काटी मारेको कुरा पुष्टि भएको हुँदा प्रतिवादी साबित्रीमाया बोहरालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरेको सुरू ओखलढुंगा जिल्ला अदालतको फैसला साधक सदर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिन आउने।

सतीत्व रक्षा गर्नका लागि मृतकलाई आफ्नो साथमा रहेको हतियार हँसिया प्रहार गर्दा प्रस्तुत वारदात घट्न गई मृतकको मृत्यु हुन गएको भन्ने प्रतिवादीको अदालतमा भएको बयानबाट देखिन्छ। यी प्रतिवादी घाँस काट्न जंगलमा गएको अवस्थामा मृतकले निजलाई पछ्याउँदै गई निजको इच्छाविपरीत करणी गरेको कारणबाट तत्काल रिस उठी मृतकलाई आक्रमण गर्दा निजको मृत्यु भएको तथ्य मिसिल संलग्न प्रमाणबाट स्थापित भएको हुँदा घटित वारदातको परिस्थितिको मूल्याङ्कन गरी निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने।

अत: उल्लिखित तथ्य कानूनी व्यवस्था एवम् विवेचनासमेतका आधारमा प्रतिवादी साबित्रामाया बोहरालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू ओखलढुंगा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।५।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। तर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्न जाने देखिँदा यी प्रतिवादी साबित्रीमाया बोहरालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ६ वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल मङ्सिर ४ गते रोज ६ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CR-००५३, लागु औषध (गाँजा), *देउनाथ महतो वि. नेपाल सरकार*

अ.बं. १७२ नं. मा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा तहकिकात गर्दा त्यस ठाउँका स्थानीय निकायका प्रतिनिधि राख्नुपर्ने व्यवस्था गरिएको पाइन्छ । प्रस्तुत बरामदी मुचुल्कामा तीन जना व्यक्तिलाई साक्षीको रूपमा राखिएको छ तर त्यस ठाउँको स्थानीय निकायको प्रतिनिधिलाई रोहबरमा राखिएको छैन। तर प्रतिवादी देउनाथ महतोको घरबाट लागु औषध गाँजा ४ किलोग्राम बरामद भएको कुरा पुष्टि भइरहेको अवस्थामा स्थानीय निकायको प्रतिनिधि नराखेको आधारमा मात्र प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर अपराध नै गरेको होइन भन्ने निष्कर्षमा पुग्न न्यायोचित नहुने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) मा गाँजाको खेती गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री बितरण गर्न, निकासी वा पैठारी गर्न, ओसारपसार गर्न, सञ्चय गर्न वा सेवन गर्ने कार्यहरूलाई निषेधित कार्यको रूपमा उल्लेख गरिएको पाइन्छ भने दफा १४(१)(घ)४ मा २ किलोग्रामदेखि १० किलोग्रामसम्म गाँजा सञ्चय गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र दुई हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी देउनाथ महतोको घरबाट बोरामा सञ्चय गरी राखेको अवस्थामा ४ किलोग्राम गाजा बरामद गरिएको वारदात स्थापित हुन आएको हुँदा सजायको हकमा उल्लिखित दफा १४(१)(घ)४ को प्रावधान नै आकर्षित हुने देखिन्छ । सोहीअनुसार दफा ४(क) अनुसार कसुर कायम गरेको हदसम्म पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसलामा कानूनी त्रुटि रहेको देखिएन। सजायको हकमा बरामद गाँजाको अनुपातमा निर्क्योल गर्नुपर्नेमा ४ किलोग्राम गाँजा बरामद भएको देखिएको हुँदा सजायको हकमा प्रतिवादीलाई एक वर्ष कैद र रू. ५०००।– (पाँच हजार) रूपैयाँ जरिवाना गर्दा पनि सजायको मक्सद पूरा हुने देखिएकोले कम सजाय हुने।

अतः उल्लिखित आधार र कारणबाट प्रतिवादी देउनाथ महतोलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा (१५) अनुसार १,०००।– (एक हजार) रूपैयाँ जरिवाना हुने ठहऱ्याएको सुरू रौतहट जिल्ला अदालतको मिति २०६२।१२।२८ को फैसला केही उल्टी गरी ऐ. ऐनको दफा ४(क) को कसुरमा ऐ.ऐनको दफा १४(१)(घ) अनुसार २(दुई) वर्ष कैद सजाय र रू. ५०००।– (पाँच हजार) रूपैयाँ जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४।११।२७ को फैसला केही उल्टी भई सजायको हकमा ऐ.ऐनको दफा १४(१)घ) अनुसार १(एक) वर्ष कैद र रू. ५०००।- (पाँच हजार) जरिवाना हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ २३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-०४८९, उत्प्रेषण / परमादेश, *प्रतिभा श्रेष्ठ वि. डिलबहादुर धितालसमेत*

निवेदक वादीले प्रतिवादी डिलबहादुर धिताल क्षेत्रीलाई कपाली तमसुकको माध्यमबाट निजी प्राकृतिक व्यक्तिसँग लेनदेन गरेको देखिएको र बेटा इन्टरनेसनल म्यानपावर कम्पनी अर्थात् कानूनी व्यक्तिसँग उक्त लेनदेन भएको भन्ने देखिन आउँदैन । कम्पनी चालु अवस्थामा रहेको समेत देखिन आयो। बेटा इन्टरनेसनल म्यानपावर कम्पनी प्रतिवादी डिलबहादुर धितालको एकल स्वामित्वको

कम्पनी भएकोले उक्त बैङ्क ग्यारेन्टीसमेतबाट बिगो भरिभराउ हुनुपर्ने भन्ने जिकिर लिएको देखिए तापनि त्यस्तो एकल कम्पनी (Sole Company) भए तापनि कम्पनीको Separate personality हुने हुँदा प्राकृतिक व्यक्तिको हैसियतले गरेका लेनदेनको हकमा Separate personality को कम्पनीले दायित्व व्यहोर्नु पर्ने अवस्था देखिन नआएकोले काठमाडौं जिल्ला अदालतको मिति २०६८।१।१६ को आदेश बेरीतको ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२३ को आदेश गैरकानूनी देखिन आएन । तसर्थ निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७३ साल वैशाख २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०३५८, उत्प्रेषण, *श्रीप्रसाद पण्डित वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

मेडिकल कलेजको सम्बन्धन वा स्वीकृति दिन कुनै कानूनी प्रक्रिया नै पुऱ्याउनु नपर्ने, Norms and Standard नै नचाहिने गरी सूचना प्रकाशित नभएको, निवेदन दाबीको सूचना प्रकाशित गर्ने निर्णय कुन कानूनी विरूद्धको हो ? कुन कानूनी विरूद्ध वा मापदण्ड त्यसमा नसमेटिएको हो भन्ने आधारभूत कुरा नखुलाएबाट कारणसहित गैरकानूनी निर्णय बदरमा आएको मान्न सकिने अवस्थाको विद्यमानता नहुने हुँदा प्रकाशित सूचनाकै आधारमा मात्र गैरकानूनी मान्न नमिल्ने ।

कानूनले तोकेको पूर्वाधार र मापदण्ड पूरा गरेको अवस्थामा मेडिकल कलेजको सम्बन्धन वा स्वीकृति पाउनसक्ने नै हुँदा कानूनी आधार मापदण्ड तोकी सूचना प्रकाशित भएकोलाई कानूनको कार्यान्वयन स्वरूपको मान्नु पर्ने हुँदा स्वाभाविक कानूनी प्रक्रिया नै मान्नु पर्ने ।

नेपाल मेडिकल काउन्सिलले जारी गरेको निर्देशिकाको प्रस्तावनामा नेपालको चिकित्सा शिक्षालाई Global Standard सँग मेल खाने गरी पुरानो निर्देशिका पुनर्लेखन गर्न आवश्यक भएकोले यो निर्देशिका "Accreditation Standard for the MBBS (Bachelor of Medicine and Bachelor of Surgery) Degree Program for Institutions Admitting 50,100 and 150 Student Annually" जारी गरिएको र सो निर्देशिका २०६७।४।३ को नेपाल सरकारको निर्णयपश्चात् लागू भएको भन्ने देखिएको समेतका कानूनी आधार र विपक्षीको कामकारवाही गैरकानूनी नदेखिएको, निवेदन दाबीमा कुन कानूनी व्यवस्थाविपरीत विपक्षीले कामकारवाही निर्णय गरेको भन्ने पनि नखुलेको, मेडिकल कलेजको लागि चाहिने Norms and Standards मध्ये कुन Norms and Standards बिना सम्बन्धन वा स्वीकृति दिने गरी सूचना प्रकाशित गरिएको हो भन्नेसमेतका कानूनी र तथ्यगत आधार खुलाएको नदेखिँदा दाबीको प्रकाशित सूचनाले हचुवाको भरमा अनगिन्ती मेडिकल कलेजहरू खोल्न दिन लागेको भन्ने बेहोरा कानूनी र तथ्यपरक (Legal & Objective based) नदेखिई आत्मपरक (Subjective based) देखिन आएकोले त्रि.वि.वि. को मिति २०७०।६।१० मा गोरखापत्रमा प्रकाशित सूचना बदर गरिरहनु पर्नेसम्मको अवस्था विद्यमान नदेखिएकोले रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

मेडिकल कलेजहरूलाई सम्बन्धन प्रदान गर्ने कुरा आम जनसमुदायको स्वास्थ्यसँग प्रत्यक्ष प्रभाव पर्ने र सरोकार रहने विषय भएकाले कुनै मेडिकल कलेजलाई सम्बन्धन प्रदान गर्दा यस सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा रहेका मापदण्डसमेतलाई मध्यनजर राखी स्तरीय र

गुणस्तरयुक्त चिकित्सा शिक्षाको प्रत्याभूति हुने गरी सम्बन्धन लिने वा दिने दिलाउने कार्य गर्नु गराउनु, दीर्घकालीन असर पर्ने प्रकृतिका मेडिकल कलेजहरू खुलाउँदा त्यस्ता मेडिकल कलेजहरूबाट प्रदान गरिने सेवालाई विश्वासिलो, भरपर्दो र नागरिकको गुनासोलाई सम्बोधन हुने गरी गर्न र स्वास्थ्य उपचारका लागि सम्बन्धित मेडिकल कलेजमा भर्ना भएपछि बिरामीहरूलाई प्रदान गरिने सेवामा समेत उपयुक्त अरू प्रभावकारी नीति निर्देशन बनाउनु पर्ने भए बनाई त्यसको अनुगमनसमेतको कार्य नियमितरूपमा गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१०८१ र ०७०-RC-००८६, कर्तव्य ज्यान र विस्फोटक पदार्थ, *नेपाल सरकार वि. सुरेश राय यादव र नेपाल सरकार वि. मनोहर राय यादव*

वादी नेपाल सरकारले प्रत्यर्थी सुरेश राय यादवलाई विरूद्ध खण्डमा प्रतिवादी बनाउन सकेको देखिएको छैन । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २४ अनुसार नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा प्रत्यर्थी प्रतिवादीका हकमा जिल्ला अदालतबाट भएको फैसला चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने दायित्व सम्बन्धित सरकारी वकिलको हो। हामीले अवलम्बन गरी आएको कानूनी प्रणालीमा अधिकारप्राप्त अधिकारीले विरूद्ध खण्डमा प्रत्यर्थी प्रतिवादी नबनाएको व्यक्तिलाई अदालतले प्रत्यर्थी कायम गरी निजका हकमा इन्साफ गर्न मिल्ने हुँदैन। अदालत, न्यायिक संस्था हो। अदालतले वादीले जो व्यक्तिलाई प्रतिवादी बनाउँछ त्यसको हकमा मात्र इन्साफ गर्नु पर्दछ । पुनरावेदक वादी नेपाल सरकार स्वयम्ले पुनरावेदनमा प्रत्यर्थी प्रतिवादी सुरेश राय यादवको नाम विरूद्ध खण्डमा उल्लेख नगरेको भनी स्वीकार गरेको हुँदा निजका हकमा सुरू अदालतबाट भएको फैसला सम्बन्धमा केही नबोली पुनरावेदन अदालतबाट भएको फैसलामा कुनै त्रुटि रहेको नदेखिँदा उक्त फैसला मिलेन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

विवाहमा रमाइलो गर्नका लागि पड्काएको अवस्थामा अकल्पनीयरूपमा मृतकको मृत्यु हुन पुगेको स्थिति हुँदा कसुर गर्दा प्रतिवादीमा मनसाय तत्त्वको अभाव रहेको देखिएको छ। तथापि, सकेट बम आफैँमा विस्फोटक पदार्थ हो । विस्फोटक पदार्थ साथमा राख्नु, लिएर हिँड्नु मात्र पनि विस्फोटक पदार्थ ऐन, २०१८ को दफा ४(१) प्रतिकूलको कार्य हो। कानूनले बन्देज लगाएको विस्फोटक वस्तु लिएर हिँड्दा पड्की जिउ ज्यान जाने सम्भावना हुन्छ। यस्तो वस्तु साथमा लिएर हिँडेको कारण दुष्परिणाम निस्कन सक्दछ भन्ने स्वाभाविकरूपमा अनुमान गर्न सकिन्छ र गर्नु पनि पर्छ । तर, विष्फोटक पदार्थबाट हुने सम्भावित परिणामप्रति प्रतिवादी सचेत रहेको देखिन आएन । साथमा राख्न नहुने वस्तु साथमा राखी पड्काई कसैको जिउ ज्यान जाने परिणाम निस्कन्छ भने यस्तो काम गर्दा मनसायरहित थियो भनी प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिन उचित नहुने।

उक्त तथ्यहरूको विवेचनाबाट प्रतिवादी मनोहर राय यादवले साथमा लिएको निषेधित बम पड्काई मृतकको मृत्यु भएको पुष्टि भइरहेको हुँदा निजलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद र विस्फोटक पदार्थसम्बन्धी कसुरमा समेत सजाय गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिन आउने।

प्रतिवादीले निर्वाचनको समयमा भेटाएको निषेधित वस्तु विवाह उत्सवमा रमाइलो गर्ने

उद्देश्यले साथमा लिएर गई सम्भाव्य दुष्परिणामलाई ख्याल नगरी पड्काउँदा सोका छर्रा लागि सोही कारणबाट मृतक रामछविला राय यादवको निधन हुन गएको छ । जन्तीहरू र मृतकसँग प्रतिवादीको पूर्वरिसइवी केही रहेको देखिएको छैन । आफूबाट हुन पुगेको दुष्परिणामबाट प्रतिवादी स्वयम् घाइते भई उपचारपश्चात् सन्चो भएको देखिएको छ । साथमा राख्न नहुने निषेधित वस्तु लिई हिँडेको र स्वभाविक रूपमा हुनसक्ने परिणाम तर्फ ख्याल नगरी भीडभाडमा रमाइलोको लागि पड्काएको कारण कर्तव्य ज्यानको वारदात हुन पुगेको स्थिति यहाँ छ । विवाहमा रमाइलोको लागि कसैप्रति लक्षित नगरी पडकाएको कारण मृतकको मृत्यु हुन पुगेको देखिएबाट भवितव्य होकी भन्नेसम्मको अवस्था हुँदा प्रतिवादी मनोहर राय यादवलाई ऐनबमोजिम सजाय दिँदा चर्को हुने चित्तले देखि अ.बं.१८८ नं. अनुरूप कैद वर्ष ५ हुन पुनरावेदन अदालतबाट व्यक्त रायसमेत न्यायको मकसदबाट मिलेको नै देखिन आउने ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट सुरू सर्लाही जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी मनोहर राय यादवलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गरी निजलाई अ.बं.१८८ नं. अनुरूप ५ वर्ष कैद सजाय गर्न जाहेर गरेको राय एवम् विस्फोटक पदार्थ ऐन, २०१८ को दफा १० को उपदफा १(क) बमोजिम कैद वर्ष १ हुने तथा प्रत्यर्थी प्रतिवादी सुरेश राय यादवका हकमा फैसलामा केही नबोली पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।८।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०४३४, चोरी (मोटरसाइकल) *नेपाल सरकार वि. विकासकुमार साहसमेत*

सिक्ने प्रयोजनार्थ मात्र लिएर जाने कार्यले त्यस्तो मालवस्तु फिर्ता हुने अवस्थालाई समेत जनाउने हुँदा धनिको हक मेटाई आफूले लिन खानका लागि जुनसुकै कुरो गरी बेइमानीको नियतले लगेको अर्थबोध नहुने हुँदा त्यस्तो कार्यलाई चोरीको आपराधिक कार्य पुष्टि नभएको त्यसरी मोटरसाइकल लगेको भन्ने कारणले मात्र चोरीको महलको १ नं. को कसुर स्थापित भएको मान्न सकिने अवस्था नदेखिने ।

स्वयम् धनीले प्रतिवादीहरू उपर चोरीको वारदात खम्बिर नगरी लहैलहैमा लगेको भनेको र अभियोजन पक्षले अन्य कुनै वस्तुनिष्ठ प्रमाण पेस गरी चोरीको १ नं. बमोजिम प्रतिवादीहरूले धनीको हक मेटाई आफूहरूले लिन खानका लागि बेइमानीको नियतले उक्त मोटरसाइकल लगेको भनी पुष्टि गर्न नसकेको अवस्थामा केवल मोटरसाइकल प्रतिवादीको साथ रोहबरमा भेटिएको भन्ने आधारले मात्र वादीले दाबीको कसुर पुष्टि गरेको मान्न नसकिने ।

मूलत: चोरी भएको भन्ने निश्चायात्मक ठोस प्रमाणको अभाव देखिएको, जाहेरवाला स्वयम्ले प्रतिवादीहरूले चोरी गरेको होइनन् भनी बकपत्र गरिदिएको, जाहेरवाला प्रतिवादीका दाजु साथी रहेको तथ्य खुलेको, अर्काको भए पनि चिनजानको आधारमा लहैलहैमा सिक्ने उद्देश्यले मोटरसाइकल लिएर गएको कारणले मात्र अर्काको हक मेटाई लिने खाने र बेइमानीको उद्देश्य पुष्ट्याई नहुने हुँदा प्रतिवादीहरूको उक्त कार्य चोरीको आपराधिक कार्य मान्न सकिने अवस्था नभएबाट प्रतिवादीहरू विकासकुमार साह, नजाम अन्सारी र मेराज अन्सारीसमेतले अभियोग

मागदाबीको आरोपित कसुरबाट सफाई पाउने नै देखिएकोले पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

तसर्थ सुरु बारा जिल्ला अदालतको मिति २०६८।११।२१ को फैसला केही उल्टी गरी प्रतिवादीहरू विकास कुमार साह, नेजाम अन्सारी र मेराज अंसारीले अभियोग दाबीको कसुरबाट सफाई दिने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल मङ्सिर १२ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-RB-००२५, करारको यथावत् परिपालना गरिपाउँ, *प्रेमशोभा तुलाधर वि. महेश महर्जन*

करार सर्तनामा गर्दा मासिक ब्याज कति बुझाउने हो सो पनि उल्लेख भएको देखिँदैन। प्रत्यर्थीले पुनरावेदिकाले ब्याज बुझाएको भनी पेस गरेको भरपाईको छायाँ प्रतिलाई झुट्ठा भनी लिखित जवाफमा उल्लेख गरेको पाइन्छ। उक्त भरपाइको छायाँप्रति सद्दे हो वा झुट्ठा हो भन्ने प्रश्नको निरूपण प्रस्तुत करार ऐन, २०५६ को दफा ८७(२) अन्तर्गतको निवेदनको रोहबाट विचार गरिरहनु पर्ने विषयसमेत देखिएन। यस सम्बन्धमा सरोकारवालाको प्रचलित कानूनबमोजिम नालेस परेकाबखत ठहरेबमोजिम हुने नै हुँदा त्यसतर्फ अरू विचार गरिरहनु नपर्ने।

पुनरावेदिकाले सर्तनामाबमोजिम प्रत्येक महिनाको मसान्तभित्र प्रत्यर्थीलाई ब्याज बुझाएको वस्तुनिष्ठ प्रमाण पेस गर्नसकेको अवस्था छैन । पुनरावेदिका स्वयम्ले मासिक रूपमा ब्याज बुझाई करारनामाको सर्त पालना गर्न नसकेको स्थितिमा प्रत्यर्थी महेश महर्जनले आफूले राजीनामा पारित गरिलिएको घरजग्गा निजको पूर्णस्वामित्वमा आइसकेको अवस्थामा आफ्नो स्वामित्वको घर जग्गामा भोग गर्न पाउने निजको कानूनी अधिकार रहेबाट भोग गर्न खोज्नुलाई गर्न नहुने काम कारवाही गर्न लागेको भनी परिभाषित गर्न मिल्ने नदेखिने।

तसर्थ, मिसिल संलग्न रहेका तथ्यबाट पुनरावेदिका स्वयम्ले सर्तनामा कागजमा उल्लिखित सर्तको परिपालना गरेको नदेखिँदा निवेदन दाबीअनुरूप करार ऐन, २०५६ को दफा ८७(२) बमोजिमको आदेश जारी हुन नसक्ने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।४।१८ मा भएको आदेश मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-००८९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. टेकबहादुर गुरूङसमेत*

जाहेरवाला राजन गुरूङ पर्यटक भिषामा दुवई पुगी फर्के पनि प्रत्यर्थीहरूले सञ्चालन गरेको मिसन ओभरसिजबाट नै निजलाई वैदेशिक रोजगारका लागि दुवई पठाएको भन्ने स्पष्ट प्रमाण पेस हुनसकेको छैन । प्रत्यर्थी प्रतिवादीहरूले निजहरूलाई विदेश पठाएको भन्ने कागज प्रमाणबाट तथ्यगतरूपमा प्रमाणित हुन नसकेको अवस्थामा निजहरूलाई यिनै प्रत्यर्थी प्रतिवादीहरूले वैदेशिक रोजगारमा दुवई पठाएको भनी दोषी ठहर गर्नु उपयुक्त हुँदैन। सुमन देउजासमेत छ जना जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन अभियोग दाबीको रकम प्रतिवादीहरूले लिएको कागज प्रमाण पेस गर्न

अभियोजन पक्षले सकेको नदेखिँदा मौखिक भनाइकै आधारमा निज जाहेरवालाहरूको रकम पनि यी प्रत्यर्थी प्रतिवादीहरूले लिएका रहेछन् भनी मान्न मिलेन। अतः जाहेरवालाहरू सुमन देउजा, उत्तरमान घिसिङ, राजन गुरूङ, जयराम खान, कृष्णबहादुर गुरूङ र क्षेत्रबहादुर ठकुरीको हकमा अभियोग दाबीअनुरूपको बिगो र सोको ५० प्रतिशतले हुने हर्जाना रकमसमेत प्रतिवादीहरूबाट निज जाहेरवालाहरूले भरिभराउ गरी लिन नपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा रहेछ भन्न मिल्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट टंकमाया गुरूङसमेतका २१ जना जाहेरवालालाई इजाजतपत्र खारेज भइसकेको गैरकानूनी मिसन ओभरसिज प्रा.लि. का सञ्चालक प्रत्यर्थी प्रतिवादीहरू टेकबहादुर गुरूङ, रतनकुमारी गुरूङ, विजय गुरूङ र बुद्धिबहादुर गुरूङले वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कागज भरपाई गरी निजहरूबाट रकम लिई वैदेशिक रोजगारमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १०, १५, ४४ र ४६ विपरीतको कसुर गरेको ठहर गरी निजहरूलाई ऐ. ऐनको दफा ४४ र ४६ बमोजिम जनही ४ वर्ष कैद र रू. ४,००,०००।- जरिवाना सजायसमेत गरी टंकमाया गुरूङसमेतका २१ जना जाहेरवालाहरूको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको फैसलाको तपसिलमा उल्लिखित तालिकाबमोजिमको बिगो र सोको ५० प्रतिशतले हुने हर्जाना रकमसमेत रू. ५९,६२,३०८.३८ प्रतिवादीहरूबाट जाहेरवालाहरूले भरिपाउने र रसिद भरपाई पेस हुन नसकेका जाहेरवालाहरू सुमन देउजा, उत्तरमान घिसिङ, राजन गुरूङ, जयराम खान, कृष्णबहादुर गुरूङ र क्षेत्रबहादुर ठकुरीको हकमा बिगो र हर्जानासमेतको अभियोग दाबी पुग्न नसक्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।८।२३ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खड्का,** ०७२-WO-००७७, उत्प्रेषण, *समिरकुमार अधिकारी वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत*

त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को अनुसूची १ मा चिकित्सा स्नातक भनी MBBS र BAMS दुवै उपाधिलाई समानरूपमा उल्लेख गरेकोसमेत देखिएबाट MBBS र निवेदकले हासिल गरेको BAMS शैक्षिक योग्यताको उपाधि समान प्रकृतिको रहेको भन्ने स्पष्टरूपमा देखिन आउने।

लोक सेवा आयोगबाट प्राप्त निवेदक समिर कुमार अधिकारीको दरखास्तसहितको फाइल हेर्दा BAMS उत्तीर्ण गरेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, आयुर्वेद चिकित्सा परिषद् नेपालको दर्ता प्रमाणपत्रको प्रतिलिपिसमेत पेस गरेको देखिन्छ। ती प्रमाणपत्रहरूमा BAMS भन्ने नै उल्लेख भइरहेको देखिएकोमा निवेदकले पेस गरेको प्रमाणपत्रमध्ये एउटामा BAMMS उल्लेख भएको आधारमा निवेदकलाई बुझ्दै नबुझी निजलाई सो कुरा स्पष्ट पार्ने अवसरसमेत नदिई तोकिएको शैक्षिक योग्यतासरह नभएको भनी लोक सेवा आयोगबाट निर्णय गरेको देखिन आउने।

अतः निवेदकको दरखास्त स्वीकार गरी, लिखित परीक्षा सञ्चालन भई नतिजासमेत प्रकाशित

भई अन्तर्वार्ताको लागि उपस्थित गराइसकेपछि कुनै ठोस कारण उल्लेख नगरी निवेदकलाई सो कुरा प्रष्ट पार्ने अवसरसमेत नदिई निजको दरखास्तलगायत लिखित परीक्षासमेत रद्द गर्ने र निज रिट निवेदकको नाम अन्तर्वार्ता सूचीबाट हटाउने गरी लोक सेवा आयोगबाट भएको मिति २०७२।३।२२ को निर्णय कानूनविपरीत, उचित प्रक्रियाको अवलम्बनसमेत नगरी भएको देखिएकोले उक्त निर्णय र सो आधारमा प्रकाशित सूचना तथा पत्राचारहरू उत्प्रेषणको आदेशले बदर हुने।

निवेदकले पेस गरेको त्रिभूवन विश्वविद्यालयको ९ जुलाई २०१५ को पत्रको छायाँप्रतिबाट निज निवेदकलाई दिएको चिकित्साशास्त्रीको प्रमाणपत्रमा भुलवस BAMMS लेखिन गएको हो, निजको वस्तविक शैक्षिक योग्यता BAMS हो भन्नेसमेत स्पष्ट पारेको देखिई रहेको समेतको अवस्थामा निज निवेदकलाई अन्तर्वार्तामा बस्न नदिएमा निजको संवैधानिक तथा कानूनी हकको हनन् हुन जाने अवस्था देखिएकोले निज निवेदक समिर कुमार अधिकारीलाई पूर्वप्रकाशित नतिजाबमोजिम नै निजलाई अन्तर्वार्तामा संलग्न गराउनु भनी विपक्षीमध्येको लोक सेवा आयोगको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-CI-१५०७, १६०५, अंश दिलाई पाऊँ, *कमलप्रसाद पौडेलसमेत वि. शारदादेवी पौडेल, शारदादेवी पौडेल वि. कमलप्रसाद पौडेलसमेत*

तत्काल प्रचलित कानूनी व्यवस्थाअनुसार प्रतिवादीहरू छुट्टी भिन्न भएका बखत वादीको विवाह खर्च पर सारेको कुरा प्रमाणित छ । मिति २०३५।१०।१५ को अंशबन्डाको कागज बदर भएको अवस्था पनि छैन । अंशबन्डाको कागज बदर नभएसम्म त्यसको कानूनी शक्ति रहिरहेको हुन्छ । उक्त बन्डापत्रअनुसार पिता माताको भागमा २-१०-०, प्रतिवादी काशीरामको भागमा १-१०-१०$^{१}/_{२}$, ओमनारायणको अंश भागमा १-१०-०, इन्द्रप्रसादको अंश भागमा १-१०-१५$^{३}/_{४}$ र प्रतिवादी कमलप्रसादको भागमा १-८-८ जग्गा लिनुदिनु गरी र.नं. ११५० बाट बन्डापत्र पारित भएको देखिएकोमा मिति २०४२।१।५ मा वादीका बुबा आमाले भरपाई गरी आफ्नो आफ्नो नाममा कायम गरेको देखिन्छ । त्यसपश्चात् पिताको भागको जग्गाबाट मिति २०५२।३।९ मा कि.नं. ५१५ को ०-६-६$^{३}/_{४}$, मिति २०६०।५।३० मा कि.नं. ५१९ को ०-७-०$^{३}/_{४}$, आमाको नामको जग्गाबाट मिति २०४२।१२।३ मा कि.नं. ५१६ को ०-८-१०$^{३}/_{४}$ मध्ये ०-५-०, कि.नं. ५२० को ०-५-०, मिति २०४९।३।२४ मा कि.नं. ५१४ को ०-३-७, कि.नं. ३०६ को ०-३-० र कि.नं. ५२१ को ०-३-१०$^{३}/_{४}$ समेत १-८-५ जग्गा हा.ब. गरी वादीले पाएको देखिन्छ। यसरी हेर्दा वादीलाई पैतृक सम्पत्ति प्राप्तिबाट वञ्चित गरेको नदेखिने।

प्रतिवादीहरूले मिति २०३५।१०।१५ मा पैतृक सम्पत्तिको अंशबन्डा गरी सो बन्डापत्र पारित गराएको देखिन्छ । तत्काल बहाल रहेको मुलुकी ऐन, २०२० को अंशबन्डाको महलको १५ नं.ले छोरीलाई छोरासरह अंशियार कायम गर्न ३५ वर्ष नाघेको अविवाहित छोरी हुनुपर्ने व्यवस्था रहेको देखियो । मिति २०३५।१०।१५ मा प्रतिवादीहरूका बीच अंशबन्डा हुँदा यी वादी १६ वर्षकी मात्र देखिएकाले वादीलाई तत्कालको अवस्थामा अन्य अंशियारसरह मान्न नमिले पनि वादी अंश पाउनबाट वञ्चित भएको नदेखिने।

प्रतिवादीहरू मिति २०३५।१०।१५ मा बुबा आमाको भागमा २-१०-० जग्गा राखी बन्डापत्र पारित

गरी छुट्टी भिन्न भएको देखिन्छ । प्रतिवादीहरू छुट्टि भिन्न भएपश्चात् वादी पिता माताको साथमा बसेको देखिन्छ । पिता माताको साथमा रहेको समयमा वादीले पिता माताको भागमा परेको उक्त जग्गामध्येबाट बकसमार्फत समेत गरी वादीले १-८-५ जग्गा प्राप्त गरिसकेको देखिन्छ । त्यति जग्गा प्राप्त गरिसकेपछि हाल आएर वादीले मिति २०३५।१०।१५ मा छुट्टी भिन्न भएका प्रतिवादीहरूको सम्पत्तिबाट पनि अंश पाउन माग गरेको देखिन्छ । त्यसरी पहिले नै छुट्टी भिन्न भएका प्रतिवादीहरूको अंश भाग बराबरको सम्पत्ति प्राप्त गरिसकेपछि पनि वादीलाई अंश छुट्ट्याउँदै गएर छुट्टी भिन्न भई अलगअलग व्यवहार गरी बसेका व्यक्तिहरूको व्यवहारमा प्रतिकूल असर पुऱ्याउनु न्यायसम्मत् हुँदैन । यसरी प्रस्तुत विवादमा वादीले बकसमार्फत पिता माताको सम्पत्तिबाट १-८-५ जग्गा पाएको अवस्थामा वादीले अंश नपाई निरअंशी भएको मान्न नमिल्ने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।१०।९ को फैसला मिलेको नदेखिँदा उक्त फैसला बदर हुन्छ । सुरू चितवन जिल्ला अदालतको मिति २०६६।८।३० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार ४ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दारहरूमा पनि यसैअनुसार फैसला भएका छन् ।

- ०६८-CI-०२३०, लुटपिट, *शारदादेवी पौडेल वि. कमलप्रसाद पौडेलसमेत*
- ०६८-CI-२३१, लिखत दर्ता बदर, *शारदादेवी पौडेल वि. कमलप्रसाद पौडेलसमेत*

## इजलास नं. ४

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-००२३, मानव बेचबिखन र ओसारपसार, *अच्छेलाला गोसाई वि. नेपाल सरकार*

कमलप्रसाद चौधरीले पुनरावेदन अदालतसमक्ष गरेको बकपत्रमा ललिताकुमारीलाई मिति २०६३।१२।१८ मा विन्दा यादवको आफ्नो मान्छेको आँगनमा राखिरहेको अवस्थामा फेला पारी घर ल्याई दाजुलाई जिम्मा लगाएको हो भनी लेखाएको अवस्थामा ललिताकुमारीलाई आँगनजस्तो खुला ठाउँमा राखेको अवस्थामा गाउँबाट गएका कमलप्रसाद चौधरीसमेतले फेला पारेको भन्ने देखिँदा अपहरण गरी बिक्री गर्ने उद्देश्यले लगेको भए त्यसरी खुला ठाउँ आँगनमा राखीरहने थिएनन् भनी अनुमान गर्न सकिने अवस्था देखिन्छ । सो हुँदा पीडितले जाहेरी बेहोरामा लेखाएबमोजिम निजलाई यी प्रतिवादीसमेतले अपहरण गरी बन्धक बनाएको हो भन्ने तथ्य विश्वासयोग्य नदेखिने ।

प्रतिवादी रंगीलालसमेतले ललिताकुमारी धामीलाई बेचबिखन गर्न लगेको भए प्रतिवादी विन्दा यादवले ४ दिनसम्म आफ्नो घरमा लगी राखीराख्ने अवस्था आउँदैन थियो भनी अनुमान गर्न सकिन्छ । यी पीडितलाई बिक्री गर्न प्रतिवादीहरूले कसैसँग कुनै रकम लेनदेन गरेको भनी पीडित जाहेरवाली तथा काका कमलप्रसाद चौधरीसमेतले आफ्नो जाहेरी तथा बयानमा खुलाउन सकेको अवस्था देखिँदैन । साथै प्रतिवादीहरूबाट लेनदेन भएको रकमसमेत बरामद भएको अवस्था देखिँदैन । न्याय सम्पादनको कार्यमा पीडितको बयान र बकपत्र महत्त्वपूर्ण कडीको रूपमा

रहेको भएपनि सो बयान र बकपत्रको पुष्ट्याईं स्वतन्त्र र तर्कसम्मत रूपबाट भएमा मात्र प्रमाणयोग्य मान्नु पर्ने हुन्छ। बयान र बकपत्रको पुष्ट्याईं ठोस, शङ्कारहित र तर्कसम्मत रूपबाट पुष्टि नभएको अवस्थामा प्रमाणमा लिई सोही आधारमा कसैलाई कसुरदार ठहऱ्याउनु न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने।

मेरो गोठ घरअगाडिबाट बाटोमा ३ वटा मोटरसाइकल चढी आएका रंगीलाल गिरी, गणेश गिरी, शम्भु गिरी र विन्दा यादवले नलकटुवा बन्दुक देखाई, मलाई समाई, मेरो आँखा र मुखमा टेप टाँसी मलाई त्यहाँबाट भारतको कोदरकट गाउँमा विन्दा यादवको नातेदारको घरमा बन्दी बनाई बिक्री गर्ने तरखरमा रहेको अवस्थामा मिति २०६३।१२।१८ मा मेरो काकासमेतका गाउँलेहरू खोज्दै आएको थाहा पाई घरबाट मलाई भागी जाउ भनी धपाई दिँदा काकाले मलाई देखी त्यहाँबाट ल्याउनु भएको हो। प्रतिवादीहरूले मलाई बिक्री गर्ने उद्देश्यले भारत लगेका हुन् भन्ने बेहोराको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र गाउँकै गणेश गिरी, शम्भु गिरी, विन्दा यादव र रंगीलाल भन्ने अच्छेलाल गिरीले मलाई बिक्री गर्ने उद्देश्यले जबरजस्ती अपहरण गरी विदेश भारत लगी बन्धक बनाई राखेका हुन् भन्ने पीडितको बकपत्र भए पनि माथि गरिएको विवेचनाअनुसार भाग्ने उम्कने प्रयासको पर्याप्त अवसर छँदाछँदै पनि त्यसतर्फ कुनै प्रयास नगरी बसेकोले निज स्वेच्छाबाट भारतको कोदरकट भन्ने ठाउँसम्म गएको तथ्य समर्थित हुन आउँछ। ललिताकुमारी धामीलाई यी प्रतिवादीसमेतले जबरजस्ती अपहरण गरी लगेको भन्ने तथ्य शङ्कारहित तवरबाट स्थापित नभएको अवस्थामा प्रतिवादी रंगीलाल गिरीलाई कसुरदार ठहर गर्नु न्यायको रोहमा स्वीकार्य हुने नदेखिने।

तसर्थ ललिताकुमारी धामी थारूलाई यी प्रतिवादी रंगीलाल गिरी भन्ने अच्छेलाल गिरी गोसाईले अभियोग दाबीबमोजिम जबरजस्ती अपहरण गरी लगेको भन्ने अभियोग दाबीको पुष्टि विवेकसम्मत र शङ्कारहित तवरबाट नभएको हुँदा प्रतिवादी रंगीलाल भन्ने अच्छेलाल गिरी गोसाईंले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको मिति २०६७।११।१० को फैसला उल्टी गरी यी प्रतिवादीलाई जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ को दफा ४(ख) को कसुरमा सोही ऐनको दफा ८(२) बमोजिम सात वर्ष कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।८।२६ को फैसला उल्टी भई प्रतिवादी रंगीलाल गिरी भन्ने अच्छेलाल गिरी गोसाईले अभियोग दाबीबाट सफाई पाउने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-१०३७, झुट्ठा विवरण पेस गरी विदेशीले नेपाली नागरिकता लिएको भन्ने, *नवराज सेन वि. नेपाल सरकार*

पेमा लामालाई आफ्नो बहिनी हो भनी वाङ दोर्जेले सनाखत गरेको छ भने निज पेमा लामाको नाममा मिति २०६२।१२।२२ खडा भएको सिन्धुकोट गाउँ विकास समितिको जन्मदर्ता किताबमा जन्ममिति २०४०।११।१५, नामथर पेमा लामा बाजेको नाम नुर्वु लामा र बाबुको नाम जेरू लामा उल्लेख भई जन्मदर्ता भएको पाइन्छ। यी प्रतिवादी सल्यान जिल्लाबाट २०६६।१२।१४ मा सरूवा भई सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट गाउँ विकास समितिमा आएकोले त्यहाँका बासिन्दा सबैलाई चिन्नसक्ने स्थितिको परिकल्पना गर्न सकिँदैन। यसरी गाउँ विकास समितिमा रहेको जन्मदर्ता र वाङ दोर्जे लामाको सनाखतसमेतका आधारमा पेमा लामाको नाममा नागरिकता बनाउन मिति २०६९।५।२० मा सिफारिस दिएकोमा निज पेमा लामाले झुट्ठा नागरिकता प्राप्त गरेको कुरा यी

पुनरावेदकको जानकारीमा आउनासाथ नागरिकता बदर गर्न प्रमुख जिल्ला अधिकारीको कार्यालयलाई मिति २०६९।५।२५ मा लेखी पठाएको समेतका कारणले प्रतिवादीले जानीजानी विदेशीलाई नागरिकता दिलाउने कार्यमा सिफारिस गरेको हो भन्ने कुराको पुष्ट्याईं शङ्कारहित तवरबाट भएको नपाइएकोले यी प्रतिवादीलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(२) बमोजिमको कसुरमा ऐ. ऐनको ऐ. दफाअनुरूप ३ वर्ष कैद र रू.५०,०००/- (पचास हजार) जरिवाना गर्ने गरी सजाय गरेको सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७०।३।३१ को फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।२।२४ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई यी पुनरावेदक प्रतिवादीले सफाई पाउने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-०७३५, उत्प्रेषण / परमादेश, *रोहितराज साह वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौंसमेत*

निवेदकको योग्यता नपुग भएबापत MBBS को Entrance परीक्षामा सामेल हुँदा वा परीक्षा परिणाम घोषित गर्दा वा भर्ना लिँदाका बखत सम्बन्धित निकायले निजको फाराम अस्वीकृत गरिनु पर्ने वा भर्ना नलिनेसमेतको कामकारवाही गर्नुपर्नेमा सो नगरी Entrance examination को लागि भरेको फाराम स्वीकृत गरी परीक्षामा उत्तीर्ण भएको परिणाम घोषणा गरेको र सो परिणामको आधारमा निजको भर्नासमेत भएको पाइन्छ। निवेदकले कुनै योग्यता वा अयोग्यता लुकाई परीक्षामा समावेश भएको कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिन आएको छैन। बरू नियामक निकायहरूको असावधानीले गर्दा MBBS Course मा निजको भर्ना भएको कुरा मिसिल संलग्न कागजातबाट देखिन आएकोले त्यसको दुष्परिणाम निवेदकले भोग्नुपर्ने स्थितिको सिर्जना गर्नु न्यायिक सदविवेकको अनुकूल हुने देखिन नआउने।

निवेदक MBBS Course मा भर्ना भई द्वितीय वर्षमा अध्ययनरत भएबाट अब अध्ययन र परीक्षाबाट वञ्चित गर्न विवेकसम्मत नभएकोले निजलाई MBBS Course को सम्पूर्ण शैक्षिकसत्रको परीक्षामा सहभागी गराउनेलगायतका अध्ययन सुचारू गर्न गराउन, परीक्षा दिने कार्यमा कुनै बाधा अड्चन नपुऱ्याउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। साथै स्वास्थ्य सेवा मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय भएकोले अव उप्रान्त यस्तो गैरजिम्मेवारी क्रियाकलाप हुन नदिने सम्बन्धमा त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान र सम्बन्धित Medical College ले परीक्षा, भर्नासमेतका नियमनकारी प्रावधानहरूको पालना अनिवार्यरूपमा गर्ने गराउनेतर्फ समुचित र प्रभावकारी व्यवस्था गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-०८१०, उत्प्रेषण, *बाबुसिंह सरदार वि. निजामती किताबखाना, हरिहरभवन ललितपुरसमेत*

जिल्ला प्रशासन कार्यालय बाँकेबाट मेरो जन्ममिति २०१४।२।१८ कायम भइरहेकोमा सोही आधारमा मलाई अनिवार्य अवकाश दिनु पर्ने भनी निवेदकको जिकिर रहेकोमा यस अदालतको मिति २०७१।२।१६ को अन्तरिम आदेशानुसार जन्ममिति

२०१४।२।१८ का आधारमा निज सेवामा बहाल रही निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (३) बमोजिम निज निवेदक मिति २०७२।२।१८ मा ५८ वर्ष उमेर पूरा भई अनिवार्य अवकाश भइसकेको हुँदा हाल आएर रिट जारी गर्ने औचित्यता नै समाप्त भइसकेकोले मागबमोजिम आदेश जारी गरिरहन नपर्ने हुँदा यस अदालतबाट मिति २०७१।२।१६ मा जारी अन्तरिम आदेश निष्क्रिय हुने र प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-०६४७, उत्प्रेषण, *शशिकान्त अग्रवाल वि. श्रम अदालत, अनामनगर काठमाडौंसमेत*

प्रस्तुत निवेदनमा महाप्रवन्धक र यी प्रत्यर्थीबीच सामूहिक मागदाबीको सम्बन्धमा छलफल वा विवाद भइरहेको भन्ने कुरा स्वयम् कारखानाले विरगन्ज उद्योग वाणिज्य संघ र श्रम कार्यालयलाई जानकारी दिएको पत्रबाट देखिन्छ भने सामूहिक मागदाबी भएको विषयका सम्बन्धमा यी निवेदकसमेत रोहबरमा बसी मिति २०७०।४।११ मा विभिन्न ३ बुँदाहरूमा व्यवस्थापन पक्ष र ट्रेड युनियनबीच सामूहिक सहमति भएको देखिन्छ । यी प्रत्यर्थीले कम्पनीका महाप्रवन्धकसँग सामान्य विवाद भएको भनी स्वीकार गरेको देखिन्छ भने मिति २०७०।४।१ को दिन १:४५ बजे प्रत्यक्षदर्शी कामदार कर्मचारीहरूको मुचुल्का हुँदा भगवती रोलिङ मिल्सका व्यवस्थापक शंकर अग्रवाल र विजय चौधरीबीच वादविवाद भएको र विजय चौधरी उत्तेजित भई व्यवस्थापकलाई कुटपिट गर्न दगुरेपछि केही कामदारले विजय चौधरीलाई र केहीले व्यवस्थापकलाई समातेकोले कुटपिट तथा दुर्घटना हुनबाट जोगाएको भन्ने बेहोराको मुचुल्काबाट देखिएकोले यी प्रत्यर्थी र निवेदक व्यवस्थापकबीच मागदाबीका विषयमा वादविवाद भएको देखिएको तर हातपात भएको भन्ने मुचुल्कासमेतबाट नदेखिएको हुँदा यी प्रत्यर्थीले श्रम ऐन, २०४८ को दफा ५१(क) को कसुर गरेको भन्ने देखिन नआएकोले प्रत्यर्थी विजयकुमार चौधरीलाई निवेदक कम्पनीले श्रम ऐनको दफा ५१(क) को आरोपमा ऐ. ऐनको दफा ५२(४) बमोजिम सेवाबाट हटाउने गरेको निर्णय कानूनअनुरूप भएको नदेखिँदा बदर हुने ठहर गरी श्रम अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित तथ्य, विवेचित आधार र कारणबाट समेत मिति २०७०।४।१ को घटनामा प्रत्यर्थी विजय चौधरीले व्यवस्थापक सुशील चौधरी माथि कुटपिट भएको तथ्य मुचुल्काबाट समर्थित नभएकोले प्रत्यर्थी विजयकुमार चौधरीलाई निवेदक कम्पनीले श्रम ऐनको दफा ५१(क) को आरोपमा ऐ. ऐनको दफा ५२(४) बमोजिम सेवाबाट हटाउने गरेको निर्णय मिलेको नदेखिँदा बदर हुने ठहर गरी श्रम अदालतबाट मिति २०७०।१०।२४ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-०७७४, उत्प्रेषण, *मानकुमारी सुनारसमेत वि. पुनरावेदन अदालत, महेन्द्रनगरसमेत*

रिट निवेदन दाबीमै निवेदकहरू आफू बन्डा छुट्याउँदा उपस्थित रहेको कुरा स्वीकार गरी मुचुल्कामा सहिसम्म नगरेको भन्ने उल्लेख भएको साथै गा.वि.स. कार्यालयलाई बन्डा छुट्याउने

कार्यमा उपस्थित रहन जिल्ला अदालतबाट मिति २०६९।१२।०९ मा पत्र पठाएकोमा उपस्थित नभएपनि त्यसले भएका काम कारवाहीलाई तात्त्विक असर नपार्ने भन्ने मुलुकी ऐन, दण्ड सजायको ६० नं. को व्यवस्थाको परिप्रेक्ष्यमा बन्डा छुट्याउने सम्बन्धमा भएको काम कारवाही सोही कारणले मात्र बदर हुने अवस्था पनि नदेखिने।

रिट निवेदकले बन्डा मुचुल्कामा चित्त नबुझी मिति २०६९।१२।१० मा दिएको उजुरीमा नरम गरम असल कमसल राम्रो नराम्रो जग्गा छुट्याई बन्डा गर्नुपर्नेमा प्रतिवादी गगन सुनारको हितमा मात्र राम्रो बाटोसमेतको पायक पर्ने गरी जग्गाको बन्डा गरेको भनी उल्लेख गरे तापनि मिति २०६९।१२।९ को बन्डा मुचुल्कामा के कुन प्रकारले चित्त नबुझेको हो सो कुरा खुलाई कागज गर्न अवसर दिएकोमा मिति २०७०।०२।०८ मा कागज गर्दा निवेदकले के कुन कित्तामा के कसरी मर्का पर्‍यो भन्ने उल्लेख गर्न नसकी केवल कानूनमा लेखेको भाषासम्म पक्री गरेको निवेदन रिट जारी हुनसक्ने आधार हुन सक्तैन । बन्डा मुचुल्का बदरको दाबी गरेपनि बदर हुनुपर्ने स्पष्ट कारणको अभाव रहेकोले हचुवा निवेदनको आधारमा कानूनअनुरूप भइरहेको बन्डा मुचुल्का त्रुटिपूर्ण रहेछ भनी मान्न नमिल्ने।

अतः मिति २०६९।१२।०९ मा भएको बन्डा मुचुल्का बदर गर्न माग गरी उजुरी गरेका निवेदकलाई के कति कित्तामा के कसरी मर्का पर्‍यो भनी खुलाउन लगाई कागज गर्ने अवसर दिँदासमेत उजुरी पुष्टि गर्न नसकेको अवस्थामा उक्त बन्डा मुचुल्का बदर गर्न मिलेन भनी कन्चनपुर जिल्ला अदालतबाट मिति २०७०।१०।०३ मा भएको आदेश सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।११।२९ को आदेशमा कुनै कानूनी त्रुटिको विद्यमानता नरही कानूनसम्मत नै रहेकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नवीन कोइराला

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-WO-०१४५, उत्प्रेषण, *जगन राउत वि. जगदेव राउत अहिरसमेत*

ऋण लिने जगदेव राउत घरको मुख्य भन्ने पनि पुष्टि हुनसकेको देखिँदैन भने मिति २०६४।०१।०२ मा ऋण लिँदा सुनरपति देवी तथा निजको पतिको मन्जुरी रहेको वा साक्षी बसी लेनदेन भएको भन्ने देखिँदैन। पति नभएको सुनरपति देवीले अंश मुद्दा दिएकी र सो मुद्दा दिएपछि लेनदेन मुद्दा परेको देखिन्छ भने सुनरपति देवीले रिट निवेदकउपर ०६९-CP-१२३५ को अंश मुद्दा दायर गरेपछि अंश मुद्दा कारवाही अवस्थामा रहेकै बखत अंश हककै जग्गा हरिन्द्रप्रसाद यादवलाई हालैको बकसपत्र लिखत पारित गरी हक हस्तान्तरण गरेकोमा सुनरपति देवीले लिखत बदर मुद्दा दायर गरेकोमा पुनरावेदन अदालत, हेटौंडाबाट दाबीबमोजिम ४ भागको १ भाग लिखत बदर हुने ठहरी मिति २०७२।०६।१७ मा अन्तिम फैसला भएको लिखित जवाफसाथ पेस भएको उक्त फैसलाको प्रतिलिपिबाट देखिन्छ। अंशहक नैसर्गिक हक रहेको हुँदा त्यस्तो हक प्रचलनको गराउनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । लेनदेन मुद्दाको फैसलाअनुसारको बिगो भराउदा अंश पाउने ठहरी बन्डातर्फ कारवाही गरेकी लेनदेनको तमसुकमा मन्जुर पनि नगरेकि र साक्षी पनि नबसेकी सुनरपति देवी अहिरिनको अंश हकबाट भरिपाउने अवस्था नदेखिएबाट निजले पाउने अंश भागको सम्पत्तिबाहेक गरी बिगो भराउने गरी मातहत अदालतबाट भएको आदेश कानूनी र न्याय अनुरूप भए गरेको देखिन आउने।

अतः अंश मुद्दाको फैसला कार्यान्वयनका

सिलसिलामा तहसिलदारबाट भएको मिति २०७१।०६।२३ को आदेश सदर गरेको जिल्ला अदालतको आदेश तथा पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।११।१४ को आदेशमा कुनै कानूनी त्रुटिको विद्यमानता नरही कानूनसम्मत नै रहेकोले रिट निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नवीन कोइराला

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम्।

## इजलास नं. ५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-१५९७, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. टेकबहादुर फगामी पुन*

नेपाल सरकारले तोकेको कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नै नभएको सिड कन्सल्टेन्सीले दिएको भनेको रिसिप्टको वैधानिकता नै नरहेको अवस्थामा सो लिखतको परीक्षण गराउनु सान्दर्भिक नै रहँदैन। जहाँसम्म हवाई टिकट, भिसा, एवम् नेपाली राजदूतावास, दिल्लीमा निवेदन गरिएको भन्ने जिकिर छ सोका बारेमा हेर्दा दिल्ली गए आएको मिति नै उल्लेख नभएको, दूतावासमा पेस गरेको निवेदनको तिथि, मिति नै नरहेको एवम् भीसालगायतका कागजातको प्रयोजन र ती कुराको प्रस्तुत वारदातसँगको सन्निकटता एवम् औचित्य खुल्न नआएका कागजातको पनि परीक्षणको कुनै औचित्य रहेन। त्यस्ता कागज प्रमाणको वैधता र औचित्य पुष्टि गर्ने कर्तव्य भनेको नेपाल सरकार अर्थात् वादी पक्षमा नै निर्भर रहने।

प्रमाण ऐन, २०३१ को दफा २५अनुसार अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहने अवस्थामा रकम लिनुदिनु गरेको लिखित कागज भरपाई नभएको, दर्ता नै नभएको कन्सल्टेन्सीले दिएको रिसिप्टहरू पेस गरिएको र जाहेरी दरखास्त र जाहेरवालाको बकपत्र नै विरोधाभाषपूर्ण रहेको अवस्थामा अभियोग माग दाबीबमोजिमको कसुर स्थापित हुनसक्ने अवस्था नभएकाले पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार कारणबाट प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन नसक्ने भएकाले निजलाई अभियोग दाबीबाट सफाई दिने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-११०८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामु राना*

प्रतिवादी रामु रानाको अदालतसमक्षको बयान हेर्दा आफू घटना वारदातको समयमा भारतमा रहेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ। निजउपर किटानी जाहेरी दरखास्त रहेको र तत्काल पक्राउ परेका सहप्रतिवादीहरू देवेन्द्र रैदास, मिलन थापामगर र अर्जुन बराल (सुनार) ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जग्गाको विषयलाई लिएर सागर परियारलाई मार्ने सल्लाह भएको, धारिलो हतियार रामु रानाले तयार गरेको, रामु रानाले काठको लठ्ठीले र अन्य प्रतिवादीहरूले लातमुक्काले सागर परियारलाई हानि मरणासन्न

अवस्थामा पुऱ्याई भागेको भनी बेहोरा लेखाएको देखिन्छ । सहअभियुक्त मिलन थापाले अदालतसमक्ष बयान गर्दा रामु रानाले सागर परियारलाई कर्तव्य गरी मारेको भनी सुनेको भन्ने कुरा उल्लेख गरेको पाइन्छ । घटनाको प्रत्यक्षदर्शी सागर परियारको श्रीमती राजु परियारले मेरो श्रीमान्लाई रामु रानाले लाठी प्रहार गरेका हुन् भनी बेहोरा लेखाइदिएको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा cause of death is internal hemorrhage and shock due to rib fracture and liver rupture भन्ने उल्लेख भएबाट सहप्रतिवादीहरू एवम् जाहेरवाला र प्रत्यक्षदर्शीको रामु रानाले प्रहार गरेको भन्ने भनाइ समर्थित भइरहेको पाइने ।

प्रतिवादी रामु राना र मर्ने सागर परियारका बीच ज्यानै लिनुपर्नेसम्मको रिसइवी भएको नदेखिएको, लुकिचोरी हानेको पनि नदेखिएको र घातक हतियार प्रहार नभई लट्ठी प्रहार गरी कुटपिट गर्दा सोही चोटको कारण सागर परियारको मृत्यु भएकोबाट ज्यानसम्बन्धीको १४ नं.अन्तर्गतको कसुर कायम गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिन आउने ।

तसर्थ लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र घटनाको स्वरूप एवम् प्रकृतिबाट प्रतिवादी रामु रानाले मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं.अन्तर्गतको कसुर गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई सोही महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको रूपन्देही जिल्ला अदालतको फैसला केही उल्टी भई सोही महलको १४ नं. अनुसार १० वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।३।१७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

इति संवत् २०७४ साल माघ ७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-००२८, जबरजस्ती चोरी, *नेपाल सरकार वि. रामबाबु खनखवास*

प्रतिवादीले जाहेरवालाका पति शशी भण्डारीलाई हातपात गरेको, बाँधेको, जिउ जखम अङ्गभङ्ग गर्ने, डरत्रास गराएको, आफ्नो कब्जाभित्र राखी बाहिर निस्कन नदिएको, लखेट्दै लगेको वा ज्यानै जोखिममा पारी चोरी गरेको कहीँकतैबाट पुष्टि हुन आएको नदेखिँदा चोरीको महलको १ र ४ नं. विपरीतको कसुर स्थापित भएको मान्न नमिल्ने र एका व्यक्तिको साथमा रहेको सम्पत्ति अर्कालेआफूले लिनखानका उद्देश्यले झुक्याई खोसी लगी मालधनीलाई हानि पुऱ्याई चोरी गरेको घटनासम्म भएको मान्नुपर्ने हुनाले प्रतिवादीले पोखरा १० बुद्धचोकस्थित सार्वजनिकस्थलमा हिँडिरहेको अवस्थामा जाहेरवालाको पति शशी भण्डारीको सँगसाथबाट आईप्याड र पर्स चोरी गरेको साधारण चोरीको वारदात स्थापित भइरहेको अवस्थामा प्रस्तुत चोरीको अपराधको प्रकृतिबाट प्रतिवादीले चोरीको महलको ४ नं. मा वर्णीत जबरजस्ती चोरीको कसुर गरेको नभई चोरीको महलको १ नं.मा वर्णीत कसुर घटित गराएको देखिन आएकोले प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १ नं. अनुसारको कसुरमा चोरीको महलको १२ नं. बमोजिम १ महिना कैद र जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१।११।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-००९१, कर्तव्य ज्यान,

*मिश्रीलाल राउत यादव वि. नेपाल सरकार*

घटना विवरणमा कागज गर्ने शिवराज राय यादवले अदालतमा आई बकपत्र गर्दा वारदात भएपश्चात् होहल्ला भएको आवाज सुनी हेर्दा गोली हान्ने मानिसहरू भाग्दै गरेको अवस्थामा गाउँलेहरूले घेरा हाली रहेको अवस्थामा प्रहरीहरू आई मिश्रीलाल राउतलाई पक्राउ गरी लगेका हुन् । तत्काल नचिनेको र हाल यी प्रतिवादी पनि सो वारदातमा संलग्न थिए भनी आफ्नो मौकाको बेहोरालाई समर्थित हुने गरी बकपत्र गरेको देखिएको र प्रतिवेदक प्र.ना.नि. प्रविण मिश्रले आफ्नो प्रतिवेदन तथा अनुसन्धानको क्रममा भएका कागजलाई समर्थन हुने गरी अदालतमा आई बकपत्र गरी मिश्रीलाल यादवको संलग्नतालाई पुष्टि गरेको पाइन्छ । निजहरूको यस्तो भनाईलाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्ने नै देखिने ।

घटना विवरणको कागज गर्ने रामेश्वर महतो प्रत्यक्षदर्शी भएको र निजले आफ्नो बेहोरामा मृतक रहेश राउतलाई यिनै प्रतिवादी मिश्रीलाल राउतले चर्को चर्को स्वरमा कुरा गरी रोकिराखेको अवस्थामा पछाडिबाट आएका जयमंगलप्रसाद यादवसमेतका दुई जना व्यक्ति आई निज प्र.ह.कै साथमा रहेको पेस्तोल खोसी टाउकोमा गोली प्रहार गर्दा सडकमै लडेका हुन् र निज प्रतिवादीहरू धान खेततर्फ भागी गएको हुँदा म पनि डरले कराउँदै हवल्दारलाई गोली हाने भनी गाउँतर्फ हल्ला गर्दै गएको थिएँ भनी कागज गरिदिएको अवस्थामा अदालतमा आई बकपत्र गर्ने व्यक्तिहरूको भनाइले पुष्टि गरेको देखिँदा त्यस्ता प्रत्यक्षदर्शीको भनाइलाई अन्यथा भन्न नसकिने ।

तसर्थ उक्त वारदातमा यी प्रतिवादी मिश्रीलाल यादवले मृतकसँग कुराकानी गरी भुल्याई मार्नलाई संयोग पारिदिई सोही अवस्थामा जयमंगलप्रसाद यादवले प्रहार गरेको गोलीको चोटको कारण मृतक रमेश राउतको मृत्यु भएको देखिँदा यी प्रतिवादी मिश्रीलाल राउत यादवको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(४) नं विपरीतको कसुर अपराध गरेको पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादी मिश्रीलाल राउत यादवले ड्युटीमा रहेका प्र. रमेश राउतलाई बोलाई भुल्याउने कार्य गरी जय मंगलप्रसाद यादवले गोली हानेपछि मृतक ढलेपछि पुनरावेदक प्रतिवादी भाग्दा गाउँले समेतले पक्री प्रहरीलाई बुझाएको पुष्टि भएकोले निज पुनरावेदक प्रतिवादी मिश्रीलाल राउत यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै देखिने ।

तसर्थउपर्युक्त तथ्य कानूनी व्यवस्था र विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी मिश्रीलाल राउत यादवलाई सुरू बारा जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसुर ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम व्यक्त भएको रायप्रति असहमत भई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७३ साल कात्तिक ३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०७१-CR-०१५५ र ०७१-CR-०४११, कर्तव्य ज्यान, *साइला गोले वि. नेपाल सरकार र रीता गोले वि. नेपाल सरकार*

प्रतिवादी साइला गोलेले आफूले गरेको कसुर अपराधको सम्बन्धमा मौकामा साबित भई बयान गर्नुपर्ने बाध्यात्मक परिस्थिति देखाउन नसकेको अवस्थामा निजको भनाइ प्रमाण ऐन, २०३१ को

दफा ९(१) अनुसार निजको विरूद्धमा प्रमाणमा लिन मिल्ने नै देखियो । निजले अदालतमा गरेको इन्कारी बयान प्रमाणद्वारा पुष्टि नगरेसम्म त्यस्तो इन्कारीको एक मात्र आधारमा निजलाई सफाई दिन मिल्ने देखिँदैन । यसर्थ किटानी जाहेरी दरखास्त घटनास्थल लास जाँच प्रकृति मुचुल्का मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको मौकाको तथा अदालतको बयान, खानतलासी एवम् बरामदी मुचुल्का, मौकामा बुझिएका मानिसहरूको कागज एवम् अदालतमा भएको निजहरूको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट मृतक मनकुमार गोलेको मृत्यु यी पुनरावेदक प्रतिवादीसमेतको कर्तव्यबाट भएको पुष्टि भइरहेको हुँदा प्रतिवादी साइला गोलेले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. अनुसारको कसुर गरेको देखिन आउने ।

प्रतिवादी साइला गोलेउपर परेको किटानी जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा बुझिएका मानिसहरूको भनाइ र यी प्रतिवादीले अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष गरेको बयानसमेतबाट प्रतिवादी साइला गोलेले प्रहार गरेको चोटको कारणबाट मृतक मनकुमार गोलेको मृत्यु भएको पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।०३।१२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०१।२३ मा भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

प्रतिवादी रीता गोलेउपर किटानी जाहेरी परेको अवस्था छ । जाहेरवाला र मौकामा कागज गर्ने व्यक्तिहरूले समेत यी प्रतिवादीसमेतको कर्तव्यबाट नै मनकुमारको मृत्यु भएको हो भनी बकपत्र गरिदिएको देखिन्छ । मृतकलाई कुटपिट गर्दा कुटो लट्ठी तथा ढुङ्ग्रो प्रयोग भएको भनिएकोमा ती सामानहरू दसीको रूपमा बरामद भएको र उक्त साधनले प्रहार गरेमा प्रतिवादीहरू साबित रहेको पाइन्छ । मौकाको किटानी जाहेरी, प्रतिवादीहरूको मौकाको बयान, लास जाँच प्रकृति मुचुल्का, सो कुराहरू शव परीक्षण प्रतिवेदन बुझिएका मानिसहरू जाहेरवाला पञ्चबहादुर गोले, अम्मरबहादुर थिङ र कान्छी गोलेसमेतले मौकामा गरिदिएको घटना विवरण कागजलाई समर्थन हुने गरी सुरू अदालतमा उपस्थित भई गरिदिएको बकपत्रसमेतले पनि पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादी रीता गोलेकोउपर्युक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. अनुसारको कसुर रहेको देखिन आउने ।

प्रतिवादी रिना गोलेउपर परेको किटानी जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा बुझिएका मानिसहरूको भनाइ र यी प्रतिवादी गोलेले अनुसन्धान अधिकारीसमक्ष गरेको आरोपित कसुरमा साबिती भई बयान गरेको देखिएबाट प्रतिवादी रीता गोलेले कुटोसमेतले प्रहार गरेको चोटको कारणबाट मृतक मनकुमार गोलेको मृत्यु भएको पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।०३।१२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०१।२३ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार, प्रमाण र कारणहरू समेतबाट पुनरावेदक / प्रतिवादीहरू साइला गोलेले र रीता गोलेले रातको समयमा रक्सीको नशामा लट्ठिएको अवस्थामा दुई जना मिली मरणासन्न हुने गरी कुटपिट गरेको कारणबाट मृतक मनकुमार गोलेको मृत्यु भएको तथ्य र प्रमाणहरू समेतबाट पुष्टि हुन आएकोले निज प्रतिवादीहरू साइला गोले र रीता गोले समेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी

महलको १ र १३(३) को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।०३।१२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०१।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-०२१६, ०७०-CR-०२१७, कर्तव्य ज्यान, *ज्ञानबहादुर पाइजा वि. नेपाल सरकार, इन्द्रप्रसाद पुन वि. नेपाल सरकार*

प्रतिवादीहरू आफैँ अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुर स्वीकार गरेका छन् भने अदालतमा बकपत्र गर्दा मृतकलाई कुटपिट गरेको कुरामा स्वीकार रहेका छन्। अनुसन्धानको क्रममा भएको प्रतिवादीहरूको बयान स्वेच्छापूर्वक नभएको भनी जिकिर लिए पनि सोलाई पुष्टि हुने खालको कुनै प्रमाण मिसिल संलग्न रहेको देखिँदैन। त्यस्तै यी प्रतिवादीहरूले वारदात नगरेको भए अनुसन्धानको क्रममा कागज गर्ने मानिसहरूले निजहरूलाई पोल हुने गरी आफ्नो बेहोरा लेखाउनु पर्ने अन्य कुनै कारण मिसिलबाट देखिँदैन। मिति २०५८।८।२९ मा वारदात भएपश्चात् यी प्रतिवादीहरू लामो समयसम्म फरार रहेको र वारदातस्थलमा यी प्रतिवादी र मृतकबाहेक अन्य कुनै व्यक्तिको उपस्थिति नरहेको समेत अवस्थामा उक्त वारदातमा अन्य कसैको संलग्नता रहेको समेत पुष्टि हुन आएको नदेखिने।

प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयान, जाहेरी बेहोरा, जाहेरवालाको अदालतमा भएको बकपत्र एवम् टकबहादुर शेरपुर्जाको अनुसन्धानको क्रममा भएको कागज एवम् अदालतसमक्ष भएको बकपत्रबाट समेत समर्थित भएको देखिन्छ। यी प्रतिवादीहरू अदालतमा बयान गर्दा वारदातस्थलमा उपस्थित रहेको र मृतकलाई कुटपिट गरेको तथ्य स्वीकार गरेका छन्। वारदातस्थलमा यी प्रतिवादीहरूबाहेक अन्य कुनै व्यक्तिको उपस्थितिसमेत रहेको नदेखिएको अवस्थामा वारदात घटाउनमा प्रतिवादीहरू ज्ञानबहादुर पाइजा र ऐन्जु भन्ने इन्द्रप्रसाद पुनको सहभागिता रहेको पुष्टि हुन आउने।

वारदात घट्दाको परिस्थितिलाई हेर्दा प्रतिवादीहरू र मृतकबीच वारदात घट्नुअघिदेखि झगडा भइरहेको अवस्थामा वारदातस्थलमा आइपुग्दा कुटाकुट भई अनबहादुरको मृत्यु भएको देखिन्छ। मृतकको शरीरको विभिन्न अङ्गमा चोट पटक देखिएकोले निजलाई पटकपटक कुटपिट गरिएको, घाँटीमा डोरी बाँधी घिसारिएको र मृत्यु भइसकेपश्चात् पनि लासलाई लुकाउनको लागि ढुंगाको पर्खाल भत्काई ढुंगाले छोपिएको अवस्थामा लास फेला पारिएको छ। यसका साथै मृतकले ज्ञानबहादुर पाइजालाई दाउराले हानेको भने पनि मृतक एक्लै र प्रतिवादीहरू एक जनाभन्दा बढी रहेको, सबै जना मिली कुटपिट गरेको अवस्थामा यी प्रतिवादीहरूले प्रतिक्रिया जनाउँदा समान अनुपातमा (Proportionate) शक्तिको प्रयोग गरेको देखिँदैन। वारदातपश्चात् पनि वारदात लुकाउन लासलाई लुकाएको देखिएकोले प्रतिवादीहरूले तत्काल उठेको रिस थाम्न नसकी केही गर्दा अनबहादुरको मृत्यु भएको अवस्था नदेखिएकोले प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारण एवम् प्रमाणबाट पर्वत जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी वादी नेपाल सरकारका साक्षी प्रेमबहादुर

फकामीलाई मुलुकी ऐन, अ.बं. १६९ नं. बमोजिम रू. २००।- जरिवाना गर्ने गरेको फैसला मिलेको नदेखिँदा निजको हकमा उल्टी गरी प्रतिवादीहरू ज्ञानबहादुर पाइजा र ऐन्जु भन्ने इन्द्रप्रसाद पुनले मृतक अनबहादुर पुर्जालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. विपरीत कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीहरूलाई ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको जिल्ला अदालतको फैसला यी प्रतिवादीहरूको हकमा सदर गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०६९।११।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल पुस १ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CI-०२३२, लिखत दर्ता बदर, *पार्वती खरेलसमेत वि. मदन कार्की*

लिखतको प्रकृति विचार गर्दा घरव्यवहार सञ्चालनको लागि घर खर्चबापत भनी प्रयोजन उल्लेख गरी लिखत गरिदिएको देखिन्छ। मिति २०५७।२।२ मा पारित लिखत सम्बन्धमा चित्त नबुझे हकवालाले लेनदेन व्यवहारको १० नं. बमोजिम रजिस्ट्रेसन पारित भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतीस दिनभित्र नालिस गर्नुपर्ने कानूनी हदम्याद रहेको पाइन्छ। उक्त हदम्यादभित्र कोही कसैको हकदावी उजुरबाजुर नपरेको अवस्थामा प्रतिवादी मदन कार्कीले उक्त जग्गाको स्वामित्ववाला सहकारी संस्था लिमिटेडसँग रजिस्ट्रेसन पारित गरी मिति २०५८।९।१ मा लिएपछि मात्र यी वादीहरूले लिखत बदरको मागदाबी लिएको देखिँदा कानूनीले तोकेको हदम्यादभित्र फिराद परेको भनी पुनरावेदकले लिएको जिकिर न्यायोचित मान्न सकिने नदेखिने।

खोमानन्द खरेलले मिति २०५७।२।२ मा आफ्नो नामको जग्गा बिक्री गर्दाको समयमा यस मुद्दाका वादी छोराहरू कसैको पनि उमेर २१ वर्ष पूरा भएको भन्ने देखिँदैन। यस अवस्थामा निज खोमानन्द खरेलले मालपोत कार्यालयमा पुगी कानूनबमोजिम आफ्नो नाम दर्तामा रहेको जग्गालाई घर व्यवहार चलाउनको लागि बिक्री गरेको अवस्थालाई आशङ्का व्यक्त गरी जालसाजी नामाकरण गर्नु न्यायोचित मान्न नसकिने।

तसर्थ मिति २०५७।२।२ मा सूर्योदय सहकारी संस्था लिमिटेडले वादीका पति पिता खोमानन्द खरेलसँग खरिद गरेको जग्गालाई मिति २०५८।९।१ मा प्रतिवादी मदन कार्कीले खरिद गरी पारित गरी लिएको लिखत दर्ता बदर हुने ठहर गरेको सुरू अदालतबाट भएको मिति २०६२।२।१६ को फैसला उल्टी हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६७।११।२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८-CI-०२३३, फैसला बदरसमेत, *पार्वती खरेलसमेत वि. मदन कार्की* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-WO-०९९१, उत्प्रेषण, *मदनराज पाण्डे वि. मोतिप्रसाद घिमिरेसमेत*

निवेदकले जग्गा खरिद गर्दा विपक्षी मदनराज

पाण्डेले कित्ता नम्बर २९६ खरिद गर्दा र साबिक जग्गाधनीले गरिदिएको सर्तनामामा पनि कि.नं.२६८ को उत्तरतर्फ बाटो नै रहेको प्रस्ट भएको र कि.नं.२९६ का जग्गाधनी मदनराज पाण्डे (हाल कित्ताकाट भइ कि.नं. ४००) लाई केही कुरा बुझ्न भनी ७ दिने म्याद तामेल गरी पठाउँदा म्याद बुझ्न इन्कार गरेको भन्ने कार्यालय सहयोगी लहरी कुमालको प्रतिवेदन प्राप्त भई वडा कार्यालयमा टाँस भएको हुँदा र हालसम्म निज अनुपस्थित भइरहेकाले भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं. २४७८ मिति २०६२।१०।१७ को बाटो कायम गर्नेसम्बन्धी विषयको परिपत्रबमोजिम सुरू जग्गाधनीले गरेको सर्तनामा एवम् मिसिलसाथ संलग्न रजिष्ट्रेसन लिखतमा उल्लेख भएअनुसार कि.नं.२६८ को उत्तरतर्फ बाटो नै उल्लेख भई निवेदकले खरिदसमेत गरेको देखिएकोले र काठमाडौं महानगरपालिका ९ नं. वडा कार्यालयको सिफारिससमेत प्राप्त भएकोले सिल नं. १०२-११०६-०५बमोजिमको आकारमा बाटो कायम गर्न उपयुक्त हुने भन्ने सम्बन्धमा पेस भएको टिप्पणी लाई सदर कायम गरी नापी कार्यालयमा लेखी पठाउने मिति २०६६।५।१९ को मालपोत कार्यालयको निर्णय रहेछ । तर विपक्षी मोतीप्रसाद घिमिरेको कि.नं.२६८ को उत्तरतर्फ कि.नं.२६९ को जग्गामा बाटो भएको कुरा साबिकका जग्गाधनी दुर्गाबहादुर भण्डारी र गोपाल गुरूङले विरेन्द्रकुमार के.सी. लाई रजिस्ट्रेसन पारित गरिदिँदा सो कुरा उल्लेख भएको नदेखिने।

अतः रिट निवेदकको ठेगाना वडा नं. ३३ भएकोमा म्याद तामेली वडा नं. ३२ मा भएको भन्ने देखिएको, मालपोत कार्यालयको आदेशमा वडा नं. ३३ मा म्याद तामेली गर्ने भनी लेखिएको र निवेदकको नागरिकता प्रमाणपत्रमा समेत वडा नं. ३३ उल्लेख भएको देखिएको हुँदा बेरीतको म्याद तामेलीका आधारमा मालपोत कार्यालय डिल्लीबजारबाट मिति २०६६।५।१९ मा भएको निर्णय बदर हुने।

इजलास अधिकृत: बिमला पौडेल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल मङ्सिर २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-०१२५, उत्प्रेषण, *मञ्जुकुमारी कुर्मी वि. अख्तियार दुरूपयोग अनुसन्धान अयोगसमेत*

शिक्षक पदमा नियमपूर्वक नियुक्ति भई ४ वर्ष अध्यापन गराइसकेको व्यक्तिलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रको आधारमा नियुक्ति बदर गर्ने निर्णय भएको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई त्यसरी भइसकेको नियुक्ति बदर गर्न निर्देशन दिने अधिकार कानूनतः देखिँदैन भने कुन कानूनी आधारमा त्यस्तो निर्देशन दिएको हो अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रबाट खुल्नसकेको पनि नदेखिने।

शिक्षा नियमावली २०५९ को नियम ९७(१०) मा "यस नियमबमोजिमको प्रक्रिया नपुर्‍याई शिक्षक नियुक्ति गरिएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गर्नसक्नेछ" भन्नेसमेतको व्यवस्था भएबाट पनि यदि निवेदिकाले उमेर सम्बन्धमा यथार्थ लुकाई छिपाई शिक्षक पदमा नियुक्ति लिई कामकाज गर्दै आएको प्रमाणित भएमा सम्बन्धित जिल्ला शिक्षा अधिकारीको निर्णयबाट नै उल्लिखित समस्याको समाधान हुनसक्ने नै देखिन्छ। जिल्ला शिक्षा कार्यालयमा उजुरी सुन्ने सोको छानबिन गर्ने र समस्याको समाधान गर्ने अधिकार रहने हुनाले सोही प्रक्रियाबाट नै सो समस्याको किनारा लाग्ने र सोमा चित्त नबुझे माथिल्लो निकायमा पुनरावेदन गर्नसक्ने कानूनी बाटो रहेको छ। सो प्रक्रिया अवलम्बन नै नगरी प्रत्यर्थी अख्तियार दुरूपयोग

अनुसन्धान आयोगबाट उक्त निर्णय भएको देखिँदा सो निर्णय कानूनसम्मत रहे भएको भन्न नमिल्ने ।

निवेदिका मञ्जुकुमारी कुर्मी करारको शिक्षक भएको, करारमा लेखिएको कुरा सोहिबमोजिम हुने, साथै उक्त शिक्षक विज्ञापनबाट अन्तिम मिति ४० वर्ष ननाघेको भनेर लेखिएको अवस्थासमेत नभएको, निवेदिका मिति २०६९।४।१ देखि प्रत्यर्थी विद्यालयमा अध्यापन गरिरहेको समेतका आधार कारणहरूबाट प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निवेदकको नियुक्ति बदर गराउने गरी भएको मिति २०७३।३।१९ को निर्णय र मिति २०७३।३।२२ को पत्रसाथै सोको आधारमा लेखिएको प्रत्यर्थी जिल्ला शिक्षा कार्यालयको मिति २०७३।३।२८ को पत्र र सोसँग सम्बन्धित अन्य निर्णयलगायतका सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक मञ्जु कुर्मीलाई शिक्षिका पदबाट हटाउने भनी गरिएको प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्र र सो सम्बन्धमा भए गरेका अन्य कामकारवाही कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरू जिल्ला शिक्षा कार्यालय, नवलपरासीसमेतका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०७५९, उत्प्रेषण, *विश्वास शर्मा वि. कृषि तथा वन विज्ञान विश्वविद्यालयसमेत*

कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा २ (झ) मा "क्याम्पस भन्नाले विश्व विद्यालयको आङ्गिक क्याम्पस पर्छ र सो शब्दले विश्व विद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पससमेत जनाउँछ" भन्ने उल्लेख भएको देखिन्छ । यस सम्बन्धमा निज निवेदकले पढाएको क्याम्पस कृषि तथा वन विज्ञान विश्वविद्यालयको आङ्गिक क्याम्पस वा सम्बन्धन प्राप्त क्याम्पस नभई पूर्वाञ्चल विश्व विद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस भएको निवेदकले पेस गरेको नियुक्ति पत्रबाट देखिन्छ । यसको अर्थ रिट निवेदकले कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा २ (झ) को व्यवस्थाअनुसारको अनुभव प्राप्त गरेको भन्न सकिने अवस्था देखिएन । साथै निवेदकले उक्त पदमा उम्मेदवार बन्नको लागि आवश्यक पर्ने कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम ६(१) र कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा २ (झ) को व्यवस्थाबमोजिमको न्यूनतम् अनुभव मिल्दो नदेखिने ।

हरेक संस्था आफ्नो कार्यविधि बनाई कानूनको परिधिमा रही लागू गर्न स्वायत्त रहन्छन् । आ-आफ्नो संस्थामा कार्यरत कर्मचारीको नियुक्ति सेवा सुविधा तथा बढुवाका सम्बन्धमा आवश्यक निर्णयहरू गर्ने, सोको परिपालना गर्ने गराउने तथा कार्यकारी परिषद्को निर्णयबमोजिम कामकाज गर्ने गराउने जिम्मेवारीसमेत रहन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकको अनुभव ऐन, तथा विज्ञानपनमा उल्लिखित व्यवस्थाबमोजिम रहेको देखिँदैन । तसर्थ उल्लिखित तथ्य एवम् कारणहरूबाट निवेदकको उपप्राध्यापक पदमा सम्भाव्य उम्मेदवार हुने न्यूनतम योग्यता पुगेको नपाइएकोले रिट निवेदनको जिकिरबमोजिम विपक्षीहरूबाट दरखास्त अस्वीकार गर्दा कुनै कानूनी त्रुटि भएको देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सुमन पाण्डे

इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७१-WO-०८३७, उत्प्रेषण, *विश्वास शर्मा वि. कृषि तथा वन विज्ञान विश्वविद्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-WO-१११९, उत्प्रेषण, *सर्जने कामी वि. शिक्षा मन्त्रालयसमेत*

शिक्षा नियमावली, २०५९ को नियम २४ अनुसार "विद्यालयले बिद्यार्थीको बाबु आमा, दाजु, भाइ दिदी बहिनी, बाजे बज्यै वा बिद्यार्थीको पालनपोषण गर्ने र पठन पाठनको व्यवस्था मिलाउने व्यक्तिबाहेक अन्य व्यक्तिलाई अभिभावकको रूपमा राख्न हुँदैन " भन्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थामा "बाजे बज्यै" भन्ने मात्र उल्लेख भएको पाइँदा बाबुतर्फको बाजे बज्यै मात्रलाई इङ्गित गरेको हो भनी संकुचित अर्थ गर्न मिल्ने देखिएन। यसको अतिरिक्त निवेदक विद्यार्थीको पालनपोषण तथा पठन पाठनको व्यवस्था मिलाउने व्यक्तिसमेत भएबाट अभिभावक मान्न नसकिने भन्ने नदेखिने।

निवेदक मिति २०७२।०८।२५ मा उक्त विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा छनौट भएको देखिन्छ । निज निवेदकको साबिक शिक्षा ऐन, २०२८ को दफा १२(५) अनुसार ३ वर्षको कार्यावधि रहेकोमा उल्लिखित अवधि बाँकी छँदै मिति २०७३।२।१० को शिक्षा कार्यालयको परिपत्रअनुसार निज निवेदकलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षको कामकाज गर्नबाट रोकेको देखिन्छ । जहाँसम्म शिक्षा विभागको मिति २०७३।४।५ को परिपत्रको प्रश्न छ, नयाँ शिक्षा ऐनले नयाँ व्यवस्थापन समितिको व्यवस्था गरेको भए पनि उक्त व्यवस्थाबमोजिम विद्यालय व्यवस्थापन समितिको नयाँ पुनर्गठन नभएसम्म व्यवस्थापनलाई शुन्यको स्थिति कायम राख्न नमिल्ने हुँदा सो अवधिसम्मको लागि मिति २०७३।२।१० को जिल्ला शिक्षा कार्यालय बर्दियाको पत्र शिक्षा नियमावली २०५९ को नियम २४ को विपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर गरी उक्त पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७२-WO-१००९, उत्प्रेषण, *पूर्णलाल ताजपुरिया वि. शिक्षक सेवा आयोग सानोठिमीसमेत*

जिल्ला शिक्षा अधिकारी योगेन्द्र बरालले २०६८ सालको का.स.मु.मा प्रमाणित गर्ने व्यक्ति भनी खण्ड क, ख र ग मा समेत सही गरेको देखिन्छ। यसबाट का.स.मु.भर्ने सम्बन्धमा कुनै त्रुटि भएको छ भने पनि सो कार्य निवेदकबाट भएको नदेखिई फाराम प्रमाणित गर्ने, सोमा अङ्क प्रदान गर्ने कार्य सबै सिफारिसकर्ता र पुनरावलोकनकर्ताको जिम्मेवारी हुन आउने देखिँदा सोको दोष निवेदकलाई लगाउन मिल्ने देखिएन । का.स.मु. को कुनै खण्डमा सही गर्ने कुनै खण्ड सही नगरी खाली छोड्दा हुने क्षतिको भागीदार निवेदकलाई मान्न पनि मिलेन। उक्त त्रुटि निवेदकबाट नभई स्वयम् जिल्ला शिक्षा अधिकारीको कारणले भएको पाइँदा आ.व.२०६७, २०६८, २०६९ र २०७० सालको नम्बर निवेदकलाई नदिई सुनुवाइको मौकासमेत प्रदान नगरी शिक्षा सेवा आयोगबाट गरिएको निर्णय त्रुटिपूर्ण देखिन आउने।

तसर्थ यी निवेदकको नाम बढुवा सूचीबाट हटाउने विपक्षी शिक्षा सेवा आयोगको मिति २०७३।१।९ को निर्णय र सोसम्बन्धी भए गरेका सम्पूर्ण कामकारवाही र पत्राचारमा त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । यी निवेदकको शैक्षिकशत्र २०६७, ०६८, ०६९ र ०७० को कार्यसम्पादनसमेतको मूल्याङ्कन गरी यस विषयमा कानूनबमोजिम पुनः निर्णय गर्नु गराउनु भनी विपक्षीहरू शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर, क्षेत्रीय बढुवा समिति, क्षेत्रीय शिक्षा

निर्देशनालय, पुर्वाञ्चल धनकुटा र जिल्ला शिक्षा कार्यालय मोरङ, विराटनगरका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख ५ गते रोज३ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७२-WO-०७७७, उत्प्रेषण, *बसन्त लम्साल वि. त्रिभुवन विश्वविद्यालय किर्तिपुरसमेत*

निवेदक मिति २०७१।८।७ मा क्याम्पसमा प्रवेश गरी मिति २०७१।८।१६ मा भर्ना भई २ सेमेष्टर नियमितरूपमा अध्ययन गरी परीक्षाफलसमेत प्रकाशन भइसकेको र अहिले तेस्रो सेमेष्टरको परीक्षा फाराम भर्ने बेलामा उक्त परीक्षा फाराम नबुझी बाँकी रहेको तेस्रो र चौथो सेमेष्टरको परीक्षा दिन नपाउने गरी मौखिक जानकारी दिइएको देखिन्छ । सो कुरालाई विपक्षी विश्वविद्यालयले समेत अन्यथा भन्न सकेको अवस्था देखिँदैन। साथै यी रिट निवेदक विपक्षी क्याम्पसबाट प्रकाशित सूचनाअनुसार सञ्चालित प्रवेश परीक्षामा सामेल भई उक्त परीक्षा पास भई क्याम्पसमा भर्ना भई त्यस क्याम्पसको नियमित विद्यार्थीको रूपमा अध्ययनरत रहेको समेत देखिन्छ। निवेदक प्रमाणपत्र तहमा अनुतिर्ण विद्यार्थी हो भन्ने पनि नपाइने।

विपक्षीहरूको जिकिरबमोजिम निवेदकको उक्त क्याम्पसमा प्रवेशको लागि आवश्यक न्यूनतम योग्यता पुगेन भन्ने विषयमा हेर्दा क्याम्पसमा प्रारम्भिक चरणमा आउने विद्यार्थीहरूको फाराम क्याम्पसले तय गरेको Criteria बमोजिम रहेको छ वा छैन भनी छानबिन गरी प्रवेश परीक्षामा सामेल गराउने वा नगराउने भन्ने विषयमा विपक्षी क्याम्पसले तत्काल निर्णय गर्नुपर्ने कुरा हो। सो नगरी विद्यार्थीले २ सेमेष्टर अध्ययन गरी सोको परीक्षाफलसमेत प्रकाशन गरिसकेपछि तेस्रो सेमेष्टरको परीक्षा फाराम बुझाउने समयमा विद्यार्थीको प्रवेशमा नै प्रश्न उठाउनुलाई न्यायको दृष्टिबाट समेत उचित मान्न नमिल्ने।

यसो गर्दा क्याम्पस आफ्नो दायित्वबाट उम्कने र सबै दोष विद्यार्थीको देखिने हुन्छ । यदि न्यूनतम् अङ्क पुगेको छैन भने दरखास्त फाराम नै बुझ्नु हुँदैन । विद्यार्थी तेस्रो सेमेष्टरको पनि अन्तिम अवस्थामा पुगेको कारण नै यस अदालतबाट मिति २०७२।१२।३० मा अन्तरिम आदेश जारी भई निज रिट निवेदकलाई मिति २०७३।१।६ बाट सञ्चालन हुने परीक्षामा निवेदकको परीक्षा फाराम बुझी निजलाई परीक्षामा समावेश गराई परीक्षाफलसमेत प्रकाशित गर्नु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी भइसकेको अवस्था देखिन्छ। यस अदालतबाट आदेश भएपछि पढाइ सुचारू हुन गई निवेदक हाल पाँचौ सेमेस्टरमा पुगेको भन्ने खुल्न आयो। यस्तो अवस्थामा आएर तिम्रो त प्रवेश नै त्रुटिपूर्ण थियो भन्दा विद्यार्थीले वर्षौं गरेको बौद्धिक लगानी खेर गई निजलाई अन्याय हुन जाने।

तसर्थ निवेदक बसन्त लम्साल विपक्षी पब्लिक युथ क्याम्पसको नियमित विद्यार्थीको रूपमा रिट दायर गर्दाको समयमा दुई सेमेष्टरको अध्ययन पूरा गरी परीक्षाफलसमेत प्रकाशन भइसकेको भन्ने देखियो । निजको उक्त क्याम्पसमा प्रवेश सार्वजनिक सूचनाबमोजिम प्रवेश परीक्षामा सामेल भई परीक्षा उत्तीर्ण भई कानूनी प्रक्रिया पार गरी भएको देखिएको साथै प्रस्तुत रिट निवेदनमा यसै अदालतबाट मिति २०७२।१२।३० मा अन्तरिम आदेश भइसकेको कारण स्नातक तहको पढाइ पूरा गर्ने अवस्थामा रहेको भन्ने देखियो । यस स्थितिमा विपक्षी क्याम्पसबाट रिट निवेदकको पढाइ अवरूद्ध हुने गरी प्रस्तुत विषय सम्बन्धमा भए गरेका सबै निर्णयहरू उत्प्रेषणको आदेशले बदर हुन्छ । साथै रिट निवेदकको परीक्षा फाराम बुझी निजलाई परीक्षामा सामेल

गराई परीक्षाफलसमेत प्रकाशन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख ५ गते रोज३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-१०५१, ०७०-CR-१०७४, अपहरण तथा शरीर बन्धक, कर्तव्य ज्यान र रहजनी चोरी, *रूप नारायण ठाकुर वि. नेपाल सरकार र नेपाल सरकार वि. रूपनारायण ठाकुर*

मृतकको लास प्रकृति मुचुल्का तथा अटोप्सी रिपोर्टमा टाउकोमा घाउचोटहरू लागेको र मृत्युको कारणमा टाउकोमा लागेको चोट (Blunt Force Injury to the Head) का कारणबाट मृत्यु भएको भन्ने देखिन्छ । प्रतिवादीको साबिती बयान, लास जाँच मुचल्का, अटोप्सी रिपोर्ट र शव परीक्षण गर्ने डा. प्रमोदकुमार श्रेष्ठले गरेको बकपत्र तथा मृतकको साथबाट बरामद भएका दसी सनाखत गर्ने गणेश बञ्जारा र लोकिन शाहीसमेतको बकपत्रबाट समर्थित भएको देखिन्छ । प्रतिवादीको अदालतसमक्षको आरोपित कसुरमा इन्कारी बयान तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि भएको नदेखिने।

प्रतिवादी रूपनारायण ठाकुरले मृतक आलम अन्सारीलाई कर्तव्य गरी मारी मृतकको साथमा रहेको नगद रकमसमेत जबरजस्ती चोरी गरेको आरोपित कसुर प्रमाणित भएको देखियो। साथै प्रतिवादीले अदालतको बयानलाई प्रमाणमा नलिई मौकाको बयानलाई आधार लिई भएको फैसला कानूनसम्मत मान्न मिल्दैन भनी लिएको जिकिर सम्बन्धमा हेर्दा मिति २०६६।९।१२ गते दिउसो मृतक आलम अन्सारीसँगै लोकेन शाहीको मासु पसलमा बसेको भनी स्वीकारी बयान लेखाएको देखिन्छ । सोतर्फ अभियोग दाबी प्रमाणित भइरहेको अवस्थामा निज प्रतिवादीले आफू कसुरमा सामेल छैन भन्ने कुराको स्पष्ट र वस्तुनिष्ठ प्रमाण गुजार्न सकेको अवस्था पनि छैन । आरोपित कसुरबाट उन्मुक्तिको लागि प्रमाण पेस गर्ने दायित्व निजको नै रहन्छ। केवल निजको मौखिक इन्कारीलाई प्रमाणमा लिन नमिल्ने।

प्रतिवादीले मृतक आलम अन्सारीलाई कलंकीबाट अपहरण गरी ट्याक्सीमा चढाई बालाजु पुलनजिक विष्णुमती खोला बगरमा लगी मृतकको साथबाट नगद रू.१,०८,३४०।– लुटी लगी कर्तव्य गरी मारी फालेको भन्ने कुरा पुष्टि भएको देखिँदादेखिँदै अभियोग माग दाबीबमोजिम अपहरण तथा शरीर बन्धकमा लिएर घटना घटाएतर्फ समेत कसुर कायम गरी प्रतिवादीलाई सजाय गरिनुपर्छ भन्ने जिकिर सम्बन्धमा हेर्दा मृतक आलम अन्सारीले उठाएको रकम लिने खाने उद्देश्य राखी निजसँगै साथै गई रकम उठाई मृतकलाई इँटाले हानि कर्तव्य गरी मारेको भन्ने तथ्यगत अवस्था प्रस्तुत मुद्दाबाट देखिन्छ। प्रतिवादीले मृतकलाई कही पनि जबरजस्ती गरी गाडीमा राखेको भन्ने देखिँदैन । प्रतिवादी र मृतकसँगै सल्लाह गरी बालाजु गई रकम उठाइसकेपछि गाडी व्यवस्था गरेको छु भनी विष्णुमती किनारामा लगी मृतकलाई मारेको प्रस्तुत वारदातको घटनाक्रमबाट देखिन आउँछ। सँगै हिँड्दै गर्दा एक्कासी प्रतिवादीले आक्रमण गरी इँटाले हिर्काइ मारेको भन्ने देखिएको छ । अपहरण तथा शरीर बन्धकसमेतको कसुर पुष्टि हुने प्रमाण र आधार देखिँदैन। तसर्थ वादी नेपाल सरकारको अपहरण तथा शरीरबन्धकको सजायको जिकिर पुग्न नसक्ने ठहरी भएको सुरू फैसला र सोलाई सदर गर्ने ठहरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नसकिने।

तसर्थः माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादी रूपनारायण ठाकुरलाई ज्यानसम्बन्धी महलको १ र १३(३) नं. तथा चोरीको महलको १/५ नं. अनुसारको कसुर गरेकोमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने, जन्मकैद हुने ठहरेकाले चोरीको महलअनुसार सजाय गर्न नपर्ने र चोरी गरेको बिगो रू.१,०८,३४०।– चोरीको महलको १०(३) नं. बमोजिम मृतकका हकवालाले

प्रतिवादीबाट भरिपाउने र अपहरणतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको मिति २०६८।१०।०८ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल चैत्र २५ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-०७५०, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *प्रेमलाल महतो वि. नेपाल सरकार*

प्रतिवादीहरूले मुद्दा हेर्ने अधिकारीसमक्ष समेत घटनाक्रम, वारदात हुँदाको स्थिति विवरण, घटनाको पृष्ठभूमि, वारदातको बेला आफूहरूले निर्वाह गरेको भूमिकासमेतका सम्पूर्ण घटनाक्रमको सबै तथ्यहरू क्रमवद्धरूपले प्रष्ट र सरल रूपबाट सविस्तार वर्णन गरी घटनाक्रमअनुसार तथ्यगत मेल खाने गरी बयान गरेको देखिन्छ। दुवै प्रतिवादीहरूको बयान एक अर्कामा मेल खाएको अवस्थासमेत देखिन्छ र दुवै प्रतिवादी गैंडा जस्तो दुर्लभ र संरक्षित जीवलाई मारी खाग बिक्री गर्ने र सोबाट प्राप्त रकम बाँडी खाएको तथ्यलाई कहिँकतैबाट खण्डित गराउन सकेको अवस्थासमेत देखिँदैन । साथै प्रतिवादीले साबिती बयान हुँदाको अवस्थामा यातना दिएको भन्ने कुरा केही भन्न सकेको अवस्था देखिँदैन। साबिती बयान लिँदाको अवस्था आफूहरूलाई यातना दिएर आफ्नो इच्छा विरूद्ध बयान गराइएको हो भन्ने कुरा मिसिल संलग्न कुनै प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिने।

गैंडा जस्तो अति दुर्लभ वन्यजन्तु रहेको र यसको संरक्षण गर्नु ज्यादै संवेदनशील तथा महत्त्वपूर्ण भई संरक्षणको सन्दर्भमा अति आवश्यक भएको कारणबाट कडा सजायको व्यवस्था गरी प्रत्येक साल मारिँदै गएको कारणबाट गैंडा लोप हुन गई प्राकृतिक संरक्षणमा प्रतिकूल असर पर्ने भएबाट त्यसको संरक्षण गर्नु नितान्त जरूरी र आवश्यक भई यसको महत्त्वसमेतका कारणबाट विधायिकाले कानूनी निर्माण गरी संरक्षणमा विशेष जोड दिएबाट भइरहेको कानूनी व्यवस्थामा कडा प्रावधान व्यवस्था गरी गैंडालाई मार्ने कार्यलाई ठूलो कसुरको रूपमा हेरी सजाय तोक्ने व्यवस्था भई निर्णय गर्ने अधिकारीलाई सोहीअनुसार सजाय गर्ने अधिकार दिई गैंडा नै मार्नेलाई एउटा जघन्य अपराधको रूपमा विधायिकाले स्वीकार गरेको अवस्थामा कानूनले तोकेबमोजिम भएको सजायलाई अन्यथा भन्न सक्ने अवस्था नदेखिने।

प्रतिवादीले सुरूबाट भएको फैसला अन्यायपूर्ण भई कानूनमा तोकिएको सामूहिक सजाय नगरी कानून र प्रतिपादित सिद्धान्तविपरीत गरिएको कैद र जरिवाना त्रुटिपूर्ण भएको भन्ने जिकिर सम्बन्धमा हेर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) मा "गैरकानूनी तरिकाले गैंडा, बाघ, कस्तुरी मृग, ध्वासे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको विणा, हिउँ चितुवाको छाला तथा यस्तै अन्य संरक्षित वन्यजन्तुको अखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई रू.५०,०००।– देखि रू.१,००,०००।– सम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यसको अर्थ प्रतिवादीको जिकिरबमोजिम दामासाहीले सजाय हुने भन्ने सो दफा २६ को व्यवस्थाबाट देखिँदैन। सबै अवस्थामा दाहासाहीले सजाय हुन नसक्ने।

प्रतिवादी प्रेमलाल महतोले उक्त अपराध गर्दा आफू बन्दुक राख्ने, गोली हान्ने तथा खाग बिक्रिबाट प्राप्त हुन आउने लाभांशको हिस्सेदारसमेत भएको तथ्यमा साबित नै रहेको अवस्था देखिन्छ। दुर्लभ एक सिंगे गैंडा मारी त्यसको खाग तस्करी गर्ने उद्देश्यले सामूहिकरूपले संगठनात्मक तरिकाबाट आपसमा सल्लाह गरी योजनासमेत बनाई पूर्णरूपले आपराधिक कार्य गरेको देखिन्छ । गैंडा मारेको कसुरमा साबित

भई गैंडाको खाग झिकी रूपैयाँ लिएको समेतको सम्पूर्ण बेहोरा सिलसिलेवार रूपमा उल्लेख गरी बयान गरेको देखिन्छ । प्रतिवादी अनुसन्धान र मुद्दा हेर्ने अधिकारीसमक्ष कसुरमा साबित छन । अन्य मिसिल संलग्न तथ्यबाट समेत प्रतिवादीको सो साबिती समर्थित भएको छ । निजको उक्त बयान बेहोरालाई घटनास्थल मुचुल्कासमेतका मिसिल संलग्न अन्य तथ्यहरूले समेत पुष्टि गरीरहेको अवस्थामा अभियोग दाबीअनुसार कसुर गरेको ठहर गरी निजलाई जनही १५ वर्ष कैद र रू. एक लाख जरिवाना हुने गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनबाट भएको फैसला सदर हुने ठहरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ, माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादी प्रेम महतोले अभियोग दाबीअनुसार कसुर गरेको ठहर गरी निजहरूलाई जनही १५ वर्ष कैद र रू एक लाख जरिवाना हुने गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनबाट मिति २०६९।२।१७ मा भएको फैसला सदर हुने ठहरी भएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमन पाण्डे

इति संवत् २०७३ साल चैत २५ गते रोज ६ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-WO-००९०, परमादेश, *मायाराम कुर्मी वि. जिल्ला शिक्षा कार्यालय, बाँकेसमेत*

शिक्षा नियमावली, २०५९ नियम १४१ को उपनियम (१) बमोजिम आफू निलम्बनमा परेको अवस्थामा आधा तलब पाउनेमा जिल्ला शिक्षा कार्यालय बाँकेले २०६५ चैत्र ३१ देखि उक्त मुद्दा सर्वोच्चको फैसला मिति २०७१ साल भाद्र २४ सम्म पाँच वर्ष पाँच महिनाको तलब उपलब्ध गराउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन माग दाबी रहेकोमा सो नियमावलीको नियम१४१ मा निलम्बनमा रहेको शिक्षकको कसुर ठहर भई सेवाबाट अलग भएको अवस्थामा निलम्बनमा रहँदाको अवधिको आधा तलब पाउने भन्ने व्यवस्था गरेको देखिँदैन । ऐ. नियमावलीको नियम १४१ को उपनियम (२) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ । यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन भन्ने व्यवस्था रहेको देखिन्छ । भ्रष्टाचारको कसुरमा निलम्बनमा रहेको शिक्षकले निलम्बन फूकुवा नहुँदै कसुर ठहर भई सेवाबाट अवकास पाएको अवस्थामा सेवाबाट पाउने कुनै पनि सेवा सुविधा नपाउने भन्ने व्यवस्था सो नियमावलीमा उल्लेख भएको देखिँदा यी निवेदकउपरको कसुर भ्रष्टाचारको रहेको, सो कसुर ठहर भई निजलाई सजायसमेत भएको हुँदा भ्रष्टाचारको कसुर नैतिक पतन देखिने कसुर भएकोले निवेदकले निलम्बन भएदेखि यस अदालतबाट फैसला हुँदासम्मको तलब भत्ता पाउनसक्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-११७३, कर्तव्य ज्यान, *ज्याङ्ग भोटे वि. नेपाल सरकार*

प्रतिवादी ज्याङ भोटेले मृतकलाई प्रहार गरेको छुरी बरामद भई आएको र सो छुरी आफ्नै हो भनी प्रतिवादीले सुरू अदालतमा बयान गर्द स्वीकारेको देखिन्छ । पेस भएका मृतकका फोटोहरू, घटनास्थल, लास जाँच मुचुल्का एवम् मृत्युको कारणमा Sharp force injury to the abdomen भन्ने शव परीक्षण

प्रतिवेदन, प्रत्यक्षदर्शीको भनाई, किटानी जाहेरी, प्रतिवादीको साबिती बयान, वस्तु स्थिति मुचुल्काको मानिसहरूले गरी दिएको कागज एवम् अदालतमा भएको बकपत्रसमेतबाट मृतकको मृत्यु प्रतिवादी ज्याङ भोटेले मृतकको पेटमा प्रहार गरेको छुरीको चोटबाट भएको भन्ने तथ्य सप्रमाण पुष्टि हुन आउने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ७(१) नं. मा कसैले हात हतियार लिई वा नलिई आफ्नो ज्यान लिनेसम्मको जोरजुलुम गर्न लागेकोमा त्यस्तालाई पक्राउ गर्न वा गुहार मद्दत माग्न नसकिने वा भागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्ताको पन्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउनसमेत फुर्सत नपाउने अवस्थामा आफूले केही नगरे आफ्नो ज्यान रहँदैन भन्ने पूरा विश्वास भई ज्यान बचाउनका खातिर उसै मौकामा केही गर्दा सो जुलुमी मरेको भन्ने कानूनी व्यवस्था रहेको देखिँदा मृतकले यी प्रतिवादीलाई प्रहार गरेको भए प्रतिवादीको शरीर अङ्गमा कुनै चोटपटक परेको देखिनु पर्ने, घाउ जाँच हुनुपर्ने त्यस्तो घाउ जाँच भएको कागज प्रमाण मिसिल संलग्न रहेको हुनुपर्नेमा सो पनि देखिँदैन। वारदात खुल्ला चौरमा भएको देखिँदा मृतकले प्रतिवादीलाई आक्रमण गरेको भए प्रतिवादी भागी उम्की आफ्नो प्रतिरक्षा गर्नसक्ने अवस्था देखिँदा पुनरावेदन अदालत, धनकुटाको फैसला बदर गरिपाउँ भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार एवम् प्रमाणबाट प्रतिवादी ज्याङ्ग भोटेले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. विपरीतको कसुर अपराध गरेको हुँदा निज प्रतिवादी ज्याङ्ग भोटेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

अ.बं. १८८ नं. को आधारमा प्रतिवादीलाई ८ (आठ) वर्ष कैद गर्ने राय जाहेर गरेको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीको मृतकलाई मार्नुपर्ने सम्मको रिसइवी नभएको मृतक र छोराको झगडा कुटपिटका कारण छोराको बचाउको क्रममा घटना घट्न गएको भन्ने देखिएको अदालतमा कसुरमा साबित भई न्याय सम्पादनमा सहजता भएको तथा निजको उमेर मिसिलबाट ६६ वर्ष पुगेको जेष्ठ नागरिक देखिँदा निजलाई ८ (आठ) वर्ष कैद गर्दा ऐनको उद्देश्य पूरा हुने देखिएकोले पुनरावेदन अदालत, धनकुटाले व्यक्त गरेको राय मनासिब देखिने।

तसर्थ, प्रतिवादी ज्याङ्ग भोटेले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. विपरीत कसुर अपराध गरेको पुष्टि हुँदा निज प्रतिवादी ज्याङ भोटेलाई ऐ.ऐनको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. को आधारमा निज प्रतिवादी ज्याङ भोटेलाई ८(आठ) वर्ष मात्र कैद गर्ने राय जाहेर गर्ने गरी साबिक पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७१।८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-१५११, भ्रष्टाचार, *शान्ता चन्द वि. नेपाल सरकार*

पुनरावेदिका प्रतिवादी शान्ता चन्दले सेवा प्रवेश गर्दा पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र अनुसन्धानको क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले र निज प्रतिवादीले विशेष अदालतमा बयान गर्दा प्रमाणमा पेस गरेको प्रमाणपत्रसमेत उच्च माध्यमिक शिक्षा परिषद्मार्फत ती प्रमाणपत्रहरू जारी गर्ने शैक्षिक संस्था शिक्षा परिषद् उत्तर प्रदेश भारतबाट प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको अनुक्रमाङ्क "अनुदानित नहिहै, अपुष्टित" भनी उल्लेख भई आएबाट निजले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झुठ्ठा (नक्कली) रहेको भन्ने देखिने।

प्रतिवादीउपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ एवम् हाल प्रचलित भ्रष्टाचार निवारण

ऐन, २०५९ दुवै ऐनको कसुर र सजायको दाबी लिई आरोपपत्र पेस हुन आएको देखिन्छ । प्रतिवादीलाई कुन कानूनअन्तर्गत के कति सजाय हुनुपर्ने हो भन्ने प्रश्नतर्फ विचार गर्दा कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने प्रचलित नेपालको संविधान तथा स्थापित न्यायको मान्य सिद्धान्त रहेको छ । यी प्रतिवादीले २०५४ सालमा महिला तथा बालबालिका कार्यालय बर्दियाको मुख्य महिला कार्यकर्ता (रा.प. अनंकित द्वितीय श्रेणी) को पदमा सेवा प्रवेश गर्नको लागि विवादित शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको देखिएकोले सो प्रमाणपत्र पेस गर्दा वहाल रहेको साबिक भ्रष्टाचार निवारण ऐनकै व्यवस्था आकर्षित हुने ।

तसर्थ विवेचित आधार एवम् कारणबाट प्रतिवादी शान्ता चन्दले नक्कली (झुट्टा) बेहोराको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहऱ्याई निज प्रतिवादी शान्ता चन्दलाई सोही ऐनको दफा १२ र २९(२) नं. बमोजिम रू. ५००।- (पाँच सय) जरिवाना गर्ने गरेको विशेष अदालत, काठमाडौंको मिति २०७२।११।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-WO-१०९८, उत्प्रेषण / परमादेश, *डा. पुरूषोत्तमराज सेढाई वि. लोक सेवा आयोग के.का. अनामनगरसमेत*

लोक सेवा आयोगले गरेको उक्त निर्णय ठीक छ, छैन ? भनी हेर्दा, सर्वप्रथम निर्णय गर्दा आधार लिएको लोक सेवा आयोग ऐन, २०६६ को दफा ३१(१) मा भएको कानूनी व्यवस्था हेर्नुपर्ने हुन आयो । उक्त दफा ३१(१) मा कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा अनियमित कामकारवाही गरेमा वा आयोगले तोकेको सर्तको उल्लङ्घन गरेमा आयोगले त्यस्तो उम्मेदवारको परीक्षा रद्द गरी त्यसपछि हुने कुनै विज्ञापनबमोजिमको परीक्षामा आयोगले तोकेको अवधिसम्म निजलाई उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्नसक्नेछ भन्ने कानूनी व्यवस्था छ । यसरी यस ऐनमा कुनै उम्मेदवारले अनियमित काम कारबाही गरेमा सजायको व्यवस्था गरेको भए पनि के कस्तो कार्य गरेमा अनियमित कामकारवाही हुने भनेर भने यस ऐनमा, उक्त ऐनअन्तर्गत बनेको लोक सेवा आयोग नियमावली, २०६६ र लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिकामा समेत कतै उल्लेख गरेको पाइँदैन । यसमा सामान्यतः तथा न्यायिक मनले व्याख्या गर्दा परीक्षामा आफूलाई फाइदा हुने गरी वा अरूलाई कुनै बेफाइदा हुने गरी गरिने कुनै कार्य वा परीक्षामा कहीँकतैबाट उत्तर सार्ने वा अरूलाई परीक्षामा कुनै प्रकारले बाधा अवरोध (Disturbance) गर्ने, परीक्षामा निषेधित सामान प्रवेश गराउने, संलग्न कर्मचारीलाई कर्तव्य पालनामा बाधा अवरोध पुऱ्याउने, परीक्षा समयमै प्रश्नपत्र बाहिर पठाउने, अर्काको नाममा परीक्षा दिनेजस्ता सामान्यतः हेर्दा पनि परीक्षाका लागि अवाञ्छनीय देखिने, परीक्षाको स्वच्छता वा मर्यादामा वा व्यवस्थापनमा आँच आउने कार्य गरेमा अनियमित कार्य गरेको मान्नुपर्ने ।

निवेदकले परीक्षा समाप्त भएपछि कुनै दुराशय लिई अर्थात् परीक्षाको मर्यादा र नियमविपरीत अवाञ्छित क्रियाकलाप गर्ने उद्देश्यले उत्तरपुस्तिका बाहिर ल्याएको नभई कहिलेकाहीँ हुनसक्ने मानवीय त्रुटिअनुसार केही कारणबाट झुक्किएर सरासर आफ्नो हातमा कापी बोकी बाहिर आउन पुगेको देखिन आयो । यस्तो कुनै दुराशय नलिई गरेको कार्यलाई उल्लिखित कानूनअनुसार अनियमित कार्य मानी सजाय गर्नु न्यायोचित भन्न नसकिने ।

निवेदकले मिति २०७२।१०।२७ का दिन सञ्चालित भएको परीक्षामा उत्तरपुस्तिका बाहिर ल्याई आएको विषयलाई लिएर लोक सेवा आयोगले मिति २०७२।१२।११ मा यी निवेदकको परीक्षा रद्द गरी

निजलाई उल्लिखित परीक्षामा अनियमितता गरेको मितिदेखि २ वर्षसम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने गरी निर्णय गरेको पाइयो । उक्त निर्णय गर्नुअघि यी निवेदकलाई सोबारेमा सूचना दिई आफ्नो कुरा राख्ने सुनुवाइको मौका दिएर गरेको नभई आयोगले परीक्षा सञ्चालनमा खटिएका कर्मचारीको मुचुल्काका आधारमा मात्र निर्णय गरेको देखिएको छ । यसमा सुनुवाइको मौका दिन सकिने अवस्था रहेको थिएन भनेर भन्न सकिने अवस्था पनि देखिँदैन । साथै उक्त निर्णयमा किन कसरी उक्त कार्य अनियमित कार्य भयो भन्ने कुनै आधार कारणसमेत खुल्न आएको देखिँदैन । प्रतिवेदन पूर्वाग्रहरहित तथा सत्य नै हो भन्न सकिने आधारसमेत रहेको छैन । यसमा निज निवेदकलाई निर्णय गर्नुअघि आफ्ना कुरा भन्ने सुनुवाइको मौका नदिएको र निर्णयपछि पनि सोमा चित्त नबुझे यसो गर्नु भन्ने केही नभनी केवल प्रतिवेदनको भरमा निवेदकको भविष्यमा नै असर गर्ने गरी गरेको यस्तो निर्णयलाई स्वच्छ र निष्पक्ष निर्णय मान्न नसकिने ।

माथि विवेचित आधार कारणबाट यी निवेदकले परीक्षामा अनियमितता गरेको देखिने कुनै अवाञ्छनीय कार्य गरेको नदेखिएको, निर्णय गर्दा सोबारेमा जानकारी तथा सुनुवाइको मौका दिनुपर्ने आधारभूत कुराको समेत परिपालना भएको नदेखिएको जस्ता कारणले यी निवेदकको हक हितमा असर गर्ने गरी लोक सेवा आयोगबाट भएको उक्त निर्णय कानूनअनुरूप नै भएको भन्न सकिएन । यस्तो अवस्थामा भएको निर्णय बदर गरी निवेदकको हक अधिकार प्रचलन गराउन यस अदालतले आवश्यक आदेश जारी गर्नुपर्ने ।

अतः लोक सेवा आयोगबाट निवेदक पुरूषोत्तमराज सेढाईलाई मिति २०७२।१०।२७ मा सञ्चालित परीक्षामा अनियमितता गरेको भनी निजको उक्त परीक्षा रद्द गरी उल्लिखित परीक्षाको मितिदेखि २ वर्षसम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने गरी भएको निर्णय र सोसम्बन्धी आयोगबाट प्रकाशित सूचना, पत्राचारलगायत सो निर्णयसँग सम्बन्धित सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । उक्त परीक्षा तथा निवेदक सहभागी भएका सबै परीक्षाहरूको नतिजा प्रकाशित गरी निवेदकले नियमानुसार दरखास्त दर्ता गराएका उक्त निर्णय अघि र पछिका विज्ञापनमा अन्य कुनै कानूनबमोजिमको कारणले यी निवेदकलाई उम्मेदवार कायम गर्नु नपर्ने देखिएमाबाहेक सो निर्णयका आधारमा मात्र उम्मेदवार बन्न रोक नलगाई उम्मेदवार हुन दिई परीक्षामा समेत सहभागी हुन दिनू दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CI-१३१२, अंश, *सुदामादेवी तेलिनसमेत वि. भालसैरदेवी साहसमेत*

फैसलाको जानकारी पाएर पनि म्यादभित्र पुनरावेदन नगरी पछि नक्कल सारी थाहा पाएको मिति कायम गरी प्रत्यर्थी प्रतिवादी भालसैर देवी तेलिनले पुनरावेदन अदालत, राजविराजमा मिति २०६६।११।०४ मा पुनरावेदन गरेको देखिन्छ । यसरी म्याद तामेल भएको र नक्कल सारेको मितिमध्ये जुन पहिला छ, सोही मितिका आधारमा पुनरावेदन गर्ने म्याद गणना गर्नुपर्ने हुन्छ । त्यसरी हेर्दा निज प्रत्यर्थी प्रतिवादी भालसैर देवीले म्यादभित्र पुनरावेदन गरेको नदेखिने ।

पुनरावेदन अदालत, राजविराजले सर्वप्रथम आफूकहाँ पर्न आएको पुनरावेदन कानूनका म्यादभित्रको छ, छैन? भनी निरूपण गरेर मात्र मुद्दाको तथ्यमा प्रवेश गर्नुपर्नेमा सोतर्फ विचारै नगरी मुद्दाको तथ्यमा प्रवेश गरी कि.नं.७२२ र कि.नं.३८५ को

घरजग्गाबाट समेत पुनरावेदकले ३ भागको १ भाग अंश पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१२।२१ को फैसला कानून र न्यायको रोहमा मिलेको नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणसमेतबाट प्रत्यर्थी प्रतिवादी भालसैरदेवी साह तेलीले पुनरावेदन अदालत, राजविराजमा दायर गरेको पुनरावेदनपत्र कानूनका म्यादभित्र दायर भएको नदेखिएकाले पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।१२।२१ मा तथ्यमा प्रवेश गरी भएको फैसला कायम रहनसक्ने अवस्था नहुँदा निज प्रत्यर्थी प्रतिवादी भालसैर देवी साह तेलीले तत्कालीन पुनरावेदन अदालत, राजविराजमा दायर गरेको पुनरावेदन पत्र खारेज हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ १७ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०७२-MS-०००८, अदालतको अवहेलना, *प्रभाकर अधिकारीसमेत वि. त्रि.वि. सेवा आयोगका अध्यक्ष प्रा.डा. इश्वरचन्द्र दत्त*

जुन मुद्दामा भएको आदेशको अवज्ञा गरी अदालतको अवहेलना भयो भनिएको हो सोही मुद्दा नै खारेज हुने ठहरी फैसला भइसकेको देखिँदा निवेदकको निवेदन जिकिर औचित्यहीन देखिन आउने।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट कानून विषयको विज्ञापित प्राध्यापक पदका उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्क उपलब्ध नगराएकोबाट उक्त प्राप्ताङ्कको सूचना उपलब्ध गराउनु भन्ने यस अदालतको मिति २०७२।५।२९ को आदेशबमोजिमको प्राप्ताङ्कको विवरण मिति२०७२।७।१३ मा निवेदक श्री प्रभाकर अधिकारीलाई उपलब्ध गराइएको त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयको मिति २०७२।८।२५ को पत्रसाथ प्राप्त विवरणबाट देखिन्छ। यसबाट निवेदकहरूले जुन कुराको सूचना उपलब्ध गराइएन भनेको हो सोको सूचना दिएको मिसिलबाट देखिने।

अदालतबाट भएका र भविष्यमा हुने आदेशलाई अन्यथा सम्झने बोल्ने र विषयान्तर गर्ने कुरामा मैले कल्पाना पनि गर्न सक्दिन। अदालतको आदेशलाई सम्मानपूर्वक कार्यान्वयन गर्नु सबै नागरिकको कर्तव्य हुनेमा मैले त्यसलाई अन्यथा गर्ने कुरामा सोच्न पनि सक्दिन भनी अदालतको अवहेलना नगर्ने कुरामा विपक्षी प्रतिबद्ध रहेको पाइयो। यसप्रकार विपक्षी सेवा आयोगको कार्यालयबाट सर्वोच्च अदालतको मिति २०७२।५।२९ को आदेशको अवज्ञा गरी अदालतको अवहेलना गरेको भन्ने देखिन नआएकोले निवेदन मागबमोजिम विपक्षीले अदालतको अवहेलना गरेको ठहर गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०७१-CI-०६८८, लेनदेन, *सत्यनारायण कुशवाहा वि. महेन्द्र मण्डल धानुक*

सुरू मिसिल संलग्न प्रस्तुत मुद्दाको तारेख भरपाई हेर्दा उक्त मिति २०६८।११।९ मा वादीको तारेख थामिइसकेपछि सोही मितिमा अदालतले तोकेको तारिख लिई अदालतमा त्यसपछिको तारिखहरूमा हाजिर भइरहेको देखिन्छ। मिति २०६८।११।९ मा तारेख थाम्ने निवेदन दिई तारेख थाम्ने आदेश भएपछि सोही दिन वादीले तारेखमा सहिछापसमेत गरेको सुरू मिसिलबाट देखिएकोले मिति २०६८।११।९ मा वादी अदालतमा उपस्थित नै थिएन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब

देखिएन । यसरी वादी स्वयम् अदालतमा मिति २०६८।११।९ मा हाजिर भई तारिख भरपाईमा सहिछापसमेत गरेको देखिँदा उक्त दिन निजले दिएको निवेदनमा सहिछाप छुटेकै भरमा उक्त तारिख थाम्ने निवेदन बेरीतको भन्न मिल्ने नदेखिने।

तसर्थ, मिति २०६८।११।९ गतेका दिन गुज्रेको तारेख थामिपाउँ भनी वादीको निवेदन परेको सो दिन र त्यसपछि पनि वादी अदालतमा हाजिर भएको अवस्थामा सिराहा जिल्ला अदालतबाट मुलुकी ऐन, अ.बं. १८५(क)(२) बमोजिम प्रस्तुत मुद्दा डिसमिस फैसला गरेको मिलेको देखिएन। यस्तो अवस्थामा सुरू सिराहा जिल्ला अदालतको मिति २०६९।१२।२२ को फैसला बदर गरी मुलुकी ऐन, अ.बं. ७८ नं. को प्रक्रियालगायतका बाँकी कार्य पूरा गरी कानूनबमोजिम गर्नु भनी तारेखमा रहेका पक्षलाई तारेख तोकी मिसिल सुरू सिराहा जिल्ला अदालतमा पठाइदिने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।३।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०७१-MS-०००८, अदालतको अवहेलना, *डा. विजय सिंह सिजापतीसमेत वि. प्रा.डा. हिराबहादुर महर्जनसमेत*

निवेदकले जुन आदेशको अवहेलना भयो भनी दाबी लिएको हो सो आदेश नै निष्क्रिय हुने र रिट निवेदन नै खारेज हुने ठहरी मिति२०७२।९।२८ मा फैसला भइसकेको देखिँदा निवेदकको निवेदन जिकिर औचित्यहीन देखिन आउने।

अदालतबाट विपक्षीहरूका नाममा मिति २०७०।१२।१३ र २०७०।१२।६ मा अन्तरिम आदेश भएकोमा विपक्षीहरूलाई प्राध्यापक पदको नियुक्तिको लागि त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०७०।११।२९ को निर्णयअनुसार मिति २०६९।१२।२८ देखि लागू हुने गरी मिति २०७०।११।२९ मा नियुक्तिपत्र दिई मिति २०७०।११।३० बाटै क्याम्पसमा हाजिर भई पठन पाठन गरिसकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिँदा यस अदालतबाट अन्तरिम आदेश हुनुअगावै विपक्षीहरूले काम कारवाही गरिसकेको हुँदा अदालतको अवहेलना गरी काम गरे गराएको भन्ने देखिन नआउने।

तसर्थ, माथि विवेचना गरिएअनुसार विपक्षीहरूबाट यस अदालतको अवहेलना हुने गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०२(३) र सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम कुनै पनि कार्य भए गरेको नदेखिँदा निवेदन मागबमोजिम विपक्षीहरूलाई अदालतको अवहेलनामा कारवाही गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ८ गते रोज ६ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-०५३४, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. राजकुमार राई*

प्रतिवादीले अनुसन्धानको क्रममा बरामदी सामानहरू आफूले लागु औषधको कारोबारबाट आर्जित रकमले खरिद गरेको हो भन्ने बयान गरेपनि अदालतमा बयान गर्दा सो विषयमा पूर्णरूपमा इन्कारी रहेको देखिन्छ । अदालतको बयानमा अनुसन्धानको क्रममा भएको बयान झुट्ठा हो । मैले लागु औषध कारोबार गरेको र सोबाट रूपैयाँ आर्जन गरेको भनेको समेत होइन र ९८०३७९८११८ नं. को मोबाइल मैले आफैँले प्रयोग गरेको मोबाइल हो भनी प्रस्टरूपमा

उल्लेख भएको पाइन्छ । साथै रू.२०,००० हजार नगद प्रतिवादीको साथमा रहनु कुनै ठूलो कुरा होइन । त्यसैगरी मोबाइलको हकमा पनि त्यो के-कसरी कसबाट प्रयोग भयो भन्ने अभियोग दाबीमा खुलेको पाइँदैन । मोटरसाइकल प्रतिवादीले चढीरहेको अवस्थामा बरामद भए पनि लागु औषध मोटरसाइकलको डिकी वा अन्य स्थानबाट बरामद भएको नभई प्रतिवादीको खल्तीबाट बरामद भएको अवस्था छ । यी अपराधी पटके हुन् भन्ने नदेखिएको स्थितिमा लागु औषध कारोबारमा मोटरसाइकल प्रयोग भएको भन्ने यकिन भन्न सकिने अवस्था रहँदैन । साथै अभियोगपत्रसाथ बरामदी समानहरू पेस हुँदैमा प्रतिवादीले लागू औषधबाट खरिद आर्जन गरेको सम्पत्ति हो भन्न सकिने अवस्था पनि रहँदैन । अत: निश्चयात्मक तथा ठोस सबुद प्रमाणबाट बरामदी समानहरू प्रतिवादीले लागु औषधको कारोबारबाट आर्जित रकमले खरिद गरेको हो भनी पुष्टि नभएको हुँदा बरामदीतर्फको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: माथि विवेचित आधार प्रमाणसमेतबाट पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।५।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नन्दकिशोरप्रसाद यादव

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-११९७, कर्तव्य ज्यान, *प्रभुलाल बुढामगर वि. नेपाल सरकार*

जाहेरी दरखास्त बेहोरामा प्रतिवादीको ३ वटा श्रीमती रहेका र मृतक डिल्ली पुन माहिली श्रीमती भएको र बेलाबेला घरायसी विवाद भइरहने र मिति २०६५।९।१९ गतेको राति १९:५० बजेको समयमा प्रतिवादी र मृतकबीच घरायसी विवाद भएको अवस्थामा भरूवा बन्दुक फायर गरी श्रीमती डिल्ली पुनलाई कर्तव्य गरी मारेको समेत उल्लेख भए रहेको देखिन्छ । सोही बेहोरालाई पुष्टि हुने गरी मौकामा कागज गर्ने व्यक्तिहरू नोखिराम खड्का, नरहरी भण्डारी र हरिभक्त वलीको कागज रहेको देखिन्छ भने यिनै व्यक्तिहरूले अदालतमा बकपत्र गर्दा मौकामा गरेको कागजको ठीक उल्टो बकपत्र गरेको देखिन्छ । यसबाट मौकामा गरेको कागज र पछि अदालतमा गरेको बकपत्रमा एकरूपता नरहेको स्पष्ट देखियो । स्पष्ट एकरूपता नरहेको सन्दर्भमा सामान्यतया यी अवस्थाको साक्षीको बकपत्र प्रमाणयोग्य हुँदैन । तसर्थ यस्ता साक्षीहरूको बकपत्र प्रमाणयोग्य नहुने हुँदा साक्षीको भनाइ मात्रको आधारमा घटना भवितव्यबाट नै घट्न गएको हो भन्ने स्पष्टत: भन्न मिल्ने नदेखिने ।

जाहेरवाला गणेश बुढा मगरको मौकाको जाहेरीमा प्रतिवादी प्रभुलाल बुढामगरले घातक हतियार भरूवा बन्दुक फायर गरी भाउजू डिल्ली बुढाको मृत्यु भएको बेहोरा लेखाइदिएको देखिन्छ भने कर्तव्य गरी मार्ने कार्यमा प्रयोग भएको भरूवा बन्दुकसमेत बरामद भई दशीको रूपमा पेस भएको अवस्था देखिन्छ । घरमा यसै राखेको बन्दुकमा सामान्यतया गोली भरेर राखेको अवस्था हुँदैन । प्रतिवादीले बन्दुकमा गोली भरी राखिराखेको भन्ने छ । सधैँ गोली भरी राख्ने गरेको भए सो कुरा मृतकलाई पनि थाहा हुने हुँदा निजले भरूवा बन्दुक ताकी जिस्किने, त्यसै बन्दुक खोस्न जाने र खोस्नसक्ने अवस्था सामान्यत: रहँदैन । त्यस्तो गर्नुपर्ने कारण पनि मिसिलमा भेटिँदैन । उल्लिखित किटानी जाहेरी, लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट वारदातको स्वरूप तथा प्रकृति भवितव्यअन्तर्गतको नभई घरायसी विवादकै कारण बन्दुकले गोली प्रहार गरी कर्तव्य गरी मारेको स्पष्ट देखिन आयो । उपर्युक्त उल्लिखित तथ्यहरूको आधारमा मृतकलाई मार्ने मनसाय, तयारी र रिसइवी केही रहेको पुष्टि नभएको भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने अवस्थासमेत देखिन नआउने ।

अत: माथि विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादी प्रभुलाल बुढामगरलाई भवितब्यको कसुर

कायम गरी मिति २०६७।३।२८ मा बाँके जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रभुलाल बुढामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने तथा वादी पक्षका साक्षीहरू हरिभक्त वली, नरहरी भण्डारी तथा नोखिराम खड्काले आफ्नो पूर्व भनाइको ठीक उल्टो हुने गरी झुट्ठा बकपत्र गरेको हुँदा मुलुकी ऐन, अ.बं.१६९ नं. बमोजिम हरिभक्त वली, नरहरी भण्डारी तथा नोखरी राम खड्कालाई जनही रू.२,०००।- (दुई हजार) का दरले जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।३।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नन्दकिशोरप्रसाद यादव

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CR-०४०७, ०६७-CR-०९४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. स्वामिनाथ यादवसमेत र मनोज यादवसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू अख्तर हुसेन र सिराजुद्दिन मुसलमान पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।१२।१० गते फैसला हुँदाको दिन तारिखमा रहेको पनि पुनरावेदन अदालत, बुटवलको रेकर्ड मिसिलबाट देखिन्छ। यस अवस्थामा निज प्रतिवादीहरू समेतउपर सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६५।५।३ मा सफाई दिने गरी भएको फैसला मिलेन भनी वादी नेपाल सरकारको पुनरावेदन परेको र पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।३।२८ मा प्रत्यर्थी झिकाउने आदेश भई निजहरू तारिखमा रहेको अवस्थामा निज दुई जना प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने हुन् वा के कुन कसुर ठहर भई के कस्तो सजाय हुने हो ? पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।१२।१० गते फैसला हुँदा निज प्रतिवादीहरू अख्तर हुसेन र सिराजुद्दिन मुसलमानको बारेमा फैसला गरेको नदेखिने।

अतः पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।१२।१० मा भएको फैसलामा मुलुकी ऐन, अ.बं. १९२ को प्रत्यक्ष त्रुटि गरी गरेको फैसला मिलेको नदेखिँदा बदर गरी दिएको छ। अब पुनरावेदनपत्रमा उल्लेख गरिएका सबै प्रतिवादीहरूको सम्बन्धमा जो जे बुझ्नु पर्ने हो बुझी एकैपटक सबै प्रतिवादीहरूको हकमा फैसला गर्नु भनी उपस्थित पक्षलाई तारिख तोकी मिसिल उच्च अदालत, तुलसीपुर, बुटवल इजलासमा पठाइदिने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-०२६४, हक कायम जग्गा दर्ता नामसारी, *बद्रीमान मास्के वि. रामकुमारी प्रधान*

विवादित कि.नं. को दक्षिणतर्फ मोटरबाटो देखिएको अवस्थामा विवादित जग्गा सार्वजनिक प्रयोजनको जग्गा रहेको भन्ने नै देखिन्छ भने विभिन्न मितिमा फुटुङ गा.वि.स.बाट सम्बन्धित पक्षहरूले पेस गरेका सिफारिस तथा सर्जमिन मुचुल्काहरूमा एउटै बेहोरा उल्लेख नभई कहिले जगतबहादुर प्रधान र कहिले जगतमान मास्के श्रेष्ठको जोतभोगमा रहेको भन्ने भिन्न प्रकारका विवादास्पद बेहोराहरू उल्लेख भएको आधार र कारणबाट समेत प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६६।२।१७ को फैसलाउपर वादीको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा प्रमाणहरूको विवेचना मूल्याङ्कन नै नगरी जग्गासँग भिड्छ, भिड्दैन ? पेस भएका प्रमाणहरू एक अर्कालाई परस्पर नदेखाई नसुनाई गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६६।२।१७ को फैसला

मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । अब सम्पूर्ण प्रमाण दर्ता स्रेस्ता लगतसमेत हेरी ती प्रमाणहरूको समुचित मूल्याङ्कनसमेत गरी जो जे बुझ्नुपर्छ बुझी निर्णय गर्नु भनी पुनः इन्साफको लागि सुरू काठमाडौं जिल्ला अदालतमा पठाइदिने ठहर्छ । दुवै पक्षलाई सुरू जिल्ला अदालतमा तारेख तोकी पठाइदिनु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।७ मा फैसला भएको देखिन्छ । मुद्दामा वादी र प्रतिवादीहरूले देखाएका हकको स्रोत र प्रमाणको मूल्याङ्कन र विवेचना गरेर हक यकिन गरी सुरू तहबाट फैसला हुनु उपयुक्त नै देखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।७ मा भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने ।

तसर्थ माथि विवेचित आधारमा प्रमाणको मूल्याङ्कन गरी फैसला गर्नु भनी जिल्ला अदालतमा पठाएको देखिएको हुँदा प्रमाणको विवेचना भएर हक यकिन भई सुरू तहबाट नै फैसला हुनु उपयुक्त हुने हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-१३६२, ०६७-CI-१६४९, जग्गा दर्ता गरी प्रमाण पुर्जा पाउँ, *कान्छी तामाङ्नी वि. वीरबहादुर तामाङ र वीरबहादुर तामाङ वि. हर्कबहादुर तामाङ*

मिति २०४०।७।७ को लिखतमा वीरबहादुर तामाङका बाबु रामबहादुर तामाङ साक्षी बसेको र मिति २०३१।८।५ को लिखतमा हर्कबहादुर तामाङ साक्षी बसेको हुँदा सो लिखतहरूमा उल्लिखित बेहोराको हदसम्म यी दुवै पुनरावेदक वादी प्रतिवादीहरूका पति तथा बाबु विबन्धित भई दुवै कित्ता जग्गा एकैका नभई कि.नं. २७९ को जग्गा कान्छारामले नै हरिबहादुर भन्ने हर्कबहादुर तामाङलाई राजीनामा गरी दिएको र कि.नं. १४३ को जग्गा कान्छारामको भएको र निजको पालनपोषण यी पुनरावेदक वादी वीरबहादुर तामाङका बाबु रामबहादुर तामाङले गरेको देखिएको हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१।७ मा भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणसमेतबाट मिति २०४०।७।७ को लिखतमा वीरबहादुर तामाङका बाबु रामबहादुर तामाङ साक्षी बसेको र मिति २०३१।८।५ को लिखतमा हर्कबहादुर तामाङ साक्षी बसेको हुँदा सो लिखतहरूमा उल्लिखित बेहोराको हदसम्म यी दुवै पुनरावेदक वादी प्रतिवादीहरूका पति तथा बाबु विबन्धित भई दुवै कित्ता जग्गा एकैका नभई कि.नं. २७९ को जग्गा कान्छारामले नै हरिबहादुर भन्ने हर्कबहादुर तामाङलाई राजीनामा गरी दिएको हुँदा सो कि.नं.२७९ को जग्गामा हर्कबहादुर तामाङलाई मोही कायम गरी जोत नामसारी गर्ने मिति २०६४।८।२० मा मालपोत कार्यालय काभ्रेपलाञ्चोकबाट भएको निर्णय सदर गर्ने र कि.नं. १४३ को जग्गाको मोही यी पुनरावेदक वादी वीरबहादुर तामाङलाई कायम गरी जोत नामसारी गरिदिनु पर्नेमा सो नगरी मालपोत कार्यालय, काभ्रेपलाञ्चोकबाट मिति २०६४।८।२० मा भएको निर्णय केही उल्टी गरी कि.नं. १४३ को जग्गाको मोही वीरबहादुर कायम भई उक्त जग्गाको जोत नामसारीसमेत गरी लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१।७ को फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०८४९, खोटा चलन, *ज्योतिप्रसाद पुन वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनलाई बलमान पुनले नोट दिएको भनी नक्कली नोट छाप्ने संलग्नतामा यी प्रतिवादी अधिकारप्राप्त अधिकारी र

अदालतमा समेत इन्कार रही बयान गरेका छन् भने यी प्रतिवादीले नोट बाहिडा छापेको वा छाप्ने यन्त्र, उपकरण राखेको भन्ने पनि कहीँकतैबाट देखिँदैन । यस अवस्थामा यी पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनलाई मुलुकी ऐन, खोटा चलनको महलको ४ (१) नं. बमोजिम सजाय गर्न मिल्ने नदेखिने ।

पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनले नक्कली नोट थाहा नपाई बोकेकोसम्म देखिन्छ । नक्कली नोट नक्कली भन्ने जानीजानी चलनमा ल्याइसकेको भन्ने पनि देखिँदैन । पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनले नक्कली नोट बाहिडा छापेको भन्ने प्रमाणबाट नदेखिएको, यी पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनलाई बलमान पुनले नोट दिएको भनी नक्कली नोट छाप्ने संलग्नतामा यी प्रतिवादी इन्कार रही सुरू अदालतमा गरेको बयान निजका साक्षीको बकपत्रबाट समेत पुष्टि भएको, यी प्रतिवादीले नोट बाहिडा छापेको वा छाप्ने यन्त्र, उपकरण राखेको भन्ने पनि नदेखिएको, नक्कली नोट थाहा नपाई बोकेकोसम्म देखिएको, नक्कली नोट नक्कली भन्ने जानीजानी चलनमा ल्याइसकेको भन्ने पनि नदेखिएको अवस्थामा यी पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनले नक्कली नोटको कारोबार गरेको भनी सजाय गर्न पनि मिल्ने नदेखिने ।

प्रतिवादीउपर कसुर गरेको भनी लेख्ने लेखाउने वादी पक्षले ती आफ्ना साक्षीलाई बकपत्र गराई दाबी खम्बिर गर्न नसकेको र अन्य शङ्कारहित सबुद प्रमाणसमेत पेस गर्नसकेको देखिँदैन । वादी नेपाल सरकारको अभियोग दाबी साक्षी सबुद प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनलाई मुलुकी ऐन, खोटा चलनको महलको ४ (१) नं. बमोजिम दश वर्ष कैद सजाय गर्ने गरी सुरू बागलुङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, बागलुङबाट मिति २०७०।३।२४ मा भएको फैसला मिलेको नदेखिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट, यी पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनलाई मुलुकी ऐन, खोटा चलनको महलको ४ (१) नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन नआएकाले पुनरावेदन अदालत, बागलुङबाट मिति २०७०।३।२४ मा भएको फैसला मिलेको नदेखिएकाले उल्टी भई यी पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । यी पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको थुनाबाट छाडिदिनु भनी सम्बन्धित कारागार कार्यालयमा लेखिपठाउनु र सुरू बागलुङ जिल्ला अदालतको मिति २०६९।३।२१ को फैसलाको तपसिल खण्डको देहाय २ कायम नरहने हुँदा निज पुनरावेदक प्रतिवादी ज्योतिप्रसाद पुनको कैद तथा जरिवानाको लगत कट्टा गर्नु भनी सुरू बागलुङ जिल्ला अदालतमा लेखी पठाउने ।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असार २७ गते रोज ३ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-CR-०४३९, ०६९-CR-०७४४, कर्तव्य ज्यान तथा रहजनी चोरी, *रामप्रसाद बन्जाडे वि. नेपाल सरकार र तर्ताल देवकोटा वि. नेपाल सरकार*

जाहेरवाला उक्त वारदातको प्रत्यक्षदर्शी तथा पीडितसमेत भएको हुँदा निजले व्यक्त गरेको तथ्य प्रमाण ऐन, २०३१ को दफा १० (क) र (ख) बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ । साथै रामप्रसाद बन्जाडेले चलाएको गाडीले मृतकलाई घाइते अवस्थामा गाडीको टायरमुनी हाली हत्या गरेका हुन् भनी ना.३ ख ३४७७ नं. को बसमा रहेका माधव वि.क., दामोदर न्यौपाने, देवा भण्डारी, गणेशबहादुर घर्ती, सन्तोष लामिछानेसमेतका मानिसहरूले मौकामा अनुसन्धान अधिकारीसमक्ष

लेखाइदिएको देखिँदा मृतक चुडामणी भुषालको मृत्यु प्रतिवादी रामप्रसाद बन्जाडेले चलाएको गाडीले किचेर भएको तथ्य मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरेको देखिने।

प्रतिवादी रामप्रसादको मृतक चुडामणी भुषाललाई मार्नुपर्ने मनसाय, पूर्वरिसइवी र इवीलाग रहे भएको देखिँदैन। चुडामणीलाई मार्न कुनै योजना, षड्यन्त्र वा तयारी केही गरेको पनि देखिँदैन। घटित वारदातमा जोखिमी धारिलो वा सानातिना हतियारको प्रयोग भएको पनि देखिँदैन। कुनै पुरानो रिसइवीका कारणले घटना भएको पनि होइन। गाउँका मानिसलाई बाहिरका बसले नबोकुन् भन्ने सामान्य विषयमा विवाद भई बसले किचेर मृतकको मृत्यु भएको देखिँदा प्रस्तुत मुद्दामा मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १३ (३) नं. को कानूनी व्यवस्था आकर्षित हुने अवस्था नदेखिने।

यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधनबाट दुर्घटना भएमा मुलुकी ऐनको कानूनी व्यवस्था आकर्षित हुने देखिएन। सवारी दुर्घटनाको रोकथाम गर्न र दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन छुट्टै विशेष ऐन, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विधायिकाले निर्माण गरेको देखिँदा बसले किची दुर्घटना भएको प्रस्तुत मुद्दामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ नै मुलुकी ऐन, प्रारम्भिक कथनको ४ नं. समेतबाट आकर्षित हुने।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) को कानूनी व्यवस्था आकर्षित हुनलाई कसैको ज्यान लिने आपराधिक मनसायका साथ सवारी दुर्घटना गराएको हुनु पर्ने र आफूले गर्न लागेको आपराधिक कार्यको परिणाम पहिला नै देखी सोही परिणाम प्राप्तिका लागि लागेको देखिनु पर्दछ। तर, प्रस्तुत मुद्दामा ज्यान मारौँ भन्ने आपराधिक मनसायले अभिप्रेरित भई रामप्रसाद बन्जाडेले भिरालोमा रोकी राखेको बस अगाडि बढाउँदा चुडामणी भुषाललाई नै किच्दछ भन्ने निश्चित हुँदैन। यस्तो अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१ (१) आकर्षित हुने नदेखिने।

दुर्घटना हुनसक्ने अवस्थाको ख्यालै नगरी लापरवाहीका साथ बस चलाउँदा बसको पछाडितर्फको बायाँ चक्काले चुडामणी भुषाललाई किची मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदा निज प्रतिवादी रामप्रसाद बन्जाडेलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद गर्नुपर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला सो हदसम्म मिलेको नदेखिने।

प्रतिवादीहरू तर्ताल देवकोटा र सरस्वती देवकोटाको वारदातमा संलग्नता रहेको तथ्यगत तथा वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले प्रेषित गर्नसकेको देखिएन। यी प्रतिवादीउपरको दाबी मिसिल प्रमाणबाट पुष्टि भएको नदेखिँदा निजहरूले आरोपित अभियोग दाबीबाट सफाई पाउने अवस्था देखियो। वारदातको प्रकृतिबाट नै ज्यानसम्बन्धीको महल आकर्षित हुने नदेखिएको र कसैलाई पनि ज्यानसम्बन्धी महलको १३ नं. बमोजिम सजाय नभएको अवस्थामा यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १७ नं. बमोजिम सजाय गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी रामप्रसाद बन्जाडेलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम दुई वर्ष कैद र प्रतिवादी तर्ताल देवकोटा र सरस्वती देवकोटालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार जनही २ वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसला केही उल्टी गरी प्रतिवादी रामप्रसाद बन्जाडेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी तर्ताल देवकोटा र सरस्वती देवकोटालाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही एक वर्ष ६ महिना कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन

अदालत, तुलसीपुर, दाङको मिति २०६९।५।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी रामप्रसाद बन्जाडेको हकमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद सजाय गर्ने गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसला मिलेको देखिँदा सदर हुने र प्रतिवादीहरूमध्येका तर्ताल देवकोटा र सरस्वती देवकोटा (भण्डारी) का हकमा निजहरूले अभियोग दाबीबाट सफाई पाउने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७४ साल साउन २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-CR-०१५४, डाँका, *नेपाल सरकार वि. डिककुमार बोहरा*

प्रतिवादी डिककुमार बोहरासमेतका प्रतिवादीहरूले बाटोमा ढुकी हातहतियार देखाई जाहेरवालाले चढेको मोटरसाइकलसमेत रहजनी चोरी गरेको पुष्टि हुन आएको छ। निज प्रतिवादीलाई अनुसन्धानको क्रममा जाहेरवालाले सनाखत गरेका छन्। निज प्रतिवादीले वारदातमा संलग्न रहेको भनी अदालतमा समेत स्वीकार गरेको देखिन्छ। दशीको मोटरसाइकल बरामद भएको छ। चोरीको ६ नं. मा वर्णीत ४ जनाभन्दा बढ्ताको जमात संलग्न भई वारदात भएको पुष्टि हुन नआएकोले चोरीको ६ नं. अनुसार नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत नसकिने।

उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट जाहेरवालाले मिति २०६६।५।३ मा दिएको सूचनाबाट वारदातमा ३ जना व्यक्तिको उपस्थिति देखाएको अवस्थामा मुलुकी ऐन, चोरीको ५ नं. ले परिभाषित रहजनी चोरीको कसुरसम्म प्रतिवादीले गरेको देखिएकोले प्रतिवादीलाई चोरीको ६ नं. को कसुरमा ऐ.१४(४) नं. बमोजिम सजाय गरेको मोरङ जिल्ला अदालतको मिति २०६७।१२।१ को फैसला केही उल्टी गरी प्रतिवादीले मुलुकी ऐन, चोरीको ५ नं. बमोजिम रहजनी चोरी गरेकोले मुलुकी ऐन, चोरीको १२, १४(३) नं. बमोजिम २(दुई) महिना कैद र रू.१,२०,०००।- (एक लाख बीस हजार) जरिवाना भई सो जरिवानाबापतमा समेत कैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।११।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-११६९, अपहरण तथा शरीर बन्धक उद्योग, *दानु गिरी वि. नेपाल सरकार*

प्रतिवादीबाट बरामद भएको मोबाइलबाट जाहेरवालाहरूलाई धम्कीपूर्ण फिरौती रकम माग गरी SMS पठाएको होइन भनी प्रतिवादीले उक्त वादी पक्षले पेस गरेको प्रमाणलाई अन्यथा हो भनी सबुद प्रमाणबाट पुष्टि गर्नसकेको देखिएन। ३/४ वटा एनसेल कम्पनीको सिमकार्डहरू बरामद भएकोमा एउटा मोबाइलमात्र बरामद भएको छ। उक्त सिमहरू बदली मोबाइलमा प्रयोग गर्ने गरेको सो तथ्यबाट देखिन्छ। प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष स्वीकारोक्ति बयान, निजबाट बरामद भएको वस्तुहरू तथा एनसेल प्रा. लि.ले धम्कीपूर्णरूपमा जाहेरवालाहरूलाई SMS पठाउन प्रयोग भएको सिम नम्बर यिनै प्रतिवादीको मोबाइलको उपयोग गरिएको भन्ने पत्रबाट समर्थित भएको देखिने।

अत: जाहेरवालाहरूले यिनै प्रतिवादीलाई किटान गरी जाहेरी दिई सोलाई समर्थन हुने गरी अदालतमा उपस्थित भई गरेका बकपत्र, यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएको देखिन्छ। तसर्थ प्रतिवादीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुरमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ नं. बमोजिम सोही

महलको ३ नं. ले हुने सजायको आधा ३ वर्ष ६ महिना कैद र रू २५,०००।- रूपैयाँ जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनले मिति २०७१।२।२५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०६९-RC-००४९, जबरजस्ती करणी र कर्तव्य ज्यान, *नेपाल सरकार वि. विजय कार्कीसमेत*

अदालतमा समेत आई निज प्रतिवादी विजय कार्कीले आफूले के, कसरी मृतकलाई के / कस्तो अपराधजन्य कार्य गरी मारी गाडेको सम्बन्धमा वर्णन गरी साबिती बयान गरेका र सो साबिती बयान मिसिल संलग्न अन्य प्रमाणहरूबाट समेत समर्थित भएको हुँदा उक्त प्रमाण ऐन, २०३१ को दफा ९(१) अनुसार निज प्रतिवादीले व्यक्त गरेको कुरा निजका विरूद्ध प्रमाणमा लाग्ने नै देखिने।

माघ महिनाको जाडो याममा दिनसमेत छोटो हुने भएकोले साँझको ६।७ बजेको समयमा अँध्यारो भइसक्ने हुँदा खोलासमेत तरी जानु पर्ने बाटोमा एकान्त अवस्थामा पुगेपछि बाटोमा नशाले लरखराउँदै खुट्टासमेत राम्ररी टेक्न नसक्ने गरी होशठेगान नभएको स्थितिमा हिँडेकी मृतकले यी प्रतिवादीहरूलाई उक्त खोलाबगरको बाटोमा आफूलाई करणी गर्नु भनी स्वीकृति वा मन्जुरी गरिन् भनी अनुमानसम्म पनि गर्न सकिने अवस्था नदेखिने।

मेलामा रहेको होटलमा खाजा खाँदाकै बखत प्रतिवादीहरूले मृतकको साथमा बसी रक्सीसमेत मगाई आफूले भने रक्सी सेवन नगरी मृतकलाई मद्होस अवस्थामा पुगुन्जेलसम्म पनि मादक पदार्थ सेवन गराई बेहोसी अवस्थामा पुऱ्याई दुई जना प्रतिवादीहरू मिली मृतकलाई घरसम्म पुऱ्याइदिने बहानामा योजनावद्ध रूपमा करणी गर्ने नियतबाट रक्सी सेवन गराई बेहोसी अवस्थामा एकान्तस्थलमा लगी करणी गरी निर्मम तवरबाट मृतकलाई मारी गाडेको कुरा प्रतिवादीहरूको उक्त साबिती बयान तथा घटनास्थल मुचुल्का एवम् पोष्टमार्टम रिपोर्टबाट पुष्टि भइरहेकोले प्रस्तुत वारदात घटना महिलाउपर क्रूर र जघन्य अपराध भएको सिद्द हुने।

उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट निज प्रतिवादी विजय कार्कीलाई मुलुकी ऐन, चोरीको महलको १ र १२ नं. बमोजिमको कसुरमा ऐ १२ नं. बमोजिम एक महिना कैद र रू.१६७०।– जरिवाना, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(४) बमोजिम ५ वर्ष कैद र ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदसमेत हुने ठहऱ्याएको सुरू सिन्धुली जिल्ला अदालतको मिति २०६७।५।२४ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।८।७ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

शाखा अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६५-WO-०२७०, परमादेश, *किरण किशोर घिमिरेसमेत वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

समान अवस्थामा एउटै संस्थानका कर्मचारीहरूमध्ये कसैलाई सुविधा प्रदान गर्ने र कसैलाई प्रदान नगर्ने भन्नु समानताको सिद्धान्तअनुकूल हुँदैन। यसबाट भेदभाव गरेको देखिन जान्छ । समान स्थितिका मानिसहरूउपर समान व्यवहार गर्नु र समानताको प्रवर्द्धन र संरक्षण गर्नु

राज्यको दायित्व हुने ।

राज्यका निकायहरूले विवाद बढाउने र नागरिकलाई कानूनबमोजिमको सुविधा पाउनका लागि पनि अदालतमा नै प्रवेश गर्न बाध्य तुल्याउने गरी काम कारवाही गर्नु हुँदैन । विवाद बढाउनेतर्फ नभएर विवादको न्यायोचित अन्त गर्ने गराउनेतर्फ राज्यका संयन्त्रहरूको प्रयास परिलक्षित हुनु पर्दछ । अदालतले कुनै कुरा कानूनी तथा न्यायोचित छ वा छैन भनी घोषित गरिदिने कार्य गर्दछ । त्यसको कार्यान्वयन सरकारका सम्बद्ध निकायहरूले नै गर्ने । अदालतबाट निरूपण भइसकेको विषयमा बहानाबाजी गरी रकमी तर्क अगाडि सारेर दायित्वबाट पन्छिन खोज्नु कानूनको शासन तथा उत्तरदायी शासन व्यवस्थासम्बन्धी मान्यताअनुकूल नहुने ।

अदालतबाट विवादको निरूपण भइसकेको सन्दर्भमा सरकारका सम्बद्ध निकायबाट सदाशयतापूर्ण र विवेकसङ्गत रूपमा व्यवहार गरिएला भनी एउटा सभ्य र जिम्मेवार नागरिकका हैसियतले केही समय शालीनतापूर्वक प्रतिक्षा गरेको कुराबाट अनुचित विलम्बको अवस्था पैदा हुँदैन । कालतिरोहित दाबीलाई निरूत्साहित गर्न, तेस्रो पक्षको हक अधिकार र वैध अपेक्षाको रक्षा गर्न र विवादलाई निश्चित समयसीमाभित्र समाधान गर्ने पद्दति कायम गर्न अनुचित विलम्बको सिद्धान्तलाई अदालत, स्वयम्ले प्रतिपादन गरेको हो । यसलाई विपक्षीको अकर्मण्यताको पुष्ट्याईं गर्ने वा न्याय गर्न ईन्कार गर्ने प्राविधिक विषयको रूपमा मात्र हेरिनु नहुने ।

अत: माथि विवेचित आधार र कारणबाट समान स्तर र अवस्थाका कर्मचारीहरूलाई प्रदान गरिएसरहको सुविधा प्रदान गर्न इन्कार गर्दा रिट निवेदकहरूको समानताको हकमा आघात पर्न जाने देखिन आएकाले विघटित नेपाल यातायात संस्थानका समानस्तरका अन्य कर्मचारीलाई दिइएसरहको २५% क्षतिपूर्ति र १०% ब्याज रकमसमेतका सुविधा किरण किशोर घिमिरेसमेतका ३६ जना निवेदकहरूलाई समेत अविलम्ब भुक्तानी दिनु दिलाउनु भनी विपक्षीका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक ०६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-WO-०७१५, उत्प्रेषण / परमादेश, *बाबुराम सिग्द्याल वि. लोक सेवा आयोग के.का. अनामनगरसमेत*

निवेदकले सामेल हुन पाउँ भनी उपयुक्त आदेशको माग गरी प्रस्तुत रिट निवेदन दिएको परीक्षा सम्पन्न भइसकेको र सो रिक्त पदमा अन्य व्यक्ति नै सिफारिस भइसकेको भन्ने विपक्षीहरूको लिखितजवाफसमेतबाट देखिन्छ । यसका अतिरिक्त निवेदकको समेत रा.प. तृतीय श्रेणीको पदमा बढुवा भइसकेको र निवेदकको मागबमोजिम जेष्ठता प्रयोजनका लागि निजको बढुवा मिति २०७१।३।१८ नै कायम हुने गरी लगाउमा रहेको ०७१-WO-०१५४ को निवेदनका सन्दर्भमा आज यसै इजलासबाट परमादेश जारी भएको छ । परिणामतः निवेदकले मागबमोजिमको न्यायिक उपचार प्राप्त गरिसकेको हुँदा अब यसमा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने प्रयोजन देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ १६ गते रोज ३ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०३८७, ०७१-CR-०६६६ र ०७३-RC-०००८, कर्तव्य ज्यान, *विमलराज थापा मगर वि. नेपाल सरकार, नेपाल सरकार वि. विमलराज थापा मगरसमेत र नेपाल सरकार वि. रेकमान तामाङ*

धारिलो हतियार मगाएर ल्याई प्रतिवादी रेकमान तामाङले स्वस्तबहादुर थापामगरको पछाडिबाट प्रहार गरेको कर्तव्य गरेको र प्रतिवादी विमलराज थापामगरले तरबार मगाउने, प्रहार गर्नेलगायतका कार्य गरी घटनाको सुरूदेखि अन्तिमसम्म घटनास्थलमा मौजुद रहेको देखिँदा स्वस्तबहादुर थापामगरको कर्तव्य गरी ज्यान मार्ने कार्यमा यी प्रतिवादीहरू रेकमान तामाङ र विमलराज थापामगरको संलग्नता रहेको नै देखियो । एकपटक घटना साम्य भई हिँडेका यी प्रतिवादीहरूले जोखिमी हतियार तरबार मगाएर फर्केर आई स्वस्तबहादुर थापामगरलाई प्रहार गरेको अवस्थामा निज प्रतिवादीहरूको निज स्वस्तबहादुर थापामगरलाई मार्ने मनसाय थिएन भन्ने अवस्था नभई निजहरूले सो कार्य स्वस्तबहादुर थापामगरलाई मार्ने मनसायबाट नै गरेका रहेछन् भन्ने देखिने।

धारिलो एवम् जोखिमी हतियार मगाएर ल्याई प्रतिवादी रेकमान तामाङले स्वस्तबहादुर थापामगरको पछाडिबाट प्रहार गरेको कर्तव्य गरेको र प्रतिवादी विमलराज थापामगरले तरबार मगाउने, प्रहार गर्नेलगायतका कार्य गरी घटनाको सुरूदेखि अन्तिमसम्म घटनास्थलमा मौजुद रहेको अवस्थामा प्रतिवादी रेकमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम र प्रतिवादी विमलराज थापामगरलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय गर्ने गरी सुरू धादिङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा अन्यथा भन्नु पर्ने अवस्था नदेखिने।

वादी पक्षले सबुद प्रमाण पेस गरी यी प्रतिवादीहरू नाम परिवर्तित राजेन्द्र र रोहितउपरको अभियोग दाबी पुष्टि गर्नसकेको अवस्था छैन । सहप्रतिवादी रेकमान तमाङले सो तरबार आफ्नो घरमा राख्छु भनी मगाएको भन्ने बयान गरेका छन् । प्रतिवादीहरू रोहित र राजेन्द्रले पनि आफूलाई मानिस मार्ने कुरा थाहा नभएको भनी कसुरमा पूर्णतः इन्कार रही बयान गरेको अवस्थामा निज प्रतिवादी रेकमानले नै राख्न दिएको तरबार निजले माग्दा ल्याई निज प्रतिवादीहरूले ल्याइदिएकै कारणले निजहरूको पनि हत्यामा संलग्नता छ भनी अनुमान गरी कसुरदार ठहराउन मिल्ने देखिने।

ज्यानमारालाई लुकाउने कार्यमा संलग्नता रहको भनी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षले दाबी पुष्टि हुने सबुद प्रमाण पेस गरी यी प्रतिवादीहरू प्रतिवादीहरू हिरा गुरूङ र कृष्ण गुरूङउपरको अभियोग दाबी पुष्टि गर्नसकेको अवस्था छैन। यस अवस्थामा अभियोग दाबी पुष्टि हुने खालको तथ्यपरक प्रमाणहरू बिना प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्नु कानूनी र न्यायको रोहमा न्यायोचित हुने नदेखिने।

तसर्थ माथि विवेचित आधार र कारणबाट सुरू धादिङ जिल्ला अदालतबाट प्रतिवादी रेकमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम र प्रतिवादी विमलराज थापामगरलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय गर्ने र प्रतिवादीहरू नाम परिवर्तित राजेन्द्र र रोहित तथा प्रतिवादीहरू हिरा गुरूङ र कृष्ण गुरूङले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई मिति २०७०।२।२२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१२।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल साउन २७ गते रोज ६ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०६२४ र ०७२-CR-१२२४, कर्तव्य ज्यान, *मनिष महरा वि. नेपाल सरकार र नेपाल सरकार वि. मनिष महरा*

प्रतिवादी मनिष महराले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक बाबुले रक्सी खाई मातेर घरमा सधैँ झगडा गर्नुहुन्थ्यो। सो वारदातको दिन

पनि बाबुले आमासँग झगडा गरी काठको आग्लो झिकी आमा गोमा महरालाई प्रहार गर्न लाग्दा सो आग्लो खोसी मैले रिस थाम्न नसकी अन्धाधुन्दा बाबुलाई प्रहार गर्दा टाउकोमा चोट लागी सोही चोटको कारण मृत्यु भएको हो भनी बयान गरेको पाइन्छ । यी प्रतिवादीले अदालतसमक्षको बयानमा इन्कारी बयान गरेको र अनुसन्धानमा भएको बयान आफ्नो स्वेच्छापूर्वक भएको बयान होइन भन्ने जिकिर लिई बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न मिल्दैन । प्रहरीले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिने ।

प्रतिवादी र मृतकबीच पूर्वरिसइबी रहेको वा मृतकलाई जोखिमी हतियारले प्रहार गरी जानीजानी मनसायपूर्वक कर्तव्य गरी मारेको अवस्था देखिँदैन । मृतकले निजको श्रीमतीलाई काठको आग्लोले प्रहार गर्न खोज्दा यी प्रतिवादीलाई उसै मौकामा रिस उठी प्रतिवादीले उक्त आग्लो खोसी मृतकलाई प्रहार गर्दा मृतकको टाउकोमा चोट लागी निजको मृत्यु भएको अवस्था देखिन आएकाले प्रस्तुत वारदातमा ज्यानसम्बन्धीको महलको १३ (३) नं. आकर्षित हुने नभई सोही महलको १४ नं. मा वर्णित आवेशप्रेरित हत्याअन्तर्गतको देखिन आएकाले सोहीअनुसार निज प्रतिवादीलाई १० वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको फैसला अन्यथा भन्नु पर्ने नदेखिने ।

तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादी मनिष महराको मृतकसँग पूर्वरिसइबी रहेको भन्ने कुरा नदेखिएको, वारदातको रूप हेर्दा मृतकलाई आग्लोले प्रहार गर्दा चोट लागी सोही कारणबाट मृतकको मृत्यु भएको देखिँदा उक्त कार्य आवेशप्रेरित मात्र भएको देखिनाले प्रतिवादी मनिष महरालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७२।१।२७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन ६ गते रोज ६ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-WO-०३४२, उत्प्रेषण / परमादेश, *डोमी चौधरी वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

ऐनले नै प्रमाण पत्र तहको शैक्षिक योग्यता भनी स्पस्टरूपमा किटान गरेको अवस्थामा सोबमोजिमको शैक्षिक योग्यता हुनुपर्छ । शैक्षिक योग्यता भन्नाले मान्यताप्राप्त शैक्षिक संस्था वा विश्वविद्यालयले निश्चित शैक्षिक तह उत्तीर्ण गरेपछि दिने उपाधि हो । शैक्षिक योग्यताअन्तर्गत विभिन्न तालिम केन्द्र वा संस्थाहरूले दिएको तालिम वा कुनै कर्मचारीको नोकरी अवधिलाई मान्न नमिल्ने ।

विधायिकाले ऐनमै बढुवाको लागि फरक योग्यता निर्धारण गरेको र उक्त कानूनी व्यवस्थालाई चुनौती नदिएको अवस्थामा सुरू नियुक्ति गर्दाको लागि आवश्यक योग्यता बढुवाको सम्बन्धमा पनि लागू हुन्छ भन्ने लिखित जवाफको जिकिरसँग सहमत हुन सकिएन । उक्त दफामा स्पष्टसँग राजपत्राङ्कित तृतीय श्रेणीमा बढुवाको लागि प्रमाण पत्र वा सोसरहको शैक्षिक योग्यता भनी उल्लेख भएको अवस्थामा राजपत्र अनङ्कित प्रथम श्रेणीमा नियुक्त हुनको लागि आवश्यक शैक्षिक योग्यताको आधारमा मात्र बढुवा हुनसक्ने अवस्था देखिँदैन । यसरी निजामती सेवा ऐन, २०४९ को दफा २४ घ १क को उपदफा (१) को देहाय (ग)(१) ले निर्दिष्ट गरेको शैक्षिक योग्यता विपक्षीहरू सपना पन्थी

र बुदुर झासँग नभएको अवस्थामा यस दफाबमोजिम निजहरू बढुवाको लागि योग्यता पुगेको मान्न नमिल्ने।

अतः माथि विवेचित आधारमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क बमोजिमको शैक्षिक योग्यता विपक्षीहरू सपना पन्थी र बुदुर झासँग नभएको देखिँदा निजहरूलाई सो दफाबमोजिम बढुवा नियुक्ति गर्ने कार्य कानूनविपरीत भएको देखिन्छ। सो हुनाले निज सपना पन्थी र बुदुर झालाई बढुवा गर्ने गरी भएको बढुवा समितिको मिति २०७२।४।१२ देखि बसेको बैठकको निर्णय र गोरखापत्रमा मिति २०७२।४।१५ मा प्रकाशित सूचना तथा लोक सेवा आयोगबाट मिति २०७२।६।१४ मा भएको निर्णय तथा त्यस निर्णयको आधारमा विपक्षी सपना पन्थी र बुदुर झालाई दिइएको बढुवा नियुक्तिहरू उत्प्रेषणको आदेशद्धारा बदर हुने ठहर्छ। अब निवेदक डोमी चौधरीको नाम सिफारिस गरी विपक्षीहरू सपना पन्थी र बुदुर झालाई जुन मितिबाट बढुवा गरिएको हो सो मितिबाटै जेष्ठता कायम हुने गरी निवेदकलाई बढुवा नियुक्ति दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः सन्देश श्रेष्ठ, शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कार्तिक ७ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७२-WO-०३४३, उत्प्रेषण / परमादेश, *रासदेव यादव वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*
- ०७२-WO-०३४४, उत्प्रेषण / परमादेश, *काशीराम पाण्डे वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-०९३७, ०७२-RC-००३४, कर्तव्य ज्यान, *राजेन्द्रबहादुर शाह वि. नेपाल सरकार र नेपाल सरकार वि. रेशमबहादुर खड्कासमेत*

मृतककी आमा गगनी देवी रावत र मृतकका दाजु नाता पर्ने दीपकबहादुर रावतले मृतकले मिति २०६८।०२।१२ गते घरबाट जाँदा लगाएका कपडा र मोबाइलसमेत ओडारमा लाससँगै फेला परेबाट उक्त लास मृतककै भएको भनी कागज गरी अदालतसमक्ष बकपत्र गरेको र जाहेरवाली र मृतककी आमा समेतले उक्त लास आफ्नै पति / छोराको हो भनी कागज गरी बकपत्रसमेत गरेको देखिन्छ। आमा र श्रीमतीले उक्त लास (मानव अस्थिपञ्जरलाई) आफ्नो छोरा / श्रीमान्को हो भनी निजहरूले सनाखत गर्नुपर्ने अन्य कुनै कारण रहेभएको नदेखिएको अवस्था हुँदा मृतक लास दीपक रावतकै भएको कुरा पुष्टि हुन आएको देखिने।

लासको (मानव अस्थिपञ्जरको) परीक्षण प्रतिवेदनबाट उक्त मानव अस्थिपञ्जर पुरूष व्यक्तिको भएको र निजको उमेर २०-२५ वर्षभित्रको हुनसक्ने पाइयो। निजको जिउँदो हुँदाको उचाई ५ फिट २ इन्च देखि ५ फिट ४ इन्चभित्रको हुन सक्छ। खप्परको हड्डीमा कन्चटभन्दा माथिको भागमा दुवैपट्टी फ्याक्चर भएको पाइयो। हिपको भागका हड्डीमा समेत कोतरिएका जस्ता देखिने चोटहरू वा फ्याक्चर पाइएका थिए। टाउकोमा परेको बोधो (धार नभएको) चिजवस्तुको ठक्करबाट मृत्यु भएको देखिन्छ भनी विशेषज्ञले यस अदालतमा उपस्थित भई बकपत्रसमेत गरेबाट मृतकको मृत्यु कर्तव्यबाटै भएको पुष्टि हुन आउने।

हाम्रो सामाजिक मूल्य मान्यताबमोजिम अरूको श्रीमती ल्याउने कार्य आफैँमा रिसइवी रहने कार्य मानिने हुँदा मृतक दीपकबहादुर रावतसँग प्रतिवादी राजेन्द्रबहादुर शाहको पूर्वरिसइवी रहेको तथ्यमा कुनै विवाद रहेको देखिँदैन। प्रतिवादी रेशमबहादुर खड्का प्रहरीसमक्ष बयान गर्दा कसुरमा साबित भई कर्तव्यमा अन्य प्रतिवादीहरूलाई पोल गरेको छ। निजले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहे तापनि प्रहरीमा भएको बयान मेरो स्वेच्छाले मैले भनेबमोजिम लेखिएको हो भनी मौकाको बयानलाई स्वीकार गरेको

देखिन्छ। राजेन्द्रबहादुर शाह र गोविन्द शाहले प्रहरीमा मृतकलाई रेशमबहादुर खड्काले मारेको भन्छन् भनी कर्तव्यमा निज राजेन्द्रबहादुर शाहलाई पोल गरेको र अदालतमा आफूहरू कसुरमा इन्कार रहे तापनि प्रहरीमा भएको बयानलाई समर्थन गरेको अवस्था देखिने।

प्रतिवादी राजेन्द्रबहादुर शाहले अदालतमा बयान गर्दा वारदातको समयमा (Alibi) अन्यत्र उपस्थितिको जिकिर लिएको देखिन्छ । प्रमाण कानूनको मान्य सिद्धान्तअनुसार वारदातको समयमा (Alibi) अन्यत्र उपस्थितिको जिकिर जसले लिन्छ उसैले प्रमाणित गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी राजेन्द्रबहादुर शाहले उक्त जिकिरलाई प्रमाणित गर्नसकेको देखिँदैन । सो सम्बन्धमा निजका साक्षी डिल्लीबहादुर शाहीले २०६८ जेष्ठ १ गते ताम्ती गा.वि.स. को ठाडा पाटनमा प्रतिवादी राजेन्द्र बहादुर शाहसँग भेट भएको थियो। हरेक दिन प्रतिवादी राजेन्द्र सँगै थियौँ। जेष्ठ १८ गते म आफ्नो घर गएँ भनी बकपत्र गरेको र अर्का साक्षी नरबहादुर थापाले २०६८ वैशाख ८ गते देखि प्रतिवादी राजेन्द्रबहादुर शाह र म जुम्ला जिल्लाको ठाँडी पाटन भन्ने ठाउँमा गई उक्त मितिदेखि २०६८।०२।२८ सम्म साथै रही यार्चागुम्बा टिपी साथै घर फर्केका हौ भनी बकपत्र गरेको देखिन्छ। जबकि निज प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा मृतक दीपक रावतसँग किरा खोज्ने क्रममा पाटनमा २०६८ वैशाख अन्तिम हप्तातिर देखाभेट सम्म भएको थियो तत्पश्चात् भेट भएन, त्यसपछि २०६८।०२।२८ गते घर आएको भन्ने बेहोरा लेखाएको देखिन्छ। उक्त स्थानमा दुवै साक्षीहरूसँग भेट भएको तथ्य प्रतिवादीले बयानमा नखुलाएको, साक्षीहरूले समेत एक अर्कोसँग भेट भएको भन्ने कुरा बकपत्रमा नखुलाई निजहरूको भनाइ नै आपसमा बाझिएको देखिँदा प्रतिवादीको वारदातको समयमा अन्यत्र उपस्थितिको जिकिर पुष्टि भएको देखिएन। यस अवस्थामा निज प्रतिवादी राजेन्द्रबहादुर शाह, रमेशबहादुर खड्का र गोविन्द शाहलाई जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू जाजरकोट जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला मनासिब नै रहेको देखिँदा अन्यथा मान्न नमिल्ने।

अतः विवेचित उल्लिखित तथ्य, कारण, प्रमाण र आधारहरूबाट प्रतिवादी राजेन्द्रबहादुर शाह, रेशमबहादुर खड्का र गोविन्द शाहलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने ठहर गरी सुरू जाजरकोट जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७१।५।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीमध्येका गोविन्द शाह र रेशमबहादुर खड्काको हकमा प्रस्तुत हुन आएको साधकसमेत सदर हुने।

प्रतिवादी राजेन्द्रबहादुर शाह, रेशमबहादुर खड्का र गोविन्द शाहको उमेर, पेसा, आर्थिक, सामाजिक एवम् पारिवारिक अवस्था, वारदातमा जोखिमी हतियार प्रयोग भएको सप्रमाण पुष्टि नभएको, मारिहाल्नु पर्ने गम्भीर प्रकृतिको रिसइवी रहेको अवस्था नदेखिएकोलगायतका घटनाको समग्र परिस्थितिको विश्लेषण गरी हेर्दा केवल सामान्य कुटपिटबाट वारदात भएको देखिन आएबाट अभियोग मागदाबीबमोजिमको जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आएकोले निज प्रतिवादीहरू राजेन्द्रबहादुर शाह, रेशम बहादुर खड्का र गोविन्द शाहलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्नु न्यायको रोहमा उचित हुने अवस्था देखिएबाट प्रतिवादीहरूलाई जनही १२(बाह्र) वर्ष कैदको सजाय हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

## इजलास नं. १९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-WO-०१३१, उत्प्रेषण,

मुनेश्वर यादव वि. भुवनेश्वर यादवसमेत

पुनरावेदन अदालतले सप्तरी जिल्ला अदालतबाट भएको लिलामी कारवाहीलाई बदर गरी पुनः लिलामी कार्यको मिति तोकी प्रक्रिया अपनाउनु भनी गरेको आदेशपश्चात् प्रत्यर्थीले वादीले पाउनुपर्ने रकमको सावाँ ब्याज दाखेल गरेको अवस्थामा वादीले सो रकम बुझी लिलामीबाट आफ्नो नाममा चलनपुर्जी भई आएको जग्गा पुनः प्रतिवादीलाई नै फर्काई दिने गरी भएको कार्यप्रति वादीले उक्त प्रक्रियालाई स्वीकारेको हुँदा सो कार्यलाई कानूनी र कार्यविधिगत सम्मत् नै मान्नुपर्ने देखिन आउने।

Justice delayed is justice denied भन्ने न्यायको मान्य सिद्धान्त हो । न्याय ढिलो हुनु हुँदैन न्याय ढिलो हुँदा मुद्दाको पक्षहरूले न्याय प्राप्त गर्न सक्दैन र न्याय पाइहाले पनि ठूलो खर्च र कष्टसाथ मात्र न्याय प्राप्त हुन जान्छ । न्याय छिटो, छरितो र सुलभ हुनुपर्दछ र अदालतसमेत सो विषयमा झनै गम्भीर हुनुपर्ने।

फैसला कार्यान्वयनसम्बन्धी प्रचलित ऐन, कानूनी, नियमावली र अदालतले लिएको लक्ष्यले समेत छिटोछरितो फैसला कार्यान्वयन हुनुपर्ने मान्यतालाई जोड दिएको पाइन्छ। छिटो न्याय पाउनु नागरिकको अधिकार हो भने छिटो न्याय प्रदान गर्नु राज्यको कर्तव्य हो। न्याय पाउने भन्नाले अदालतले "वादी दाबीबमोजिम भराइ लिन पाउने" भनी फैसला गर्ने मात्र होइन । अदालतले आफूले गरेको फैसला सजिलोसँग कार्यान्वयन पनि गरिदिनुपर्छ। फैसलाको छिटो, सरल र प्रभावकारी कार्यान्वयन नै न्यायपालिका र न्याय प्रदान गर्ने अदालतको उद्देश्य हुनुपर्दछ। मुद्दा जित्ने पक्षको चाहना, आकाङ्क्षा र उद्देश्य पनि यही नै हो। मुद्दा हार्ने पक्षले पनि अदालतको फैसलालाई सम्मान गरी त्यसको कार्यान्वयनमा सहयोग गर्नुपर्ने।

फैसला कार्यान्वयनउपरका अधिकांश उजुरी एवम् निवेदन फैसलाको कार्यान्वयनमा ढिलाई गर्ने नियतबाट नै दिइएको हुन्छ, त्यसो भन्दैमा त्यस्ता उजुरी एवम् निवेदनलाई प्रारम्भमै पूर्वाग्राही भएर पूर्णतः उपेक्षा गर्ने गरी हाल्न नहुने।

कार्यविधि कानूनको सानातिना त्रुटिलाई कानूनी छिद्रको आधारमा हार्ने पक्षले निवेदन मात्रै दिएर फैसला कार्यान्वयनमा ढिलाई गरिरहेको छ कि वास्तवमै फैसला कार्यान्वयनको कानूनी प्रक्रियामा गम्भीर त्रुटि भएर हार्ने पक्षलाई बढी नै मर्का परिरहेको छ, त्यसलाई सूक्ष्मरूपमा नै केलाएर हेर्नुपर्ने हुन्छ । फैसला कार्यान्वयनमा मुद्दामा पक्षबाट जुनसुकै नियतले गरिने ढिलाईका कार्यलाई पनि फैसला कार्यान्वयन गर्ने कानूनी प्रक्रियालाई नै सबल र सुदृढ बनाउने माध्यमकै रूपमा स्वीकार गरिनु पर्ने।

अदालतको आदेश एवम् निर्णय कार्यबाट फैसला कार्यान्वयनको मकसद पूरा हुन गएको देखिए यदाकदा कानूनी, नियम र कार्यविधिको व्यवस्था र प्रक्रिया पूरा भए नभएको विषयवस्तुलाई पनि गौण रूपमा हेर्नुपर्ने हुन जाने।

एकपटक सम्पन्न भइसकेको लिलामी कारवाही पुनरावेदन तहबाट बदर भई पुनः लिलामी कारवाही गर्नु भन्ने आदेश भएपश्चात् प्रतिवादीले बिगो धरौट राखी वादीले सो रकम बुझी सकेर अघिल्लो लिलामी कारवाहीबाट वादीको नाउँमा चलन पुर्जीबाट दाखिल खारेज भई गइसकेको जग्गा पुनः प्रतिवादीको नाउँमा नै दाखिल खारेज भई फर्की आइसकेको चरणसम्मको कार्यलाई पनि फैसला कार्यान्वयन भएसरह नै सम्झनुपर्ने।

अतः माथि उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट निवेदक वादीलाई बिगो भराउने सिलसिलामा विपक्षी प्रतिवादीको मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिम पुनरावेदन अदालतमा निवेदन परी विचाराधीन रहेकै अवस्थामा लिलाम गर्ने र चलनपुर्जी दिने कार्य सम्पन्न गरेको, लिलाम गर्दा "तर्फ" उल्लेख नगरी लिलाम भएको र सकार गरेकोमा वादीको निवेदन र प्रतिवादीको मन्जुरी बिना तहसिलदारले "तर्फ" खोली चलनपुर्जी दिएकोसमेतबाट लिलाम गर्ने र चलन पुर्जी दिने हदसम्म कानूनसम्मत भएको नदेखिँदा सो हदसम्मको कारवाही बदर गरी पुनः लिलाम हुने

मिति तोकी लिलामको प्रक्रिया पूरा गर्नु भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।४।१६ मा आदेश भई सोपश्चात् मिति २०७०।५।०९ मा प्रतिवादीले वादीलाई तिर्नु बुझाउनुपर्ने रकम रू. २,५०,०००।- सुरु सप्तरी जिल्ला अदालतको धरौटी खातामा धरौट राखिसकेको र उक्त धरौटी राखेको बिगोबाट वादीले बिगो भराइ लिन पाउने नै देखिँदा एवम् बिगो भराउँदाको बखत लिलाम बढाबढ भई वादीको नाममा चलनपुर्जी दिएको जग्गा जिल्ला अदालतको आदेशबमोजिम प्रतिवादीको नाउँमा दा.खा. भइसकेको देखिँदा पुनरावेदन अदालतको उक्त मितिको आदेश बदर गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल साउन ३२ गते रोज ४ शुभम्।

## पूर्ण इजलासमा पेस हुने

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६४-CR-०५१०, भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. हरिभक्त श्रेष्ठसमेत*

**मा.न्या.श्री सारदाप्रसाद घिमिरेको राय**

प्रत्यर्थी सञ्चालकहरूले निजी प्राथमिकता वा अभिरूचि राखी कार्य गरेको नभई बोलपत्रद्वारा विमान भाडामा ल्याउन गरेको पटकपटकको प्रयास निरर्थक हुन पुगी तत्कालको आवश्यकता पूरा गर्न निगमको निर्णयअनुसार नै वार्ताद्वारा लाउडा विमान भाडामा ल्याएको पाइयो । अनुसन्धानबाट आएका समग्र तथ्यबाट प्रत्यर्थीहरूले खराब नियत राखी भ्रष्टाचारमा संलग्न भएको प्रमाणित भएको देखिँदैन । अतएव वार्ता निरीक्षण गर्न मात्र अधिकार पाएको व्यक्तिले सर्तसहित गरेको सम्झौतालाई अनुमोदन गर्ने अख्तियार प्राप्त निकायबाट सर्तमा तोकिएको अवधीभित्र स्वीकार गरेको स्थितिमा सम्झौता गर्नु नै दूरासय रहेछ भनी भन्न उपयुक्त देखिन नआउने।

२०५१ सालदेखि विभिन्न अध्ययन उपसमिति गठन गरी समितिले दिएका प्रतिवेदनका आधारमा सञ्चालक समितिको पटकपटकको अध्ययन विश्लेषणसहितको निर्णयबाट विमान ल्याउन कारवाही चलाइएको पाइँदा विनाअध्ययन भाडामा लिएका रहेछन् भनी भन्न मिल्ने पनि नदेखिने।

यात्रुको चापको अवस्थाले नाफा र घाटामा प्रभाव पर्ने व्यापारिक कारोबारमा सुरूवाती महिनाको व्यावसायमा विभिन्न परिस्थितिवश यात्रुको आवागमनमा कमी आएको स्थितिले पूरै सम्झौता अवधि सञ्चालन गर्दा पनि घाटामै जान्छ भनी अनुमानको आधारमा भ्रष्टारचारको अभियोग लगाउनु उचित नहुने।

व्यापारिक कारोबारका क्रममा एक संस्थाले अर्को संस्थालाई रकम पठाएको कार्य आफैँमा दूराशययुक्त हुन सक्दैन। यसबाट अग्रिम भाडाबापतको रकम पठाइएको कार्य नै गैरकानूनी हो भन्ने अभियोग माग दाबी एवम् नेपाल सरकारको पुनरावेदन जिकिर न्यायको रोहमा विचार गर्दा मनासिब देखिन नआउने।

नेपालमा अनुसन्धान गर्ने निकाय विपक्षी आयोगले आफ्नो अनुसन्धानमा कुनै पनि किसिमको गलत कार्य भएको नभेटिएको भन्ने उल्लेख गरी विदेशी राष्ट्रलाई पत्रबाट प्रेषित गरेको छ भने छानबिनको लागिसमेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोली अष्ट्रियामा गई अनुसन्धान गरेको भए तापनि अनुसन्धानबाट यी प्रतिवादीलाई कसुरदार कायम हुने खालका कुनै पनि वस्तुनिष्ठ प्रमाण भेट्न सकेको अवस्था नरहेको / नभएको अवस्था छ। यस स्थितिमा प्रतिवादीहरूले Lauda सँग मिली निगमलाई हानि हुने किसिमले सम्झौता गरी भ्रष्टाचारजन्य कसुर गरेका हुन् भन्ने अभियोग दाबी यथार्थपरक नपाइने।

नेपालमै उपलब्ध हुने सम्झौताका एक पक्ष Lauda Air का स्थानीय प्रतिनिधिले मौकामा गरेको बयानलाई उपयुक्त नै ठानी निजलाई अनुसन्धानबाट निर्दोष रहेको स्वीकारेपछि सम्झौताका अर्का पक्ष

प्रत्यर्थीहरूले भ्रष्टाचार गरेको भनी निजहरूलाई भ्रष्टाचारको आरोप लगाउनु न्यायपूर्ण हुन नजाने।

टेन्डर प्रक्रियाबाट ५ वर्षभन्दा कम र १० वर्षभन्दा कम उमेरको Wide Body को विमान ल्याउन भरमग्दुर प्रयास गर्दागर्दै विमान प्राप्त हुन नसकेको तथ्यमा विवाद छैन। त्यसपछि मात्र प्रत्यक्ष वार्ताद्वारा Lauda Air सँग विमान भाडामा लिने सम्झौता गरिएको देखिन्छ। प्रत्यक्ष वार्ताद्वारा भएको सम्झौतामा टेन्डर प्रक्रियाबाट ल्याउन प्रयास गर्दा राखिएको सर्त पालना नगरिएको भन्न मिल्दैन। त्यसमा पनि वार्ताद्वारा विमान भाडामा लिने कारवाही गर्दा सञ्चालक समितिबाट निर्णय गरी १५ वर्षसम्मको लागि विमान ल्याउन तालुक निकाय पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग निगमले अनुमति लिएको भन्ने तथ्यमा पनि विवाद देखिँदैन। १० वर्षभन्दा पुरानो विमान ल्याएको कारणले नै निगमलाई घाटा हुन गएको स्थिति नभई नेपालको तत्कालको बन्द हड्ताल, ऋतिक रोशन काण्ड, माओवादी जनयुद्ध जस्ता अकल्पनीय परिस्थितिवस पूर्ण सिट क्षमतामा विदेशबाट नेपाल आउने पाहुना पाउन नसकी आशातित लक्ष्य प्राप्त हुन नसकेको अवस्था हुँदा Lauda Air ल्याएको कार्य नै भ्रष्टाचारजन्य कसुर रहेछ भनी भन्न मिल्ने अवस्था नदेखिने।

त्यस समयको देशको अवस्थाले गर्दा अन्य सार्वजनिक क्षेत्रमा समेत प्रत्यक्ष रूपमा असर गर्न गएको कारण समग्र रूपमा राष्ट्रलाई नै दूरगामी असर पर्न गएको भन्ने तथ्य सबैलाई अवगत नै छ। अतः व्यावसायिक कारोबार गर्दा घाटा हुन गएको निगमको समग्र घाटाको बिगो प्रत्यर्थीहरूले वार्ताद्वारा भाडामा ल्याएको Lauda Air कै कारणबाट भएको रहेछ भनी सम्झन मिल्ने देखिन नआउने।

स्वायत्त संस्था र त्यसका पदाधिकारीले कानूनको अख्तियारीभित्र रही गरेको सम्झौताबाट निगमलाई घाटा परेको विषय बद्नियतपूर्वकको व्यक्तिगत लाभ हानिको विषय हुन नसक्ने हुँदा प्रतिवादीहरूउपरको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) आरोप पुष्टि भएको देखिन नआउने।

निगम व्यापारिक स्वशासित संस्था भएको परिप्रेक्ष्यमा व्यावसायिक कारोबार बढाउने उद्देश्यले निगमका कानूनी अख्तियारी प्राप्त सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरू समेतले Luada Air सँग गरेको सम्झौतासमेतबाट निगमलाई व्यावसायिक घाटा परेकै आधारमा प्रत्यर्थीहरूले अभियोग दाबीबमोजिमको बिगोको भ्रष्टाचारको कसुर गरेका रहेछन् भन्न नमिल्ने।

तसर्थ, निगमलाई आवश्यक विमान भाडामा ल्याउने प्रस्ताव मन्त्रिपरिषद्ले मिति २०५७।१।५ को निर्णयले स्वीकृत दिएकोमा विवाद नभएको, सोही सहमतिअनुसार जहाज उपलब्ध हुन नसकेकोबाट जहाज भाडामा लिने सम्बन्धमा पटकपटक टेण्डर आह्वान भए पनि सो प्रक्रियाबाट जहाज ल्याउन नसकेको भन्ने देखिएको, कस्तो जहाज निगमलाई आवश्यकता पर्दछ भन्ने निश्चित गरी जहाज भाडामा लिई सञ्चालन गर्ने अधिकार निगमलाई रहेभएकै देखिएको, टेण्डर प्रक्रिया अवलम्बन भएकोमा सो प्रक्रियाबाट जहाज उपलब्ध हुन नसक्ने भएपछि वार्ताको प्रक्रियाबाट जहाज उपलब्ध गराउन सर्तहरू तोक्ने गरी सञ्चालक समितिबाट निर्णय भएको, सोअनुसार वार्ताबाट जहाज भाडामा लिएको निर्णय सञ्चालक समितिबाट अनुमोदन भएको, सम्झौताअनुसार लाउडा एयरलाई भुक्तानी गर्ने भाडाको विदेशी विनिमय भुक्तानीको सिफारिस मन्त्रिपरिषद्बाट अनुमोदन भई जहाज भाडामा लिई सञ्चालन भएको देखिएको, निगमलाई लाउडा एयर भाडामा लिएपछि भएको घाटाको विवेचना नै नगरी लाउडा एयर भाडामा सञ्चालन गर्दाको अवधिमा निगमलाई भएको सम्पूर्ण व्यापारिक घाटा रकमलाई लाउडा विमान भाडामा लिएको कारणबाट भएको भनी भ्रष्टाचारको बिगो कायम गरी अभियोगमा दाबी गरिएको र सो बिगो निगमको सञ्चालक समितिको पदाधिकारीको बद्नियतबाट निगमलाई हानि नोक्सानी भएको भन्ने आरोप पनि प्रमाणबाट पुष्टि भएको नदेखिएको र प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएका अष्ट्रिया र इटालीमा रहेका प्रतिवादीहरूमध्येका Andrea Molineri तथा

Otmar Lenz को हकमा संलग्नता रहे नरहेको भन्ने सम्बन्धमा आफूले केही निश्चित गर्न नसक्ने भनी ती मुलुकको सरकारबाट लेखी आएपश्चात् सो विषयमा थप अनुसन्धान गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट आयुक्तसहितको टोली खटिई गएकोमा सो टोलीले ती व्यक्तिहरूको बारेमा अनुसन्धान गरी प्रतिवेदन दिन नसकेको, स्थानीय प्रतिनिधि दिनेशलाल श्रेष्ठलाई प्रतिवादी बनाउन नसकेको समेतका माथि विभिन्न प्रकरणहरूमा विवेचित आधार र कारणबाट वादी नेपाल सरकारको अभियोग दाबी एवम् पुनरावेदन जिकिर पुग्नसक्ने देखिएन। प्रतिवादीमध्येका गौरीनाथ शर्माको मिति २०६८।८।२८ मा निधन भइसकेको कुरा मिसिलबाट देखिन आएको हुँदा मुलुकी ऐन, अ.बं. १७६ नं. बमोजिम निजलाई खतबात नलाग्ने हुँदा निजका सम्बन्धमा थप विचार गरिरहन परेन। प्रत्यर्थी/प्रतिवादीहरू हरिभक्त श्रेष्ठ, तीर्थलाल श्रेष्ठ, तारणीदत्त चटौत, सिद्धराज जोशी, Andrea Molineri तथा Otmar Lenz ले जानीजानी निगमलाई हानि नोक्सानी पुऱ्याउने बदनियत राखेर कार्य गरेको तथ्य पुष्टि हुन आएको नदेखिएको र प्रतिवादीहरू रामराज उपाध्याय, उपेन्द्रप्रसाद उपाध्याय, पुष्करप्रसाद वाग्ले निगमका कर्मचारीहरू रहेका, निगम सञ्चालक समितिले गरेको निर्णय कार्यान्वयन गर्नेसम्म निजहरूको कर्तव्य रहेकोमा आआफ्नो विभागबाट निगमका कार्यकारी अध्यक्ष तथा सञ्चालकहरूले मागेका विषयमा जानकारी गराएकै आधारमा मात्र निजहरूले भ्रष्टाचारको कसुर गरे भन्न नमिल्ने हुँदा निजहरू समेतलाई अभियोग दाबीबाट सफाई दिने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६४।४।२८ को फैसला मनासिब देखिँदा सदर हुने।

प्रतिवादीहरूमध्येका निगमका तत्कालीन कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठ र सञ्चालक समितिका सदस्य प्रतिवादी तीर्थलाल श्रेष्ठलाई सफाई दिने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०६४।४।२८ को फैसला सो हदसम्म उल्टी गरी प्र. हरिभक्त श्रेष्ठलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिम रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना र २ (दुई) वर्ष कैदका साथै निज प्र. हरिभक्त श्रेष्ठ नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था नेपाल वायुसेवा निगमका प्रमुख (कार्यकारी अध्यक्ष) रहँदाको अवस्थामा पदीय अख्तियारीको दुरूपयोग गरी भ्रष्टाचारको कसुर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप १ (एक) वर्ष कैदसमेत ३ (तीन) वर्ष कैद सजाय हुने र अर्का प्रतिवादी तीर्थलाल श्रेष्ठले मतियारको रूपमासम्म कार्य गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२बमोजिम मुख्य अभियुक्तलाई भएको सजायको आधा अर्थात् १ (एक) वर्ष कैद सजाय र रू. २५,०००।- (पच्चीस हजार रूपैयाँ) जरिवाना हुने ठहर गरेको हदसम्म सहयोगी माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाको रायसँग मेरो सहमति नभएकाले सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम प्रस्तुत मुद्दाको संयुक्त इजलासको दायरीको लगत कट्टा गरी पूर्ण इजलाससमक्ष पेस गर्ने।

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडाको राय**

प्रतिवादी हरिभक्त श्रेष्ठले सरकारको निर्देशनविपरीत हुने गरी अपारदर्शी तवरबाट "वार्ताको माध्यमद्वारा" "१२ वर्ष ८ महिना पुरानो" जहाज भाडामा लिने गरी सम्झौता गरेको देखियो। निगम स्वयम्ले मिति २०५६।१०।९ मा तथा मिति २०५६।११।२८ मा टेण्डर सूचना जारी गर्दा "५ वर्षभन्दा कम पुरानो जहाज" भनी सर्त उल्लेख गरेको देखिन्छ। पछि मिति २०५६ फाल्गुण २९ र मिति २०५७ श्रावण १२ समेतको निगमको सूचनामा सरकारले लिखित रूपमा दिएको निर्देशनविपरीत "१० वर्षभन्दा कम पुरानो" भनी निगमबाट टेण्डर सूचना जारी गरिएको पाइयो। यसरी निगम स्वयम्ले जारी गरेको टेण्डरको सर्तभन्दा

पनि विपरीत हुने गरी १२ वर्ष ८ महिना पुरानो जहाज भाडामा लिने गरी सम्झौता गरेको देखिँदा असल नियतले जहाज भाडामा लिएको रहेछ भनी मान्न नसकिने।

जहाज भाडामा लिने सम्बन्धमा निगमबाट मिति २०५६।१०।१८, २०५७।४।१२ तथा २०५७।४।२९ मा ७ दिने र ९ दिने म्याद दिई टेण्डर प्रकाशित भएको देखिन्छ। करोडौंको आर्थिक दायित्व रहेको जहाज भाडामा लिन Global Tender का लागि दिइएको ७ वा ९ दिने सूचनाको औचित्य प्रमाणित हुनसकेको देखिएन। यसबाट प्रक्रियागत रीत पुऱ्याएको देखाई सोझै वार्ताबाट जहाज भाडामा ल्याउने औचित्य प्रमाणित गर्ने दुष्प्रयास गरेको देखिन आएको पाइने।

कुनै सामान्य दैनिक उपभोग्य वस्तु खरिद गरेकोजस्तो प्रतीत हुने गरी हचुवा र स्वेच्छाचारी तवरबाट विमान भाडामा लिने गरी निज प्र. हरिभक्त श्रेष्ठले सम्झौता गरेको देखिन आयो। जहाज भाडामा ल्याउने सम्बन्धमा Marketing Department लगायतका निगमका आफ्नै विभागीय संयन्त्रहरूको स्वभाविक भूमिकालाई पूर्णतः उपेक्षा गरिएको समेत देखियो। जहाजको उडान व्यवस्थापन तथा निगमलाई प्राप्त हुने आर्थिक लाभ जस्ता पक्षमा कुनै अध्ययन वा योजना नै तयार नगरी केवल व्यक्तिगत स्वेच्छाचारी निर्णयको आधारमा जहाज भाडामा ल्याउने सम्झौता गरिनुबाट प्रतिवादीको बद्नियत देखिन आउने।

भ्रष्टाचार स्वेतपोषधारी अपराध (White Colour Crime) हो। यसको प्रकृति संगठित अपराध स्वरूपको पनि हुन्छ। यसप्रकारको अपराधलाई अन्य सामान्य प्रकृतिको अपराधकै मापदण्ड अपनाएर हेर्नु हुँदैन। भ्रष्टाचार ठहर हुनुका लागि यो यति अङ्कको रकम लिने खाने काम भएको छ भनी दशीसहित पेस गर्नु अनिवार्य हुने ठानियो भने भ्रष्टाचारका प्रायः घटनाहरू कानूनी दायरामा नआउने, कसुरदारले सहजै उन्मुक्ति पाउने र समाज निरन्तर भ्रष्टाचारको रोगबाट पीडित भइरहने अवस्था रहन पुग्ने।

अन्य सामान्य प्रकारका फौजदारी कसुर र भ्रष्टाचारको कसुरलाई उही एउटै श्रेणी वा मापदण्डमा राखेर हेर्नु उचित देखिँदैन। सत्ता, शक्ति, पद आदिको दुरूपयोग गरी हुने भ्रष्टाचारजन्य कसुरको निर्धारण प्रतिवादीबाट भए गरिएका काम कारवाही, कानूनको रीत र प्रक्रियाको अनुशरण भए नभएको अवस्था जस्ता पक्षहरूउपर विचार गरेर यकिन गरिनु पर्दछ। भर्पाई गरेर भ्रष्टाचार गरिएको हुन्छ भन्नेजस्तो ठान्नु उचित हुँदैन। गरिएका कार्य र कार्यशैलीबाट नियत वा मनसाय पहिल्याउनु पर्ने कानूनको परम्परागत शैलीको प्रयोग, तथ्य र कानूनको रौ-चिरा विश्लेषण र राष्ट्र एवम् समाजप्रति संवेदनशीलता शुन्य र अनुत्तरदायी रवैया भ्रष्टाचार नियन्त्रणका लागि कदापि सहयोगी माध्यम बन्न सक्तैनन्।

कानूनको साँघुरो व्याख्या अथवा ज्यादै उदार व्याख्या गरेर कसुरदारलाई उन्मुक्ति दिनु न्यायिक कार्यको मर्म, मूल्य, मान्यताअनुकूल हुँदैन। वर्तमान परिवेशलाई मध्यनजर राखेर भन्नु पर्दा सम्भवतः भ्रष्टाचारलाई हेर्ने दृष्टिकोणमा आधारभूतरूपमा नै परिवर्तनको खाँचो टड्कारो देखिने।

श्रृङ्खलावद्ध रूपमा प्रतिवादी हरिभक्त श्रेष्ठले गरेको कार्य प्रकृति स्वयम्बाट लाउडा विमान भाडामा लिने सम्झौता गर्दा निजको निहित स्वार्थ रहेको थियो भनी स्वभाविक रूपमा निष्कर्ष निकाल्न सकिने अवस्था देखिएको छ। सरकारी स्वामित्वको यसप्रकारका संस्थान (निगम) लाई हानि नोक्सानी पुग्ने गरी बद्नियत राखी भएका कार्यलाई समेत भ्रष्टाचारको परिभाषाभित्र समेटिएको हुँदा प्रतिवादी हरिभक्त श्रेष्ठलाई आरोपित कसुरको दोषी भनी ठहर गर्नु मनासिब देखिन आएको छ। मिसिल प्रमाणबाट प्रतिवादी हरिभक्त श्रेष्ठले नेपाल सरकारको स्वामित्वमा रहेको संस्था नेपाल वायु सेवा निगमलाई गैरकानूनी हानि पुऱ्याउने बद्नियतले जानीजानी कानूनबमोजिम सरकारले दिएको निर्देशन पालना नगरेको तथा अख्तियारको दुरूपयोग गरी भ्रष्टाचारजन्य कार्य गरेको तथ्य शङ्कारहित तवरबाट प्रमाणित हुन आएको पाइने।

प्रतिवादी तिर्थलाल श्रेष्ठ नेपाल वायुसेवा निगमको सञ्चालक समितिका सदस्य भएको तथ्यमा विवाद छैन । जहाज भाडामा लिने सम्भाव्यता अध्ययन गर्न गएका सहप्रतिवादी हरिभक्त श्रेष्ठले अष्ट्रियामा गरेको अनधिकृत सम्झौतामा निज तीर्थलाल साक्षी बसेको देखियो । लाउडा जहाज भाडामा ल्याउने सन्दर्भमा प्रतिवादी तीर्थलाल श्रेष्ठले रहस्यमय तवरबाट सक्रियता देखाएको तथ्य प्रमाणित भएको छ । मिसिल प्रमाणबाट निजले प्रतिवादी हरिभक्त श्रेष्ठको मतियारको रूपमा भूमिका निर्वाह गरेको तथ्य प्रमाणित भएको हुँदा निजलाई मतियारको रूपमा कसुरदार ठहर गर्नुपर्ने अवस्था देखिने ।

आरोपपत्रमा हचुवा तवरबाट बिगो अङ्क उल्लेख गरेको देखियो । तत्कालको शान्ति सुरक्षासम्बन्धी विविध असहज परिस्थितितर्फ दृष्टिगत गर्दा अन्य व्यापारिक कारोबारका सिलसिलामा पनि निगमलाई केही हानि नोक्सानी हुनसक्ने अवस्था देखिन्छ । यस अवस्थामा लाउडा विमान भाडामा ल्याउनुभन्दा पहिले निगमले आर्जन गर्ने गरेको नाफालाई नै निर्णायक आधार मानेर बिगो कायम गर्नु न्यायोचित नदेखिने ।

तसर्थ प्रतिवादीमध्येका निगमका तत्कालीन कार्यकारी अध्यक्ष प्रतिवादी हरिभक्त श्रेष्ठ र सञ्चालक समितिका सदस्य प्र. तीर्थलाल श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६४।४।२८ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई प्र. हरिभक्त श्रेष्ठलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) (*सपठित भ्रष्टाचार निवारण ऐन, २०५९* को दफा ८) बमोजिम रू. ५०,००० (पचास हजार रूपैयाँ) जरिवाना र २ (दुई) वर्ष कैदका साथै निज प्र. हरिभक्त श्रेष्ठ नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था नेपाल वायुसेवा निगमका प्रमुख (कार्यकारी अध्यक्ष) रहँदाको अवस्थामा पदीय अख्तियारीको दुरूपयोग गरी भ्रष्टाचारको कसुर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. (*सपठित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४*) बमोजिम थप १ (एक) वर्ष कैदसमेत गरी कूल ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्छ । अर्का प्रतिवादी तीर्थलाल श्रेष्ठले मतियारको रूपमासम्म कार्य गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. (*सपठित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२*) बमोजिम मुख्य अभियुक्तलाई भएको सजायको आधा अर्थात् १ (एक) वर्ष कैद सजाय र रू.२५,००० (पच्चीस हजार रूपैयाँ) जरिवाना हुने । लाउडा एयरसँग सम्झौता गर्नुभन्दाअगाडि प्रतिवादी तारणी दत्त चटौतले विभागीय मन्त्रीका हैसियतले वार्ताद्वारा लाउडा एयरको विमान भाडामा ल्याउन आदेश वा निर्देशन दिएको मिसिलबाट देखिएको छैन । निगमले लिखित अनुरोध गरेपछि सम्पर्क मन्त्रालयको मन्त्रीको हैसियतले विदेशी विनिमयको स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने निर्णयसम्म गरेको देखिन्छ । प्रस्तावमा निगम र लाउडा एयरबीच भएको सम्झौता अनुमोदन गर्ने बेहोरा उल्लेख गरी लगेको स्थिति पनि देखिँदैन । केवल विदेशी मुद्रामा भुक्तानीका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लगेको विषयलाई नै मन्त्रीले बद्नियतपूर्वक सम्झौता गरे गराएको भन्नु उचित हुँदैन । विभागीय मन्त्रीका हैसियतले गर्नुपर्ने नियन्त्रण, निगरानी प्रभावकारी रूपमा गर्न नसकेको प्रशासनिक सुझबुझसम्बन्धी कमजोरीहरू मिसिलबाट नदेखिएका होइनन् । तर अन्यथा बद्नियतको अवस्था प्रमाणित नभएसम्म व्यवस्थापनसम्बन्धी कमजोरीको कुरालाई भ्रष्टाचारजन्य कार्य ठहर गर्नु मनासिब हुँदैन । मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने भनी निर्णय गरेको कुरालाई नै भ्रष्टाचारको प्रमाण मानेर कसुरदार ठहर गर्नु न्यायोचित देखिँदैन । तसर्थ अभियोग दाबीबाट निजले सफाइ पाउने ठहर गरेको विशेष अदालतको फैसला मिलेकै देखिने ।

प्रतिवादी सिद्धराज जोशीले सम्झौताका केही पक्षमा प्रश्न उठाएको र प्रतिवादीमध्येका सञ्चालक समितिका अध्यक्ष हरिभक्त श्रेष्ठले ती विषयहरूमा

लाउडा एयरसँग थप वार्ताको माध्यमबाट सच्चाउने भनी आस्वस्थ पारेको भन्ने पनि मिसिलबाट देखिन आएको छ । निजले प्रत्यक्ष भूमिकामा रही बद्नियत राखी सम्झौता अनुमोदन गरेको भनी मान्न सकिने सम्मको अवस्था मिसिल प्रमाणबाट देखिएन । निजले लाउडा एयरसँगको सम्झौता अनुमोदन गर्दा निगमको सञ्चालक सदस्यका हैसियतले प्रयोग गर्नुपर्ने वुद्धिमत्ता (Wisdom) को प्रयोग उचित तवरबाट नगरेको भन्ने अवश्य देखिएको छ । तर बद्नियत नै चिताएर निगमलाई नोक्सानी पार्ने कार्य गरेको मान्न सकिनेसम्मको अवस्था देखिएन । यस अवस्थामा भ्रष्टाचारको कसुरदार ठहर गर्न उपयुक्त नहुने हुँदा निज सिद्धराज जोशीले अभियोग दाबीबाट सफाई पाउने ठहर गरेको विशेष अदालतको फैसला मनासिब नै देखिने ।

प्रतिवादीहरू उपेन्द्रप्रसाद उपाध्याय, रामराज उपाध्याय र पुष्करप्रसाद वाग्ले तिनै जना प्रतिवादीहरू नेपाल वायु सेवा निगमका कर्मचारीहरू हुन् भन्ने देखिन्छ । निजहरूले कार्यकारी अध्यक्ष प्रतिवादी हरिभक्त श्रेष्ठको आदेश र निर्देशनमा आ-आफ्नो जिम्मेवारीअनुसारको नियमित कार्य गरेको देखिन्छ । लाउडा जहाज भाडामा ल्याउने क्रममा निजहरू कसैको पनि सक्रिय भूमिका रहेको देखिँदैन । सञ्चालक समितिले गरेका निर्णय र दिएका निर्देशन कार्यान्वयन गर्ने निजहरूको कर्तव्य रहेको देखिन्छ । जहाज भाडामा ल्याउन बद्नियत चिताई कार्य गरेको प्रमाणित हुने कुनै विश्वासनीय प्रमाण प्रस्तुत हुन आएको पाइएन । केवल शङ्काको भरमा निजहरूलाई कसुरदार ठहर गर्नु उचित हुँदैन । निजहरूउपरको अभियोग दाबी प्रमाणित हुने भरपर्दो प्रमाणको अभाव देखिँदा निजहरूले अभियोग दाबीबाट सफाई पाउने गरी विशेष अदालतबाट भएको फैसला मनासिब नै देखिने ।

प्रतिवादीहरू Andrea Molineri तथा Otmar Lenz ले आफ्नो संस्थाको हितमा काम गरेको, सम्झौतामा सहभागिता जनाएको भएपनि अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी बद्नियत चिताई निगमलाई हानि नोक्सानी नै पुऱ्याउने नियतले काम गरेको देखिने भरपर्दो प्रमाणको अभाव देखियो । निजहरूका तर्फबाट कुनै प्रकारको प्रतिवाद गरिएको अवस्थासमेत मिसिलबाट देखिएन । सुनुवाइको अवसर (अभियोगको जनाउ) निजहरूलाई दिइएको वा उनीहरूले त्यस्तो अवसर प्राप्त गरेका थिए भनी विश्वस्त हुने अवस्था पनि देखिएन । उल्लिखित प्रतिवादीहरू संलग्न वा आवद्ध कम्पनीसँग सम्झौता गरिएको भन्ने आधारमा शङ्का गरी दोषी ठहर गर्नु न्यायोचित हुँदैन । तसर्थ निजहरूले अभियोग दाबीबाट सफाई पाउने ठहर गरेको विशेष अदालतको फैसलासमेत मनासिब नै देखिन आउने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादीहरूमध्येका तारणीदत्त चटौत, सिद्धराज जोशी, रामराज उपाध्याय, उपेन्द्रप्रसाद उपाध्याय, पुष्करप्रसाद वाग्ले, Andrea Molineri तथा Otmar Lenzले जानीजानी निगमलाई हानि नोक्सानी पुऱ्याउने नियत राखेर कार्य गरेको तथ्य पुष्टि हुन आएको नदेखिएकाले निजहरूलाई अभियोग दाबीबाट सफाई दिने ठहर गरेको हदसम्म विशेष अदालत, काठमाडौंको मिति २०६४।४।२८ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । निजहरू ७ जनालाई सफाई दिएको हदसम्म माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरेको रायसँग मेरो सहमति छ । प्रतिवादीमध्येका गौरीनाथ शर्माको मिति २०६८।८।२८ मा देहावसान भइसकेको कुरा मिसिलबाट देखिन आएको र निजबाट कुनै बिगो असुल गर्नुपर्ने अवस्थासमेत नदेखिएको हुँदा मुलुकी ऐन, अ.बं. १७६ नं. बमोजिम निजलाई खत-बात नलाग्ने हुँदा निजका सम्बन्धमा थप विचार गरिरहन नपर्ने ।

माथि उल्लेख गरिएबमोजिम प्रतिवादीहरू हरिभक्त श्रेष्ठ र तीर्थलाल श्रेष्ठले कसुर गरेको प्रमाणित भएको हुँदा निजहरू दोषी भएकोले निजहरूलाई माथि उल्लेख गरिएबमोजिम सजाय हुन्छ भन्ने मेरो राय रहेको छ । निज प्रतिवादीहरू हरिभक्त श्रेष्ठ र

तीर्थलाल श्रेष्ठलाई सफाई दिने गरी भएको सुरू विशेष अदालतको फैसला सदर हुने ठहर गरेको हदसम्म सहयोगी माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरेको रायसँग मेरो सहमति छैन । तसर्थ मतैक्य कायम हुन नसकेकोले प्रतिवादी हरिभक्त श्रेष्ठ र प्रतिवादी तीर्थलाल श्रेष्ठका हकमा सुनुवाइका लागि सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण ईजलाससमक्ष पेस गर्ने ।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल वैशाख ६ गते रोज ४ शुभम् ।

## एकल इजलास

**स.प्र.न्या.श्री गोपाल पराजुली,** ०७४-WO-००१५, उत्प्रेषण / परमादेश, *श्यामवती यादवसमेत वि. राधादेवी यादवसमेत*

निवेदक वादी भई सिराहा जिल्ला अदालतमा दायर गरेको उक्त अंश मुद्दाको फिराद हेर्दा मिति २०४८।११।२१ को र.नं. ५४८२ को अंशबन्डाको लिखतलाई बदर घोषित गरी अंशबन्डाको २०, २१, २२ र २३ नं. बमोजिम अंशको तायदाती माग गरी अंशबन्डा गरिपाउँ भनी माग गरेको देखिएको र प्रतिवादीहरूले आफू सोही लिखतबमोजिम छुट्टी भिन्न भएको भन्ने जनिएपछि सो विवादित लिखतलाई मान्यता दिई प्रतिवादी भदर यादवबाट मात्र अंशको दायदाती माग गरेको कार्य प्रथमदृष्टिमा नै मिलेको नभई अ.बं. १८४क, १८५ समेतको कानूनी व्यवस्थाको त्रुटि भएको देखिने ।

जुन लिखतका उपर विवाद परेको छ सो लिखतको अदालतबाट परीक्षण भई सद्दे कायम नहुँदासम्म त्यस्तो लिखतले मान्यता पाउन नसक्ने भएकाले विवादित लिखतका आधारमा प्रतिवादीहरूलाई छुट्टिभिन्न भएको कायम गरी प्रतिवादीहरू राधादेवी यादव र रामनरेश यादवबाट तायदाती माग गर्न परेन भनी सुरू सिराहा जिल्ला अदालतबाट भएको आदेश कानूनसम्मत नदेखिँदा त्यस्तो आदेशले कानूनी मान्यता पाउने भन्ने नदेखिने ।

अंश मुद्दामा प्रतिवादी भदर यादवबाहेक अन्य प्रतिवादीबाट समेत अंशको तायदाती माग गरी फैसला गर्नुपर्ने अवस्थामा सो नगरेको आदेशले मान्यता नपाउनुका साथै अंशको तायदाती दिनु पर्ने दायित्व सबै प्रतिवादीमा रहेको र मुद्दाको रोहमा अब विपक्षी सिराहा जिल्ला अदालतले सोहीबमोजिम अनिवार्य कानूनको पालना गर्नुपर्ने देखिँदा विपक्षीबाट लिखित जवाफ माग गरिरहन परेन । प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल साउन ८ गते रोज १ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति